
**नीति अनुसन्धान प्रतिष्ठान, नेपाल**
पोस्ट बक्स नं.: १०२१७ सिनामङ्गलः-०९, काठमाण्डौ, नेपाल
फोन/फ्याक्स नं.:- ९७७-१-४११०९२४

# संविधानमा धर्म



# संविधानमा धर्म

२३ पौष, २०७१ बुधवार

विषय प्रस्तोता : श्रीकृष्ण अनिरुद्ध गौतम

सम्पादक : डा.प्रेमराज न्यौपाने

आयोजक : नेपाल भारत सहयोग मञ्च, काठमाण्डौ, नेपाल

| | | |
|---|---|---|
| पुस्तक | : | संविधानमा धर्म |
| प्रकाशक | : | नीति अनुसन्धान प्रतिष्ठान, नेपाल<br>सिनामङ्गल–०९, काठमाण्डौ । |
| सम्पर्क | : | +९७७–१–४११०९२४ |
| सर्वाधिकार | : | प्रकाशकमा |
| सम्पादक | : | डा.प्रेमराज न्यौपाने, |
| सस्करण | : | प्रथम (२०७३, मंसीर ) |
| टङ्कण | : | सन्तोष आचार्य, बसुन्धरा लुईंटेल |
| लेआउट | : | सुनिल श्रेष्ठ (९८४१३७०५९९) |
| मुद्रण | : | नेपाल प्रिन्टिङ्ग सपोर्ट, अनामनगर, काठमाण्डौं ।<br>(४२६५८२१) |

# प्रकाशकीय

हामी आज नयाँ युगमा प्रवेश गरेका छौं। नेपालमा संविधानसभाबाट नयाँ संविधान जारी भएको छ। नेपाली जनताको ६५ बर्षदेखिको संविधानसभाबाट संविधान बनाउने सपना पुरा भएको छ। यद्यपि विभिन्न असन्तुष्टीहरू भएका भएतापनि ठूलो कुरा आफैंले चुनेका प्रतिनिधिबाट संविधान पाउनु हो। विभिन्न असन्तुष्टीलाई सम्बोधन गरी सबैको अपनत्व हुने खालको संविधान निमार्ण गर्नु मुख्य राजनीतिक दल र राज्यको दायित्व हो।

धर्म शव्द संस्कृतको :'धृञ्' धारण धातुबाट व्युत्तपति भएको हो। जसको अर्थ धारण गर्नु भन्ने हुन्छ। वास्तवमा धर्म भन्नाले मानवीय जीवनलाई मार्ग दर्शन र नियन्त्रण गर्ने कला हो भन्ने जनाउँछ। धर्मलाई अंग्रेजीमा Religion भनिन्छ। जसको अर्थ Re भनेको पुनः र Ligion भनेको मिलन भन्ने जनाउँछ। अर्थात् Religion भन्नाले समुच्च अर्थमा पुर्नमिलन भन्ने बुझाउँछ। वास्तवमा धर्म भन्नाले व्यक्तिको सामाजिक तथा सांस्कृतिक आचरण र व्यवहार लाई बुझिन्छ। धर्म नागरिकहरूको असल आचरण, सदाचार, सत् नियम र पुण्य कर्म लगायतका धार्मिक कृयाकलापको समष्टि हो। साधारण अर्थमा धर्म भनेको व्यवहारिक कानून हो। धर्म जीवनको एक सुमार्ग हो। धर्मको मुख्य तात्पर्य मानव हित कार्य गर्नु हो। मानिसलाई नैतिक बाटोमा हिंड्न उत्प्रेरित गराउने नियम पनि हो। धर्म भनेको त्रुटिरहित रूपमा नियमित ढङ्गले काम गर्ने पद्धति भएकाले धर्म व्यक्ति व्यक्तिको मात्र नभएर राज्यको पनि सम्पति हो भन्न सकिन्छ।

हरेक नेपालीले आफूले मानी आएका धर्महरू निर्वाध रूपले मान्न पाउने मौलिक हक नै स्वतन्त्रता हो। नेपाली कांग्रेस पार्टीको झण्डामा रहेका चार तारा मध्ये एक तारा धार्मिक स्वतन्त्रताको प्रतिक हो। तर नेपाली कांग्रेस धर्मनिरपेक्षताको हो हल्लाको पछाडि दौडेको छ। नेपाली कांग्रेसको त्यो विरासत युरोपियन युरो र अमेरिकन डलरसंग साटिन पुगेको छ। आफ्ना पाश्टर र पादरीहरू मार्फत नेपालमा क्रिश्चियन धर्म फैलाउने रणनीति अपनाएका बेलायतीहरूले वि.सं. १९०३ मा घटाएका कोत पर्व र भण्डारखाल पर्वका (बस्न्यात पर्व) खलनायक जङ्ग बहादुर राणालाई नेपालको शासन सत्तामा पुर्याउन सहयोग गरेका थिए। जङ्ग बहादुर राणाले बेलायतीहरूको चाहना बमोजिम क्रिश्चियानिटी धर्म नेपालमा फूल्न र फल्नमा मद्धत गर्न सकेनन्। तर लोकतान्त्रिक गणतन्त्रका मसिहा ठान्नेहरू तथा कथित नेपालका उग्र वामपन्थि तथा नरम वामपन्थि दलहरूले युरोपियन क्रिश्चियानिटीहरूको सपना साकार बनाई दिएका छन् भने नेपाली कांग्रेसले त्यसमा मलजल गरेको छ।

सर्वप्रथम निरपेक्षता भनेको के हो भन्ने जान्न र बुझ्न आवश्यक छ। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित नेपाली शव्दकोष अनुसार 'निर्' उपसर्ग, शव्द वा धातुका अगाडी जोडिएर आउने गर्दछ। शव्द तथा धातुहरूमा 'निर्' उपसर्ग लागेपछि यसले विभिन्न अर्थ बुझाउँदछ। शव्द वा धातुमा 'निर्' उपसर्ग लागे पछि शव्द अजन्त वर्ण वा घोष व्यञ्जनभन्दा पूर्व रहंदाको रूपमा देखाउँछ। जस्तै निर्अपेक्षा निरपेक्ष भन्ने जनाउँदछ। जसको अर्थ कुनै अपेक्षा नभएको, कुनै कुराको वास्ता नगर्ने, कुनै कुराको चासो नराख्ने, मतलव नभएको, उपेक्षा गरिएको, असम्बन्धित वा सम्बन्धै नभएको भन्ने जनाउँछ। धर्मनिरपेक्ष भन्नाले एउटा धर्मलाई मात्र खास मान्यता नदिएर सबै धर्मलाई समानता ठान्ने, धर्मको मामिलामा कुनै किसिमको हस्तक्षेप नगर्ने र कुनै धर्मको आड नलिने भन्ने बुझाउँछ भन्ने गरिन्छ। तर वास्तवमा धर्मनिरपेक्षताको अर्थ धर्मप्रति वास्ता नभएको नास्तिक भन्ने जनाउँछ। व्यक्तिले मात्र धर्म मान्ने भएकाले वास्तविक संसारमा राज्य वा समाजको कुनै धर्म हुँदैन भन्नेहरूको पनि यस संसारमा कमी देखिंदैन। तर वास्तवमा सर्व धर्मावलम्बीहरू सुखदुःख र स्वर्ग नर्कमा विश्वास गर्दछन्। कोही भन्छन यी सबै धर्म केही होइनन्। यस संसारमा ईश्वर दर्शनीय पनि छैनन्। ईश्वर छन् वा छैनन् आज सम्म कसैले देखेका पनि छैनन् र अब देख्नेहरू पनि नहोलान् भन्न सकिन्छ। यसैले ईश्वरको पूजा वाहियात हो भन्नेहरूको पनि संख्या ठूलै देखिन्छ। तथापि धर्मसापेक्षता भन्नाले भगवत प्राप्ति तथा स्वर्ग प्राप्तिका लागि गरिने सत्कर्म तथा व्यवहरित आचरण एवं नियमलाई नै जनाउँछ। नेपालको राजनीतिक परिदृष्यमा, नेपालको जनआन्दोलन २०६२/६३ ले माग नै नगरेको विषय हो धर्मनिरपेक्षता। नेपालको राजनीतिक शव्दकोषमा सृजित धर्मनिरपेक्षको अर्थ सनातन हिन्दु राष्ट्रमा धावा बोल्नु हो। जसको फलस्वरूप अन्तरिम संविधान २०६३ मा नेपाल धर्मनिरपेक्ष राष्ट्र हुनेछ भन्ने शव्द कुनियतवश हठातमा आएको शव्द हो धर्मनिरपेक्षता। धर्म मान्न नचाहने नास्तिक वादहरूको अस्त्र हो धर्मनिरपेक्षता। धर्मनिरपेक्षताका नाउँमा अधर्मीहरूद्वारा विदेशी धर्म फैलाउने प्रपञ्च हो निरपेक्षता। कुनै धर्मलम्बीहरूलाई खुला धर्म प्रचार गरेर नेपाली दरिद्रताको उपहास गर्दै सनातन हिन्दु धर्म मास्न चाहने अधर्मीहरूको धर्मपात्र मात्र हो धर्मनिरपेक्षता। अमेरिकी र युरोपियन क्रिष्चियानिटीको डलर र युरोको हण्डी खाएकाहरूले तिरेको ऋणको व्याज हो धर्मनिरपेक्षता। एफ १६, एस.एल.आर. लगायतका बन्दुक मुफतमा प्राप्त गर्दाको हर्जना व्याज हो धर्मनिरपेक्षता। फ्रान्स, रूस, चीन हुँदै नेपाल भित्रिएको साम्यवादी देशान तथा महमारी सरूवा रोग हो धर्मनिरपेक्षता। सिंचित खेतमा ढ्वाङग पारेर खेत सुक्खा बनाउने गंगटा प्रवृति हो धर्मनिरपेक्षता। साना देशमाथि ठूला देशहरूले सोझै कव्जा नगरेर तिनको सम्पति श्रोत माथि कब्जा जमाई

परोक्ष या अपरोक्ष तवरले आर्थिक शोषण गरेर आफ्नो हैकम जमाउने राजनीतिक प्रकृया बनेको छ धर्मनिरपेक्षता। निजी लाभलाई प्रधानता दिने विदेशी प्रभुलाई ब्रह्मा, विष्णु, महेश्वर सम्झने अनि स्वदेशलाई नरक सम्झने र विदेशलाई स्वर्ग सम्झनेहरूले आची माथि राज गर्ने गोब्रे किरा प्रवृति हो धर्मनिरपेक्षता।

कुनै धर्मले अन्य कुनै धर्म माथि कुनै प्रकारको प्रहार गर्दैनन् र गर्न पनि हुँदैन। यदि कुनै धर्मले अर्को कुनै धर्म र धर्मालम्बीलाई उसको स्वधर्मबाट आफ्नो धर्म तर्फ तानेर धर्मपरिवर्तन गराउँने प्रयत्न गर्दछन् भने त्यो नै महापाप/महान दुर्भाग्य हो। नेपालको प्रस्तुत संविधानको मस्यौदाको प्रस्तावनामा बहुधार्मिक भन्ने तर सोही मस्यौदा संविधानको धारा ३ मा धर्मनिरपेक्षता उल्लेख गरेर बहुधर्मको उपहास गर्ने तथा कथित राजनीतिक पार्टीहरूले राष्ट्रघात गरेको हो भनेर किन नभन्ने ? राजनीतिक पार्टीहरूकै अकमर्ण्यताले सम्पूर्ण धर्मलम्बीहरूले आफ्नो स्वधर्म मान्न पाउने स्वतन्त्रता माथि हनन गरेको महशुस गरेका छन्। शिष्टाचार छोडेर भ्रष्टाचार र हण्डी खानमै रमाउने राजनीतिक पार्टीका नेताहरूकै कारण नेपालका ९५ प्रतिशत भन्दा वढी ॐकार परिवारका जनता माथि अन्याय भएको छ।

अन्त्यमा हिन्दु र बौद्ध धर्मको मूलघर नेपाल हो। सनातन हिन्दु धर्मका प्रणेता तथा सर्वधर्मका प्रथम गुरू महर्षि श्रीकृष्ण द्वैपायन वेदव्यास र बौद्धधर्मका प्रणेता सिद्धार्थ गौतम दुबै जनाको जन्म भूमि नेपाल हो। माता सीता र भृकुटीको जन्म स्थल र भगवान शिव र पार्वतीको जन्म तथा कर्म घर पनि नेपाल हो। मानसरोवर देखि देवघाट हुँदै त्रिवेणी सम्मको तीर्थै तीर्थहरूको स्थल, देवतै देवताहरूको बसोबास रहेको स्थान नेपाल कदापि धर्मनिरपेक्ष बन्न सक्दैन। प्राकृतिक रूपमा सुन्दर र सनातन हिन्दु र बौद्धधर्मको जननी नेपाल, धार्मिक पर्यटकहरूको एक सुन्दर गन्तव्यस्थल पनि हो। विश्वका एक तिहाइ ॐकार परिवारका सदस्यहरू नेपाल आएमा मात्र पनि नेपालको पर्यटन व्यवसाय मौलाउने कुरा निर्विवाद छ। आज, राज्यको प्रमुख आय श्रोत नै पर्यटन व्यवसाय बन्दै गईरहेको बेलामा विश्वको एक मात्र स्वतन्त्र हिन्दु राष्ट्रको पहिचान मेटाउँदा नेपाल र नेपालीमा अवश्यमेव ठेस पुगेको छ। हिन्दु तथा बौद्धहरूको पावन भूमि नेपाललाई सनातन हिन्दु राष्ट्र बनाउने प्रण गरौं। हैन सकिदैन भनेपनि संविधानमा धर्मको विषयमा मौन बसौं वा यो विवादित विषयलाई संसद भवनबाट बहस गरेर या ताली पड्काएर होईन कि जनताको सामु लगेर जननिर्वाचन बाट टुङ्गो लगाऔ ! यसैले सबैले एकै स्वरले नारा लगाऔं। नेपालको संविधान २०७२ बाट धर्मनिरपेक्ष शव्द हटाऔं सनातन हिन्दुर ाष्ट्र नेपाल बनाऔं। अस्तु।

# वक्ताहरू

| | | | |
|---|---|---|---|
| १ | दीपक कुमार अधिकारी | : | राष्ट्रिय संगठन सचिव- प्राज्ञिक विद्यार्थी परिषद, नेपाल वर्तामानमा प्रबन्ध निर्देशक नीति अनुसन्धान प्रतिष्ठान, नेपाल |
| २. | श्रीकृष्ण अनिरुद्ध गौतम | : | वरिष्ठ पत्रकार, स्तम्भकार तथा राजनीतिक विश्लेषक |
| ३. | जितेन्द्र नारायण देव | : | महासचिव-मधेशी जनाधिकार फोरम लोकतान्त्रिक |
| ४. | दीप कुमार उपाध्याय | : | केन्द्रीय सदस्य- नेपाली कांग्रेस- वर्तमानमा भारतका लागि नेपालका राजदूत, दिल्ली । |
| ५. | शरत सिंह भण्डारी | : | अध्यक्ष- राष्ट्रिय समाजवादी पार्टी, माननीय पूर्व रक्षा मन्त्री |
| ६. | अनिल कुमार झा | : | अध्यक्ष- नेपाल सद्भावना पार्टी, माननीय पूर्व उद्योग मन्त्री |
| ७. | राम कुमार ओझा | : | अध्यक्ष- नेपाली जनता दल |
| ८. | प्रा.डा.रमेश ढुङ्गेल | : | फाउण्डर, लुम्बिनी कलेज अफ वुद्धिज्म |
| ९. | नर बहादुर कँडेल | : | पूर्व उपरथी- नेपाली सेना |
| १०. | रवि राज थापा | : | पूर्व सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक |
| ११. | देवेश कुमार झा | : | तराई मधेश राष्ट्रिय अभियानका सदस्य |
| १२. | देवी राम शर्मा | : | पूर्व महानिर्देशक-राष्ट्रिय अनुसन्धान विभाग |



## दीपक कुमार अधिकारी

"संविधानमा धर्म विषयक कार्यक्रममा म दीपककुमार अधिकारी यहाँ उपस्थित सम्पूर्ण अतिथिज्यूहरूलाई स्वागत गर्दछु। साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरेर, यस कार्यक्रममा पाल्नु भएका सम्पूर्ण सहभागीहरूलाई अभिवादन गर्न चाहन्छु। स्वागत छ यहाँहरू सबैलाई। कार्यक्रमको शुरूवात गर्नुभन्दा पहिला म किन आज हामीले यस्तो विषयलाई लिएर कार्यक्रम गर्न लाग्यौं छोटकरीमा भन्न चाहन्छु। लामो समयको गृहकार्य पश्चात् यो कार्यक्रम आयोजना गरिएको हो। नेपाललाई एक्कासी 'धर्मनिरपेक्ष' राज्य भनेर घोषणा गरेपछि इशाई मिसनरीबाट हाम्रो स्वधर्म संस्कृति माथि नियोजित प्रहार प्रारम्भ भयो। देशमा सर्बैत्र चिन्ता गर्न थालियो, चिन्तित हुनु स्वाभाविक नै हो। समाजका विभिन्न क्षेत्रबाट विरोध भइरहेको छ। नेपालको साँस्कृतिक स्वत्व मास्ने नियतले घोषित यस प्रावधानका खिलाफमा उभिनु र सक्रियतापूर्वक विरोध गर्दै संविधानमा पर्न नदिनु हामी सबैको कर्तव्य हो। यो कार्यक्रम त्यसै श्रृङ्खलाको एउटा कडी हो। यसका अतिरिक्त संविधानका विवादित विषय तथा नेपाल भारत सम्बन्धका विविध आयामलाई समेट्दै हामीले भारतमा नेपाल भारत सहयोग मञ्चको ब्यानरमा एउटा कार्यक्रम आयोजना गरेका थियौं। त्यस कार्यक्रममा नेपालबाट धेरै प्राज्ञिक व्यक्तिहरूको सहभागिता रहेको थियो र भारतबाट पनि उल्लेख्य संख्यामा सामाजिक तथा राजनीतिक व्यक्तित्वको सहभागिता रहेको थियो।

त्यस सेमिनारमा भारतबाट भारतीय जनता पार्टीका राष्ट्रिय पदाधिकारीहरूको विशेष उपस्थिति रहेको थियो। उहाँहरू लगायत अन्य प्राज्ञिक समुदायका तथा अन्य दलका व्यक्तिहरूको पनि त्यहाँ उपस्थिति थियो। तुलनात्मक हिसाबले भाजपाकै उपस्थिति अरू दलका राजनीतिज्ञहरू भन्दा अलि बढी थियो। त्यस पछि पुनः हामीले नेपालमै **राजनीतिक ल्यान्डस्केपको** विषयमा एक दिनको गोष्ठी अमृतभोगमा जुलाई महिनाको ३० तारिखमा आयोजना गरेका थियौं। यसमा भाजपाका नेपाल सम्पर्क प्रमुख श्री अजित कुमारजी र अखिल भारतीय

विद्यार्थी परिषदका राष्ट्रिय संगठन मन्त्री सुनिल अम्बेकरजीको उपस्थिति रहेको थियो । यस्तै र यिनै विषयलाई लिएर हामीले पुनः २०१३ को अगस्ट महिनाको २४ तारिखका दिन होटल एभरेष्टमा श्री रविशंकर प्रसादजी, जो भारतमा पूर्व मन्त्री हुनुहुन्थ्यो तथा तत्कालिन राज्यसभाका डेपुटी लिडर हुनुन्थ्यो । (हाल उहाँ भारतका केन्द्रीय मन्त्री हुनुहुन्छ) उहाँ लगायत नेपालका प्रमुख राजनीतिज्ञहरूका उपस्थितिमा अर्को एउटा कार्यक्रमको पनि आयोजना गरेका थियौं । यतिमा मात्र सिमित नरही बीच-बीचमा हामीले यहाँ पनि परामर्श गर्दै जाँदा संविधानमा धर्म विषयमा एउटा चिन्तन गरौं भनेर संविधानसभा तथा नेपाल सरकारलाई पनि जनताको इच्छा र चाहना के रहेछ भनेर जानकारी गराउनका निम्ति आज हामीहरू यहाँ भेला भएका छौं । तसर्थ हजुरहरूलाई म पुनः स्वागत गर्दछु । हाम्रो भ्रमणका क्रममा अनेकौ अनुभवहरू आईरहन्छन् । हुन त राजनीति गर्ने व्यक्तित्वहरू भन्दा हामीहरूलाई बढी अनुभव छ भनेर मैले भन्न खोजेको होइन तर हाम्रो अनुभव छ, अहिले यस संविधानमा धर्मका बारेमा, समाजमा भिन्न भिन्न समूह, भिन्न भिन्न संगठनद्वारा आवाज उठाइरहेको कुरा बुझिरहेका छौं र यस विषयमा यहाँहरू सबैलाई पनि राम्ररी नै अवगत छ ।

२०६२/०६३ को जनआन्दोलन सफल भए लगत्तै पुनर्स्थापित संसदले जेठ ४ गते अकस्मात् धर्मनिरपेक्षता घोषणा गर्यो त्यतिखेर समय यस्तो थियो कि हिन्दुत्वको कुरा गर्दा राजावादी भन्ने आरोप लगाएर आन्दोलनलाई निरूत्साहित पार्ने एउटा सानो कम्पोनेन्ट सक्रिय थियो । धेरै जनासँग चर्चा परिचर्चा गर्दा उहाँहरूले धर्म भनेको त व्यक्तिगत आस्था हो, यसमा कसैले पनि हस्तक्षेप गर्न मिल्दैन भन्नुहुन्छ । धेरै जना विज्ञहरूलाई म बारम्बार प्रश्न गर्ने गर्दछु, त्यो के भने ८२ प्रतिशत जनता हिन्दु छन् भने पछि धर्म व्यक्तिगत आस्थाको विषय हो भने, लोकतन्त्रमा विश्वास गर्ने राजनीतिक दलहरूले यति ठूला निर्णय लिँदा हरेक व्यक्तिलाई सोध्नु पर्छ कि पर्दैन ? यदि कुनै पारिवारिक निर्णय लिनुपर्‍यो भने त परिवारका सबै सदस्यहरूको राय सुझाव लिइन्छ भने एक्लैले देशका जनतालाई प्रतिनीधित्व गर्न मिल्दैन । एक्लैले कसरी यति ठूलो निर्णय लिन सक्छ भन्ने कुराका बारेमा उहाँहरूले सोच्नु पर्दछ, विशाल समूहलाई हामीले पाखा लगायौं भने भोली यी समुदाय साँच्चै नै हामीसँग रिसाएको खण्डमा राष्ट्रको बनावटमा समेत अफठ्यारो पर्न सक्दछ भन्ने कुराको सोच आउनै पर्छ ।

उहाँहरूले जनहित विरोधी एउटा घोषणा त गरिसक्नु भएको छ र ८२ प्रतिशत जनताको भावनालाई कुल्चिएर राष्ट्रलाई एउटा संविधान दिने प्रयत्नमा हुनुहुन्छ । अब निकट भविष्यमा नै उहाँहरूले हामी बीचमा संविधान ल्याउँदै हुनुहुन्छ । यसकारणले एउटा यति ठूलो समूह बिच्किँदा राज्यमा के होला ? उहाँहरूलाई

यस विषयमा ध्यानाकर्षण गराउन चाहन्छु र ठूलो दिल राखेर **दीर्घकालिन सोच राखेर, भोली निम्तिन लागेको धार्मिक द्वन्द्वलाई समयमा नै सम्बोधन गरेर समस्याको समाधान गर्नका निम्ति हार्दिक अनुरोध गर्दछु ।**
यहाँ आएर म एउटा घटना को स्मरण गर्न चाहान्छु, धर्मनिरपेक्ष घोषणा भएको केही दिनपछि म कान्तिपुर पब्लिकेसनमा गएको थिए । त्यहाँका धेरै जना मित्रहरूले मलाई एउटा प्रश्न सोध्नु भएको थियो । धर्मनिरपेक्ष भएपछि अब के हुन्छ होला ? त्यति बेला मैले एउटा कुरा भनेको थिएँ कि धर्मनिरपेक्ष भइसकेपछि अब धर्मका नाममा राजनीति गर्ने धर्मको नाममा संगठन गर्ने एउटा शक्तिको उदय हुनेछ र त्यस्तै हुन गईरहेको धेरैं लक्षणहरू देखिन थालेको छन् । **सृष्टिमा जे जति छ त्यो सबै धर्मसापेक्ष हुन्छ ।** मेरो व्यक्तिगत धर्म भनेको मैले हजुरहरूलाई सम्मान गर्नुपर्ने, आफूभन्दा ठूलालाई सम्मान गर्नुपर्ने हो र यो मेरो व्यक्तिगत धर्म भित्र पर्दछ । त्यसकारण कोही पनि निरपेक्ष हुन सक्दैन । निश्चय नै राज्यको चरित्र भने कुनै कसैलाई काखी च्याप्ने र कसैलाई पाखा लगाउने खालको हुनु हुँदैन । तर लोकतन्त्रमा विश्वास राख्नेले पब्लिक कन्सेन्सस्को कुरो आयो भने त्यसलाई सम्बोधन गर्नैपर्छ । त्यो दीर्घकालिन हुन्छ ।
यसै क्रममा म अर्को एउटा उदाहरण पनि जोड्न चाहन्छु कि भारतको मूल संविधानको यदि हामीले पाना पल्टाएर हेर्ने हो भने त्यहाँ भगवान् श्रीरामको चित्र छ। अब आफैं सोच्नुस् भारत हुन त पंथनिरपेक्ष राष्ट्र हो तर पनि उसको संविधानको दोश्रो पानामा बलरामजीको चित्र छ। अब आफैं सोचौं यस पछाडिको धारणा के हो भन्ने। भगवान् श्रीराम हाम्रा आदर्श पुरूष हुन् त्यसकारण यो आदर्शलाई हामीहरूले मान्नु पर्दछ। दोस्रो बलरामजीले हलो बोक्नु भएको छ, भारत कृषि प्रधान देश हो, यहाँ कृषिलाई महत्व दिनु पर्दछ र यो त्यसैको प्रतीक हो । भारत एउटा त्यति ठूलो पंथनिरपेक्ष देश भएपनि आज पनि भारतको संविधानमा यी दुईवटा चित्र भेटिन्छन् । यति ठूलो पंथनिरपेक्ष देशमा समेत हिन्दुहरूको भावनालाई समेटेर संविधानमा स्थान दिइएको छ तर हाम्रो आजको परिस्थितिलाई हेर्दा कुनै सानो धर्म विशेषको समुदायलाई काखी च्यापेर यति ठूलो समुदायलाई पाखा लगाउन खोजिएको पो हो कि भन्ने कुरा देखिन्छ । त्यसैकारण यहाँहरू जस्ता प्राज्ञ राजनीति गर्ने व्यक्तिहरूले जनताको भावनालाई ध्यानमा राखेर कसरी यसको संविधानमा व्यवस्था गर्न सकिन्छ त्यो विषयमा सोच्नु पर्‍यो । डेढ प्रतिशत इशाई र ४.४ प्रतिशत मुसलमानलाई खुशी पार्नको लागि ८२ प्रतिशत हिन्दुलाई पाखा नलगाईकन उनीहरूलाई कसरी अबको संविधानमा संबोधन गर्ने भन्ने विषयमा अब हामीले सोच्न एकदम नै जरूरी भैइसकेको छ। यही नै यस कार्यक्रमको प्रयोजन हो । यसमा अलिक

व्यापक चर्चा पहिले यहाँ श्रीकृष्ण अनिरुद्धजीले गर्नु हुनेछ र त्यस पछाडि आदरणीय आमन्त्रित अतिथिहरूले आ-आफ्ना विचार राख्नु हुनेछ।

हामीसँग आज यहाँ समाजका विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वका साथै राजनीतिक व्यक्तित्व उपस्थित हुनुहुन्छ। यहाँ श्रीमान् दीपकुमार उपाध्यायजी र जितेन्द्र नारायणदेवजी पनि उपस्थित हुनुहुन्छ। अन्य अथितिज्यूहरू पनि आउँदै हुनहुन्छ। नेपाली कांग्रेसका केही सहभागी त्यसपछि आउनुहुनेछ। श्रीमान् नरहरि आचार्यज्यू समयमा उपस्थित हुन सक्नुभएको छैन सायद बाटोमा आउदै हुनुहुन्छ होला र म अहिले यति नै विषय राखेर विषय प्रस्तुतिका लागि श्रीकृष्ण अनिरूद्ध गौतमज्यूलाई अनुरोध गर्दछु।

साथै एउटा सानो परिचयलाई यहाँ जोड्न चाहन्छु। श्रीमान् गोपाल शर्माज्यू आज हामी बीचमा हुनुहुन्छ। उहाँ पटनाबाट आउनु भएको छ। श्री गो पालजी अखिल भारतीय विद्यार्थी परिषदको क्षेत्रीय संगठन मन्त्री हनुहुन्छ। साथै समय समयमा नेपाल आइरहनुहुन्छ। त्यसैगरी श्रीमान् वेद प्रकाशजी, उहाँ हिन्दु स्वयंसेवक सङ्घका राष्ट्रिय प्रचारक हुनुहुन्छ। हामी बीचमा रेवितजी पनि हुनुहुन्छ। उहाँ स्वयंसेवक संघको सह-राष्ट्रिय प्रचारक हुनुहुन्छ। श्रीमती नलिनी ज्ञवालीज्यू, उहाँ फेन्डस अफ विजेपी, नेपालको संयोजक हुनुहुन्छ। मैले समयको मर्यादालाई ध्यानमा राखेर अरूको नाम यहाँ उल्लेख गरिन त्यसको लागि म क्षमा चाहन्छु। धन्यवाद।



## श्रीकृष्ण अनिरुद्ध गौतम

सर्वप्रथम मलाई यस गहन विषयमा प्रस्तुतिको अवसर दिनु भएकोमा हार्दिक आभार व्यक्त गर्दछु । म राज्यको शासकीय स्वरूप लगायतका राज्यका संस्थाहरू बारे अध्येताका रूपमा प्रस्तोता र सहभागी भइआएको यहाँहरूलाई विदितै छ । आजको विषय राज्यका संस्थाहरूभन्दा गम्भीर विषय हो । यहाँ हामी राज्यको चरित्र, यसको मूलतत्व सम्बन्धमा, संविधानमा धर्मको के स्थान हुने भन्ने विषयमा विमर्श गर्न गइरहेका छौं । म विशेष गरेर संघीयताका प्रकारका बारेमा अध्ययन गरिआएको व्यक्ति हुँ । यतिखेर यिनै विषयहरू विवादित छन् । यिनै विवादित विषयहरूमा केन्द्रित रहेर लामो समय देखि यसैमा विवाद हुन्छ भन्ने लागेर नै सुरूदेखि नै म यिनै विषयहरूमा अध्ययनरत रहेको थिएँ, अझै छु । त्यसमा भने आज म यहाँ राज्यसँगै राष्ट्रको चरित्र, यसको पहिचान अर्थात् संविधानमा धर्मबारे विमर्श गर्न उपस्थित छु । २०६३ साल जेठ ४ गते सभामुखका मुखारबिन्दबाट प्रस्तुत भएको एउटा सूचनाले देशवासीसँगै म पनि स्तब्ध भएको थिएँ । उहाँले प्रतिनीधिसभाको घोषणा वाचन गर्दै भन्नु भएको थियो, नेपाल धर्मनिरपेक्ष भयो । सम्पूर्ण देशवासीसँग मेरा मनमा पनि प्रश्न उठ्यो, कसको अनुमतिले भयो ? त्यतिखेरै अढाइ करोड नेपालीहरूको मनमा प्रश्न उठ्यो । जनआन्दोलन लोकतन्त्रका लागि भएको हो । तर धर्मनिरपेक्षको नारा त म स्वयं आन्दोलनमा उपस्थित रहँदा समेत मैले कहीं कतैबाट उठेको सुनेको थिइनँ । अब यो कतै कसैको कोठामा खासखुस रूपमा उठेको थियो भने मलाइ थाहा छैन । तर जनसमूहमा उठेको होइन । जनसमूह उर्लेको थियो, लोकतन्त्र स्थापनाको लागि । अचानक सभामुखको मुखबाट त्यस्तो वाणी कसरी प्रस्फुटित भयो, म छक्क परें । म धर्म निरपेक्षतावादी, सापेक्षतावादी त्यस्तो कुनै कुरामा विश्वास गर्दिन । तर देशको मनस्थिति र देशको अवस्थितिलाई नहेरी नबुझी एकाएक राजनीतिक रूपमा यस्तो संवेदनशील विषयमा निर्णय गर्न मिल्दै मिल्दैन । खासखुस राजनीतिक निर्णय गरियो भने त्यसको विपक्षमा फेरि

जनमत संगठित हुने सम्भावना रहन्छ । यसै मेसोमा संविधानमा धर्म प्रस्तुति विमर्शका लागि प्रस्तुत गरिएको एउटा प्रस्ताव हो । प्रस्तुति पछि हामी यसमा विशेष छलफल गर्ने नै छौं । यसले हामीलाई एउटा निर्णायक बिन्दुमा पुग्न सहयोग पुग्ने मैले आशा गरेको छु । अहिले हामी सतहमा देखिएको अवस्थामाथि चर्चा गरौं ।

संविधान अझै निश्चित र अनिश्चितको दोसाँधमा छ । संविधान माघ ८ मा आउँछ/आउँदैन भन्ने कुरा आज निश्चित भइसकेको छैन । समाचारलाई नै पत्याउने हो भने आज सुन्दा निश्चित भयो कि झैं लाग्छ तर अर्को दिन सुन्दा बन्नै सक्दैन जस्तो पनि लाग्छ । यही निश्चित र अनिश्चित कै बीचमा आज हामी संविधानमा धर्मका विषयमा छलफल गर्न उपस्थित भएका छौं । यो एउटा बहुप्रचारित र विवादित विषयहरू मध्ये एक हो । संघीयताको प्रकार र नक्सा शासकीय स्वरूप निर्वाचन प्रणाली र न्यायपालिकाको प्रबन्धनमा सहमतिको खोजी आज पनि यथावत् नै छ । नेपालका प्रख्यात राजनीतिक दलहरू आज पनि गम्भीर छैनन् । शीर्ष नेताहरू आआफ्नै अडानमा छन् । तेस्रो, चौथो तहका नेताहरू असन्तोष व्यक्त गरिरहेका छन् । यसरी समग्र परिदृश्यमाथि मनन गर्दा माघ ८ मा संविधान जारी हुने कुरा लगभग क्षीण हुँदै गइरहेको प्रस्ट हुन्छ । यी त सतहमा देखिएका विवादहरू भए तर भित्रभित्रै अन्य थप विषयहरूले पनि आकार लिंदैं गइरहेकै छन् । जसले जनताको भावनालाई प्रभाव पार्ने सम्भावना प्रबल छ ।

संविधानमा धर्मको प्रावधानलाई लिएर धर्मको बारेमा कस्तो खालको व्यवस्था गरिन्छ भन्ने जिज्ञासा सर्बैत्र छ । एक थरिले आफ्नो ढंगले आफूखुशी हिसावले के भनिरहेका छन् भने यो देश धर्मनिरपेक्ष भइसक्यो । गणतन्त्र भइसकेपछि, लोकतन्त्र भइसकेपछि झन् संघीयता पनि आउने भइसकेपछि स्वतः धर्मनिरपेक्ष भइसक्यो । संघीयता हुँदैमा कुनै देश धर्मनिरपेक्ष हुन्छ भन्ने कुरा मनगढन्ते कुरा हो । त्यस्तो कुनै शास्त्रमा लखिएको छैन । खोई मैले यस्तो कुरा आजसम्म कतै भेटेको छैन । निश्चय नै गणतन्त्र, लोकतन्त्र, संघीयता यी तीनवटा कुरा नेपालको संविधानका मूल तत्व हुन्, हुनुपर्छ । यी सँग जोडिएर धर्मनिरपेक्षता स्वतः हुन्छ भन्नु सरासर ढाँट कुरा हो । फेरि भन्छु यस्तो कुरा कुनै शास्त्रमा लेखिएको छैन । कुनै चिन्तकले भनेको छैन । यहाँ धेरै जना विद्वानहरू उपस्थित हुनुहुन्छ, यदि तपाईहरू कसैको जानकारीमा यस्तो कुरा छ भने कृपया बताइदिनु हुन्थ्यो कि ? यो कुरा सायद मेरो अध्ययनमा नहुन पनि त सक्दछ । मैले त आजसम्म पढेको कुनै पनि पुस्तकमा यस्तो कुराको उल्लेख भएको पाएको छैन । यदि जबर्जस्ती धर्मनिरपेक्ष लेखियो भने सापेक्षता र निरपेक्षताको बीचमा

द्वन्द्व हुने निश्चित छ । यदि **धर्मनिरपेक्षता भनेर संविधानमा लेखिएर आयो भने यसबाट द्वन्द्व अवश्यम्भावी छ ।** त्यसका लक्षणहरू देखिन थालिसकेका छन् । ती लक्षणहरूलाई तँपाईहरूले गम्भीरतापूर्वक लिनु नै हुनेछ भन्ने मलाई विश्वास छ ।

जेठ ४, २०६३ मा प्रतिनीधिसभाको घोषणामा किन धर्मनिरपेक्ष राखियो, यो प्रश्न बारम्बार उठिरहेको छ । किन, कसरी र कसको प्रेरणाद्वारा राज्य धर्मनिरपेक्षता भयो यो जवाफ देशलाई दिनु पर्नेछ तत्कालिन शासकहरूले । जब कि जनमत मौन थियो । मौनताको अर्थ यो होइन कि समर्थन भयो भन्ने । धर्मनिरपेक्षता जनमतको माग थिएन । कतै पनि जनमतले राज्य धर्मनिरपेक्षता हुनुपर्दछ भनेको थिएन, कुनै उल्लेख्य आन्दोलन भएको थिएन यो कुरा असत्य हो भने, कहीं आन्दोलन भएको थियो भने त्यो जान्न पाउने अधिकार म पनि राख्दछु । मैले शुरूमा पनि भने घोषणाले ८० प्रतिशतभन्दा बढी जनतालाइ स्तब्ध बनायो भनेर । प्रतिक्रिया आयो तर संगठित विरोध भने भएन । एकथरिले आश्चर्य व्यक्त गरे भने अर्काथरिले जनताले स्वीकार गरे भनेर आफूखुशी अर्थ लगाए । प्रश्न यथावत् रहयो । कसरी भयो त नेपाल धर्मनिरपेक्ष राज्य ? के नेपालको चरित्र धर्मनिरपेक्ष नै हो ? यसमा बहस गरौं । छलफल गरौं । के वास्तवमा नेपालको चरित्र धर्मनिरपेक्ष नै हो ? राज्य भनेको राष्ट्र सापेक्ष हुनुपर्दछ । धर्मसापेक्ष वा निरपेक्षभन्दा पनि सबैभन्दा महत्वपूर्ण कुरा राज्य, राष्ट्रको चरित्र अनुसार सापेक्ष हुनु पर्दछ । कुनै पनि निर्णय राष्ट्र सापेक्ष हुनुपर्दछ ।

आज यतिका बहस चलिरहेको छ । संघीयताबारे एक थरिले भनिरहेका छन् कि सङ्घीयता राष्ट्र सापेक्ष होइन । कतीपयले भनिरहेका छन् कि सङ्घीयता राष्ट्र सापेक्ष हो । संघीयता ल्याउने आन्दोलनको कित्तामा रहनु भएका हाम्रा मित्र जितेन्द्रजी जो मेरा पनि मित्र हुनुहुन्छ, आज यहाँ उपस्थित हुनुहुन्छ । संघीयताको समर्थक म आफू पनि हुँ । तर धर्मको विषय आन्दोलनको मुद्दा नै थिएन, आन्दोलनको विषय नै नभएको विषय आएर आखिरमा कसरी एकाएक राज्यलाई धर्मनिरपेक्ष राष्ट्र भनेर घोषणा गरियो ? आखिर के हो यो धर्मनिरपेक्ष भनेको ? यो कुराको जानकारी त हामीले पाउनु पर्छ । अङ्ग्रेजीमा Secular 'सेक्युलर' भन्ने शव्द छ । सेक्युलर भनेको धर्मनिरपेक्ष हो कि होइन भन्ने कुरा समेत आजसम्म विवादित छ । धर्मलाई हामी कसरी बुभ्दछौं, हामी पूर्वीय विचारधारामा विश्वास गर्ने, पूर्वीय दर्शनमा विश्वास गर्ने, पूर्वीय जीवन पद्धतिमा विश्वास गर्ने मान्छेहरू धर्मलाइ कसरी लिन्छौं, कुन रूपमा हेर्छौं, यसमाथि विचार नगरी जथाभावी धर्म शब्दको अर्थको अनर्थ हुने गरी प्रयोग गर्नु हुँदैन । हाम्रो जीवन पद्धतिमा धर्मको अर्थ व्यापक छ । त्यसैले धर्मको संकुचित व्याख्या, धर्मका बारेमा नचाहिंदो

परिभाषा गर्न मिल्दैन । पाश्चात्य मुलुकहरूमा चर्च र राज्य बीचको सम्बन्धलाई छुट्याउनका निम्ति सेक्युलर स्टेट भन्न थालिएको हो । के त्यही परिभाषा नेपालको सम्बन्धमा, भारत तथा चीनको सन्दर्भमा लागु हुन्छ ? के हाम्रो पूर्वीय जीवन पद्धतिले त्यसलाई अनुमति दिन्छ ? राज्य जीवनपद्धति सापेक्ष हुनुपर्छ कि पर्दैन, हाम्रो त जीवनपद्धति नै धर्ममा आधारित छ । धर्मनिरपेक्षता के हो ? त्यो भन्नु पर्दछ हामीलाई, धर्मनिरपेक्षता भनेको यही हो भनेर भन्न सक्नु पर्दछ । अझ धर्मनिरपेक्षता भनेपछि के भयो, यता विचार गरौं । एकैछिन मानिलिउँ राम्रै नियत रहेछ, तर हामीलाई त्यसको अर्थ चाँहि कस्तो लाग्यो ? युरोपियन मुलुकका नियोगहरूद्वारा धर्मनिरपेक्षताको प्रशंसा बखान गर्न थालियो । कतिपय नेपालीहरूभन्दा माथि उफ्रेर मानौं सगरमाथामा चढेर उद्घोष गर्नथाले, प्रशंसा गर्नथाले, बखान गर्नथाले र त्यसपछि प्रारम्भ भयो इशाई मिसिनरीहरूमा उत्साह, मानौ ठूलै लडाई जिते जस्तो गरेर । धर्मनिरपेक्षता हुनु भनेको इशाईहरूको पक्षमा आएको निर्णय हो झैं गरेर उनीहरूमा उत्साह आयो, धर्मान्तरणमा तीव्रता शुरू भयो । जुन कुरा तपाईहरूले आ-आफ्नो टोलमा सबैले देख्नु भएको होला । मेरै टोलमा पनि देखिन्छ ।

नेपाल राज्य एउटा गणराज्य भएको छ । गणराज्यभरी आज के देखिन्छ भनेदेखि टोल टोलमा भाडाका घरहरूमा चर्चहरू स्थापना भएका छन् । कुनै पंथको विरोधी होइन म, कोही पनि होइनौं । एउटा हिन्दु कुनै पनि पंथको विरोधी हुनै सक्दैन । विभिन्न विचारहरूलाई हामीले आफ्नै जीवनपद्धतिमा सहिष्णुता पूर्वक स्वीकार गरेका छौं । तर चर्च जस्तै के हाम्रो कुनै पनि देवस्थल भाडामा चल्छ ? के हामी मन्दिर भाडामा बनाउँछौ ? बौद्ध गुम्बा भाडामा बन्छ ? मैले त त्यस्तो देखेको छैन । भाडाको एउटा फ्ल्याटमा यहाँ चर्चहरू चल्न थालेका छन् । के यही गर्नको लागि धर्मनिरपेक्षता ल्याएका हुन हाम्रा नेताहरूले ? यसको जवाफ उनीहरूले दिनै पर्दछ । आर्थिक रूपमा विपन्न, सामाजिक विभेदका शिकार, निरक्षर र सोझा सिधा मानिसहरूलाई लक्ष्य बनाइएको छ । बिना कुनै अनुमति घर घरमा प्रवेश गर्छन्, टोल टोलमा चर्चहरूको स्थापना भएको छ । **बिना कुनै अनुमति** अरूको घर-**घरमा गएर अरूले मान्दै आएका देवी-देवतालाई शैतान भन्न,** अरूलाई पापी भन्न मिल्छ यिनीहरूले ? यस्तो दुस्साहस यिनीहरूमा कसको बलका कारणले आयो ? यसको पहिचान हुन आवश्यक छ । हामी त ईसामसीह, हजरत मोहम्मद, यी सबै सम्माननीय हुन भनेर मान्छौं तर उनीहरू के भन्छन् भने तिमीहरूका हिन्दु देवी-देवता भनेका त शैतानहरू हुन् । हाम्रा आस्थाको प्रतीकहरूलाई शैतान भनिरहँदा पनि हामी सहेर बसिरहेका छौं । हिन्दु, बौद्ध र किराँतका आस्थाका विरूद्ध खुलेआम अपशब्द प्रयोग भएको कुरा

यहाँहरूलाई राम्ररी अवगत छ ।

यहाँहरू सबैलाई थाहै छ हालै बेलायती राजदूतले धर्मान्तरणलाई खुलेआम समर्थन गरेको एउटा आलेख प्रकाशित भएको छ । त्यसले युरोपियन मानसिकता दर्शाउछ । बेलायतले युरोपलाई प्रतिनीधित्व गर्दछ । त्यसले धेरै कुरालाई पुष्टि गरेको छ । यसमा म उनलाई धन्यवाद दिन चाहन्छु । किनभने उनले यसलाई पुष्टि गरेका छन् । हामीले धर्मनिरपेक्षताको अर्थ र तात्पर्य धर्मान्तरण हो भनिरहेका थियौं । उनको अभिव्यक्तिबाट यसको पुष्टि भएको छ । यतिमात्र नभएर हाम्रो डेमोग्राफी, हाम्रो आवादी भित्र धर्मान्तरणको जुन चक्र चलेको छ त्यही प्रयोजनका लागि धर्मनिरपेक्षता भित्र्याइएको राम्ररी खुलेको छ । त्यो मात्र होइन धर्मनिरपेक्षतासँगै अर्को एउटा कुरा पनि भईराखेको छ । विशेष गरेर मधेसको प्रश्न अगाडि आउँछ । धर्मनिरपेक्षताको घोषणा उपरान्त दक्षिण सीमान्त क्षेत्रमा मदरसाको संख्यामा ह्वात्तै वृद्धि भएको छ । परापूर्वकालदेखि मुसलमान बस्ती रहेका र आसपासका क्षेत्रमा स्थानीय भाषा, हिन्दी र नेपाली नबुझ्ने शंकास्पद नयाँ अनुहारहरू देखापरेका छन् । तिनमा धेरै जसो बंगलादेशी मुसलमान, सीमापारी भारतका मुसलमान पनि छन् । कतिपय पाकिस्तानी, अन्य केही अझै शंकास्पद व्यक्तिहरू धर्मनिरपेक्षताको आवरणमा आएको देखिन थालेको छ । जसका कारण कतै नेपालको दक्षिणी सिमान्त क्षेत्र इस्लामी जेहादीहरूको आश्रय स्थल त बनिरहेको छैन ? यो धर्मनिरपेक्षताले निम्त्याएको आपत्ति हो कि होइन ? यसमाथि छलफल गरौं । धर्मनिरपेक्षताको भ्रमजालमा एकल पहिचान, इशाई प्रचार अभियान तथा धर्मान्तरणबीच अन्तरसम्बन्ध छ कि छैन ? जातीय आन्दोलनलाई युरोपीय मुलुकहरूद्वारा अनुदान दिन थालिएको, नियोगहरूद्वारा धर्मान्तरणलाई प्रोत्साहन गरिने खालका वक्तव्य तथा मन्तव्य दिन थालिएको कुराबाटै यो कुरा प्रस्ट हुन्छ । यसले नेपालको मौलिक अस्तित्वमाथि भोलीको दिनमा ठूलो खतरा निम्तिने कुरा प्रस्ट छ । तराईमा भएको थारू आन्दोलनलाई (DFID) डिफिड मार्फत् सहयोग भईरहेको कुरालाई पनि हामीले नजरअन्दाज गर्न मिल्दैन । एउटा घटनाले धेरै घटनाहरूको शृंखलालाई बताँउछ । नेपालको सम्पूर्ण बेथितिका पछाडि हिन्दु जीवनपद्धति, बौद्ध जीवनशैली र किराँत परम्पराको दोष भए झैं गरेर यिनीहरूले प्रचार प्रसार गरिरहेका छन् । नेपालीलाई आफ्नो जालमा फसाउनको लागि कसरी तर्क दिइन्छ भने नेपालमा जति पनि बेथिति छ त्यसमा ब्राह्मण नेताहरूको हात छ । ब्राह्मण नेताहरूले पनि हिन्दु जीवनपद्धति नै अङ्गालेका छन् र यस्तो पद्धति, शैली र परम्परा भएका नेताहरू मार्फत् राष्ट्रको हित हुनै सक्दैन भनेर समेत भनिएको पाइएको छ ।

राष्ट्र अहिले अन्यौलमा फसेको छ । डोर बहादूर बिष्ट नामक एकजना

समाजशास्त्रीको **'फेटालिज्म एण्ड डेभलपमेन्ट'** नामक पुस्तकका अनुसार यी यावत बेथिति बाहुनवादका परिणाम हुन् । त्यही प्रचारको भाषालाई नेपालका कतिपय राजनीतिक दलहरूले आफ्नो मूल मन्त्र बनाएका छन् । यी सबै कामहरू एउटा डिजाइन अन्तरगत भइरहेका छन् । यो कुराको पर्दाफास हुनु जरूरी छ । ऋणात्मक कुराहरूलाई छानी छानी प्रचार प्रसार गरिनु, असललाई खराब बनाएर प्रचार प्रसार गर्नु त छँदैछ, जाति प्रथा, अस्पृस्यता, नारीमाथि दुर्व्यवहार, बाल विवाह, गोमा ब्राह्मणीको कथा जस्ता अपवादलाई अरू बढाइ चढाइ गर्दै हिन्दु समाजलाई निन्दा गरिन्छ । त्यतिमात्र होइन, असललाई पनि खराब बनाएर प्रचार गरी स्वधर्म संस्कृति माथि धावा बोलिरहनु र यसप्रति सरकार मौन रहनु पनि शंकास्पद देखिन्छ । नाग, काग, गाई, पर्वत, समुद्रको पूजन यो सब हिन्दुहरूले गर्दछन् । बौद्ध तथा किँरातमा पनि यस्ता खालका अनेकौ प्रतीकहरू छन् तर इशाईले यी सबै खराव र यिशु मात्र राम्रो भनेर प्रचार गरिरहेको पाइन्छ । नेपालको एकताको सूत्र के हो ? राजसंस्थाको विघटन भएको अवस्थामा यो प्रश्न उठ्न थालेको छ र यसको जवाफ मैले यसरी भेटेको छु । नेपाललाई के ले जोडेर राखेको छ भन्दा नेपाल बनेदेखि नै, अझ भनौ यस भूखण्डलाई परापूर्व कालदेखि नै बौद्ध, हिन्दु, किराँत बीचको अन्तर्सम्बन्धले बचाएर जोगाएर र जोडेर राखेको छ । गहिरो समाजशास्त्रीय अध्ययन गर्ने हो भने यो तथ्य फेला पर्दछ । देशभरी विस्तारित यहाँको हिन्दु समाजले नेपाललाई जोड्ने प्रमुख तत्वको रूपमा काम गरेको छ । पूर्वलाई पश्चिमसँग, डडेल्धुरालाई ताप्लेजुङ्गसँग, दक्षिणलाई उत्तरसँग, यही हिन्दु समाजले नै जोडेको छ । बौद्ध र किराँत समुदायसँग सामञ्जस्यपूर्वक सांस्कृतिक आबद्धता कायम राख्ने यही हिन्दु समाज हो । नेपालका विभिन्न जातजातिको स्वधर्म संस्कृतिसँग सहज अन्तर्क्रियाद्वारा स्थानीय सभ्यताको विकास र जगेर्ना गर्न पनि यही हिन्दु समाजले अहम् भूमिका निर्वाह गरिआएको छ । हिन्दु समाज आफैं केन्द्रीकृत छैन । **पंथ स्वतन्त्रता** यसको विशेषता हो । त्यसैले यो नेपालमा संघीयताको उत्प्रेरक पनि हो ।

संघीयताको कुरा हामी गरिरहेका छौं भने हिन्दु समाज आफैंमा कसरी संघीय छ, यो कुरा बुझौं । वैष्णव र शाक्त शैवहरू, आ-आफ्ना बिम्बहरू आदान प्रदान गरेर बसेका छन् । हिन्दुहरू एउटै देवी-देवताका पूजकहरू होइनन् । अलग-अलग प्रतीकहरूमा आत्मसाक्षात्कार गर्दछन् । कसैले श्रीकृष्णमा आत्मसाक्षात्कार गर्छन् त कसैले शिवमा आत्मसाक्षात्कार गर्छन् । शिवलाई कृष्णमा देख्छन्, कृष्णलाई शिवमा देख्छन् । शिवबाट रामको भजन गराउँछन् र कृष्णलाई शिवको उपासना गर्न लगाउँछन् । द्वैत, अद्वैत, द्वैताद्वैतका आ-आफ्नै

तर्क भए पनि परस्परमा समरसता छ। चतुर्वर्णवादी र वर्ण विरोधी बीच सामन्जस्य र समन्वय छ। ईश्वरवादी र अनिश्वरवादी बीच प्रचण्ड मतभेद रहे तापनि सहिष्णुता कायम छ। वैदिक अवैदिकबीच जतिसुकै शास्त्रीय विमति भए तापनि परस्पर सहयोग कायम छ। सिया र सुन्नी जस्तो, क्याथोलिक र प्रोटेस्टेन्ट जस्तो रक्तपातपूर्ण लडाईं आजसम्म हामी बीचमा भएको इतिहास छैन। कुनै समयमा वाद विवाद, मतभेद भयो होला, त्यो हुन्छ नै, तर समरसता, सामन्जस्यता र समन्वयका सूत्रहरू चुँडिएका छैनन्। वैकल्पिक र पृथक् धार निर्माण गर्न गठित आर्य समाज र श्रीकृष्ण प्रणामी जस्ता सम्प्रदाय क्रमशः मूलधारमा नै आबद्ध भएका छन्। बौद्ध र किराँतीलाई आफू सरह मान्ने र तदनुरूप व्यवहार गर्ने, पारस्परिक सद्भाव कायम राख्ने कामलाई हामीले सदैव प्रोत्साहन नै गरेका छौं। नेपालका विभिन्न जातीय संस्कृति सापेक्ष हिन्दु जीवनपद्धतिको पुनः संरक्षण, परापूर्व कालदेखि पहाड र मधेसको भू-भागमा बसेका मुसलमान दाजुभाई दिदीबहिनीप्रति सौहार्दता कायम गरी नै राखेका छौं। के यो सङ्घीयता होइन ? के यो संघीय मान्यता भित्र पर्दैन ? मैले लामो समयसम्म सङ्घीयताको अध्ययन गरिरहँदा के पाएँ भने, **हिन्दु समाज त शुरूबाटै संघीयताको पथमा अघि बढिरहेको रहेछ। यसले हामी सबैको सम्मान गर्दै हामीलाई जोडेर राखेको रहेछ। तर पनि हामी माथि आक्रमण किन ?** यसमाथि आक्रमण हुनुको पछाडि कतै नेपाललाई टुक्राउन खोज्ने शक्तिहरू त लागिरहेका छैनन् भन्ने शंका उपशंका उब्जिएको छ। मातृशक्तिको पूजन, नारीशक्तिको महिमा हिन्दु धर्म भित्रै छ। आज आएर बल्ल पश्चिमा राष्ट्रहरूले नारीलाई पनि अधिकार दिनुपर्दछ भन्ने कुरा बुझेर हामीलाई फरक ढङ्गले सिकाउनको लागि अघि सरेको देखिन्छ तर यो कुरामा त हामी परापूर्व कालदेखि नै उनीहरूभन्दा अगाडि थियौं। भगवद्गीताको दशौं अध्यायको चौतिसौं श्लोकमा भनिएको छ कि **"मृत्युः सर्बहरश्चाहमुद्भवश्च भविष्यताम्। कृति श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा"** ॥ यी सबै नारीका गुणहरू हुन् र यी सबैं नारीका गुणहरूबाट पुरूषहरू सञ्चालित छन्। केही अपवाद बाहेक प्रथममा नारीको नै नाम लिइन्छ। जस्तै देवी-देवता भनिन्छ देवता-देवी भनिदैंन। देवता-देवी भन्यो भने त मिल्दैन, छन्द पनि मिल्दैन र अनुप्रास पनि मिल्दैन। भन्नै अफठ्यारो हुन्छ। देवी-देवता, नारी-पुरूष, राधा-कृष्ण, सीता-राम, आदिबाट नारीलाई सम्मानजनक स्थान दिइएको प्रस्ट छ। प्रेमको सम्मानमा शिव-सतीदेवी, शिव-पार्वती, श्रीकृष्ण-रूक्मिणी, उषा-अनिरूद्ध आदि समेत प्रेमका ज्वलन्त उदाहरणहरू हुन। प्रेमलाई स्वीकार गरेको छ समाजले। शास्त्रहरूले पनि स्वीकार गरेका छन्। यी त केही उदाहरणहरू मात्र हुन्। अरू पनि थुप्रै

उदाहरणहरू समाजमा ज्वलन्त रूपमा छन् । यहाँ ती सबै उदाहरणहरू भन्ने हो भने अरू लामो समय लाग्छ ।

बाल विवाहहरू माथि अध्ययन गर्ने अध्येताहरूलाई यो कुरा पक्कै पनि ज्ञान नै होला । बाल विवाह र नारीमाथिको नियन्त्रण मुगलकालीन समाजका दुष्प्रभावहरू हुन् । पर्यावरणीय चेतना पनि हिन्दु समाजमा नभएको होइन । प्रकृति र मानव बीचमा रहेको सम्बन्धका बारेमा हामी सबैलाई थाहा भएको कुरा हो । पर्वत नदीनाला, वनस्पति, जलचर, थलचर, पशुपक्षीप्रति आदरभाव र तिनको संरक्षण, प्राकृतिक सम्पदा अतिक्रमणलाई निरूत्साहित गरिएको छ । पर्यावरणीय सन्तुलनका लागि सार्वकालिक मान्यता छन् । पीपलको पूजा गर, अमला कहिल्यै नकाट, तुलसी सधैं घरको अगाडि राख, साग टिप्दा प्रार्थना गरेर मात्रै टिप आदि किन भनिएको होला ? भूमि टेक्दा क्षमा मागेर मात्र टेक, बिहान उठेर भूमि टेक्दा प्रार्थना गरेर मात्रै टेक, समुद्रवसने देवी पर्वतस्तनमण्डिते, विष्णुपत्नी नमस्तुभ्यं पादस्पर्शं क्षमस्व मे ॥ भनिएको छ । बिहान उठ्ना साथै, **कराग्रे बसते लक्ष्मी, करमध्ये सरस्वती, करमूले तु गोविन्द, प्रभाते कर दर्शनम्** किन भनेको होला त ! जन स्वस्थ्य, शिक्षा-दीक्षा आदिका बारेमा सचेतना, मन स्वास्थ्यका बारेमा जागरूकता समेत हाम्रो धर्मशास्त्रमा उल्लेख छ। बाहिर शरीर स्वस्थ्य भएर मात्र हुन्न मन पनि स्वास्थ्य हुन आवश्यक छ ।

अहिलेको युगमा त झन् मन अस्वस्थ छ । योगका रूपमा नियमित व्यायाम, आसन, प्राणायाम, ध्यानबाट जन स्वास्थ्य, मनस्वास्थ्य संन्तुलित र समृद्ध बनाउन सकिन्छ । आयुर्वेद एउटा छुट्टै विज्ञान छ । साक्षरता र शिक्षा, गुरूकुलीय परम्परा र अनुशासित जीवनशैली, जसले जीवनलाई सजिलो बनाउँदछ । समग्र जीवनदर्शन धर्म, अर्थ, काम मात्रै हैन कर्तव्य पालन मात्र पनि होइन, अर्थ उपार्जन गर, सन्तान उत्पादन गर, नामलाई त्यहाँ राखिदेउ तर सर्बोपरि लक्ष्य भनेको चाहिँ मोक्ष मात्र हो है भन्ने यति सन्तुलित विचार हिन्दु धर्ममा मात्रै छ । आश्रमका बारेमा कुरा गर्दा म आज आएर ब्रह्मचर्य, वानप्रस्थदेखि संन्याससम्मका आश्रमहरूका बारेमा बल्ल बुझिरहेको छु । ब्रम्हचर्य काल किन २५ वर्षसम्म आवश्यक छ, के कारणले गर्दा भनिएको रहेछ र गृहस्थ आश्रम २६ देखि ५० वर्ष किन भनिएको रहेछ म बल्ल बुझिरहेको छु । म आफैं पनि अहिले वानप्रस्थ आश्रममा प्रवेश गर्ने चरणमा पुग्न लागेको छु । यतिवेला हाम्रो शरीरमा हुने संरचनात्मक परिवर्तनहरू हामी सबैले अनुभव गरेका छौं । यो कुरा ४५ वर्षकाले त्यति अनुभव गर्दैन तर जब ५० टेक्न थाल्दछ र ५० बाट उकालो लाग्न थाल्दछ त्यसपछि हाम्रा शारीरिक संरचनामा आउने जुन परिवर्तनहरू छन् ती परिवर्तनहरू हामी सबैलाई थाहै छ । वानप्रस्थको अवस्थामा आउँदा त हाम्रो

शरीर तारूण्यबाट विश्राम लिन लागेको हुँदो रहेछ । आफैंले आफैंलाई हेर्नै मन लाग्दैन रहेछ क्रमशः ७५ वर्ष पुग्दा अझ शिथिलता आउँछ, तव संन्यास नलिएर विकल्प पनि त रहेनछ नि, हैन र ! यो मैले अलिक लौकिक अर्थमा भनेको २५ देखि ३५ वर्षको हुँदा त म कति राम्रो थिँए तर जब म माथि-माथि उँभो लाग्दै जाँदैछु तव आफैंलाई हेरेर कस्तो-कस्तो अनौठो अनुभव मनमा आउँदो रहेछ र ऐना पनि नहेरौं-नहेरौं जस्तो लाग्दो रहेछ । **(यो सुन्ना साथ सभामा बसेका सबै जनाको हाँसो एकै साथ आएर हल गुन्जायमान हुन्छ** )

हाम्रो धार्मिक पद्धतिमा स्वतन्त्रता अन्तर्निहित छ । एक ईश्वरलाई मात्र पूजा गर वा मूर्तिमात्र पूजा गर भन्ने पनि छैन । आत्म साक्षात्कारका निम्ति जसले जसरी ईश्वरमा केन्द्रित भए पनि हुन्छ । प्रकृति मैत्री जीवन, समाज व्यवस्थापनका उपाय, सृष्टि यहीं नरोक है, सबै ब्रम्हाचारी नबन, हाम्रा केही मित्रहरू जो यहाँ उपस्थित हुनुहुन्छ उहाँहरूपनि ब्रम्हाचारी जीवन पालन गरेर बसिरहनु भएको छ । तर मेरो जानकारीमा भए अनुसार उहाँहरूलाई पनि के अनुमति छ भने यदि उहाँहरूलाई जुनसुकै बेलामा गृहस्थ जीवनमा फर्किने चाहना हुन्छ भने एकै मिनेटमा उहाँहरू फर्किन सक्ने व्यवस्था छ । सृष्टि निरन्तरताका लागि त्यो संवेदना, त्यो सचेतना हिन्दु समाजमा जस्तो प्रबल र प्रखर अन्य समाजमा होला ? बस्न त ब्रम्हचर्यमा नै बस तर छोड्छौ भने छोड, पाखण्ड चाहिं नगर । यसो भनिँरहदा हाम्रो जीवनशैलीको, हाम्रो जीवनपद्धतिको बखान गरिरहँदा, हामीमा कमीकमजोरी नै छैनन् भन्ने चाहिँ होइन । त्यो सुधारको अभियान हामी आफैंले थाल्नु पर्छ ।

त्यसैगरी मन्दिर व्यवस्थापन प्रसंगमा यहाँ चर्चा गर्नैपर्छ किनभने जहाँ-जहाँ हामी मन्दिरमा जान्छौं त्यहाँ धेरैजसो ठाउँमा के देखिन्छ भने श्रद्धा उत्पन्न हुनुपर्ने ठाउँमा अनास्था उत्पन्न हुन्छ । कसरी भन्दा पुरोहित तथा श्रद्धालु भक्तजनको व्यवहार अमैत्रीपूर्ण भएको देख्दा । पुरोहितको, पुजारीको दक्षिणा र भेटिमुखी व्यवहार देख्दा साच्चै नै मन दुःखी भएर आउँछ । यसले सचेत र बौद्धिक मानिसलाई त्यति फरक नपार्ला तर सामान्यजनलाई यसले अवश्य प्रभाव पार्छ । उनीहरू त्यसबाट विमुख हुने सम्भावना रहन्छ र अलि पर चाहिँ कुनै इशाई पर्चा बाढिरहेको छ भने उसको पर्चासँगै गरिने नम्र व्यवहारले समान्य मानिसलाई प्रभाव पार्न सक्दछ । यसतर्फ म ध्यान आकर्षित गराउन चाहन्छु । पुरोहित, पुजारीलाई लोकमैत्री गराउने खालको प्रशिक्षणको आवश्यकता देखिन्छ । हिन्दु समाजलाई यदि बचाएर राख्ने हो भने आस्थाका केन्द्रहरूको पवित्रता बचाएर राख्ने हो भने गुठी, मन्दिरमा बस्ने जुन व्यक्तिहरू छन् तिनीहरूलाई लोकमैत्री व्यवहार सिकाउनै पर्छ, किनभने मठ-मन्दिर लोककै

धरोहर हुन् । नत्र हाम्रा ती दुर्व्यवहार सहन गरेका दाजुभाई तथा दिदी बहिनीहरू विद्रोहीका रूपमा रूपान्तरित हुन पुग्दछन् । यहाँ के बुझ्नैपर्छ भने **मन्दिरमा दुर्व्यवहार हुँदा धर्मान्तरण हुन्छ** र यस्ता खालका घटनाहरू प्रायजसो धेरै गाउँठाउँमा देखिएका छन् । यसै कारणले गर्दा विगतमा मन्दिर निरन्तर गइरहने व्यक्तिहरू पनि विस्तारै चर्च तर्फ गईरहेको मैले आफ्नै आँखाले समेत देखेको छु । किन चर्च गएको भनेर उनीहरूलाई सोध्यो भने मन्दिरको भन्दा चर्चको व्यवहार नम्र र शिष्ट छ त्यसैले गएको भन्ने उत्तर पनि धेरैबाट आउने गर्दछ । मन्दिरमा दुर्व्यवहार हुन्छ, व्यवहार दक्षिणामुखि तथा भेटीमुखी मात्र छ भन्ने सुनिन्छ । हिन्दु समाजका आस्थाका केन्द्र भनेका राष्ट्रकै आस्थाकेन्द्र हुन्, त्यसैले यी केन्द्र प्रदुषित हुनुहुँदैन, सुधार आवश्यक छ ।

त्यस्तै, बाबा, व्यापार र अनाचारका विषयमा थुप्रै समाचारहरू आइरहेका छन् । हामीले भर्खरै आएको अमिर खानद्वारा अभिनित फिल्म पि.के.को धेरै नै आलोचना गरेको सुनेका छौं तर त्यहाँ देखाएका धेरै कुराहरू देखेर हामीले आफ्ना आँखा खोल्नै पर्छ । हामीले सुधार गर्नुपर्ने कुराहरू पनि छन् । हिजो अस्ति भर्खरै हरियाणामा जुन काण्ड घट्यो त्यो काण्ड होस् या आशाराम वापूको काण्ड नै किन नहोस् (जुन कुरामा सत्यता छ या छैन त्यो प्रकाशमा आउनै बाँकी छ । यस्ता विषयले हिन्दु समाजलाई व्यापक रूपमा विकर्षण गर्नका निम्ति मद्दत गर्दछ । छूवाछूत प्रथा हाम्रो आन्तरिक रोग हो, तर अब यो त्यति बाँकि छैन । हिन्दु, बौद्ध, किराँत विरूद्ध जुन दुष्प्रचारहरू भएका छन्, तिनलाई हामीले छिचोल्नु पर्छ । यी समुदाय परस्परमा अन्तर्सम्बन्धित भएर, समाजलाई एकजुट राख्दै हिन्दु बौद्ध, किराँत एकजुट भएर एकै ठाउमा बसेका छन् र यिनीहरूलाई छुट्टाछुट्टै देखाउने र छुट्टाछुट्टै राख्ने जुन दुष्प्रचारहरू भएका छन्, वा भनौं प्रयत्नहरू भएका छन् यसलाई पनि कुन ढङ्गले रोक्ने हो यसमा पनि ध्यान दिन आवश्यक छ । जोड्ने तत्वलाई प्रोत्साहन र तोड्नेलाई निरूत्साहित गर्नु पर्ने आवश्यकता छ । हिन्दु समाजमै आन्तरिक सुधारका कार्यक्रम ल्याउन आवश्यक छ । राज्यको नीतिनीर्माण तहमा संवेदनशीलताको आवश्कता छ ।

संविधानको विषयमा कुरा गर्दा अबको संविधानमा के लेखिन्छ ? सापेक्ष वा निरपेक्ष ? लेख्न बसेकाहरू त निरपेक्ष नै लेखिंदै छ भन्दै छन् तर विभिन्न कित्ताहरू निरपेक्षताका विरूद्धमा मानिस गठबन्धित पनि भइरहेका छन् । मानिस एकीकृत पनि भइरहेका छन् । यदि निरपेक्षता लेखियो भने नेपालमा धार्मिक उन्माद बढेर धार्मिक आन्दोलनहरूको शुरूवात् हुने प्रस्टै छ । एउटा धर्मका मानिस यदि सङ्गठित हुनथाले भने पनि अर्को धर्मका मानिस यसको प्रतिकारको निम्ति संगठित हुन थाल्नेछन् । राजनीति त बढो अन्धो हुन्छ र बेलाबेलामा

म विभिन्न पत्रपत्रिका मार्फत् राजनीतिज्ञहरूलाई आलोचना पनि गरिरहेको हुन्छु। यहाँ अगाडि आएर भन्दाखेरि त्यति राम्रो त नहोला तर राजनीतिज्ञहरू चाहिँ जहाँ जहाँ वोट बैङ्क देख्छन् त्यहाँ त्यहाँ धर्मको राजनीति गर्न समेत पछि पर्दैनन्, चाहे यो कुराले देशलाई दीर्घकालीन रूपमा नराम्रो असर पुऱ्याओस् या नपुऱ्याओस् उनीहरूलाई वर्तमानमा आफ्नो कुर्सी र सत्ता टिके पुग्छ। तर, अनुरोध के भने धर्म जस्तो संवेदनशील विषयमा वोटको राजनीतिलाई छोडेर राष्ट्रिय राजनीतिमा ध्यान दिनु पऱ्यो, दीर्घकालीन समाधानको बाटो निकाल्नु पऱ्यो। मलाई लागेको, अहिलेसम्म धर्मका विषयमा मैले लेखिआएको र एउटै विकल्प के हो भने सापेक्ष र निरपेक्ष केही पनि होइन। अबको संविधानमा सापेक्ष र निरपेक्षता केही नलेखौं र संविधान यस विषयमा मौन रहोस्, यो मेरो व्यक्तिगत विचार हो। जब-जब राजनीतिकदलका नेताहरूसँग मेरो संवाद हुन्छ त्यो बेलामा मैले उहाँहरूसँग यो अनुरोध गर्ने गरेको छु, । आफ्ना आलेखहरूमा पनि मैले यो कुरा लेख्ने गरेको छु। यहाँ म त्यही आग्रह दोहोऱ्याउछु। **हिन्दु, बौद्ध, किराँतप्रति जनमानसमा समान आस्था भएकाले यी सबैलाई राष्ट्रले समान मान्यता दिनुपर्दछ।** आ-आफ्नो आस्थाको स्वतन्त्रता हुनु पर्दछ। धर्मान्तरणमा निषेधात्मक व्यवस्था हुनुपर्दछ। यति भन्दै म आफ्नो प्रस्तुतिबाट विश्राम लिन चाहन्छु। पछि प्रश्न उत्तरमा मैले सामेल हुनुपर्यो भने म उपस्थित नै छु। त्यतिन्जेल सम्मको लागि म विश्राम लिन चाहन्छु। धन्यवाद।



## जीतेन्द्र नारायण देव

संविधानमा धर्म, विषयमा भइरहेको यो अन्र्तकृयात्मक कार्यक्रमका आदरणीय सभापति महोदय, विषय कार्यपत्र प्रस्तोता आदरणीय विज्ञ मित्र श्रीकृष्ण अनिरूद्ध गौतमज्यू, उपस्थित सबै राजनीतिक पार्टीका आदरणीय नेताहरू, विज्ञ, विद्वानहरू, बुद्धिजीवीहरू , सबै आदरणीय मेरा अग्रजहरू ! अहिले एउटा इर्मजेन्सी बैठक छ त्यसमा शरतसिंह भण्डारी र म दुवै जना निस्किनु पर्ने हुन्छ । त्यसकारणले खास गरेर आयोजक मित्रहरूको आग्रह र मैले धेरै माया गर्ने मित्र दीपक कुमार अधिकारीज्यूको आग्रह र विषयको महत्व र त्यसमा पनि श्रीकृष्णज्यूको प्रस्तुति यो तीन वटै कुरालाई हेर्दाखेरि मैले कुनै पनि हालतमा यो कार्यक्रम छोड्नु हुँदैन, म यहाँ आउनै पर्दछ भन्ने महसुस गरेर आफ्नो व्यस्तताको बावजुद म यहाँ दौडेर आएको छु। म यहाँ विज्ञ विद्वानहरूको बीचमा यति मात्रै भनौं कि मलाई यो कार्यपत्रले १०० प्रतिशत मन जितेको छ किन १०० प्रतिशत भन्दा यहाँ जे कुरा भयो त्यो क्रिटिकल्ली, बहुत रियलस्टिक तरिकाले उहाँले धर्म र संविधान भन्ने विषयमा जसरी यसको बलियो र कमीकमजोरी माथि विशेष किसिमले प्रस्तुत गर्नुभयो त्यो एकदम नै दमदार प्रस्तुती थियो । म सम्पूर्ण कुराहरूसंग सहमत छु । सँगसँगै मेरो मनलाई उहाँले दोस्रो तहमा आएर अझै धेरै जित्नुभयो । त्यो कति बेला त भन्दा, यसमा रहेको केही संरचनात्मक र केही व्यवहारात्मक आचारात्मक र केही संरचनात्मक सुधारको आवश्यकता छ भन्ने कुरा उहाँले दोस्रो चरणमा गएर राख्नु भएको छ । त्यसले त मेरो मनलाई अझ सिमेन्टेड गरिदिनु भयो । मैले पनि मन्दिरमा जाने बेलामा एक दुई ठाउँमा खिन्नता अनुभव गरेको छु। म एउटा हिन्दु परिवारको हिन्दु धर्म मान्ने व्यक्तिको नाताले मन्दिर जाँदा जुन आस्थाका साथ जान्छु तर त्यहाँ पुग्दा त्यहाँका विभिन्न व्यक्तिको कारणले मन बढो खिन्न भएर आउँदछ। त्यो कुरा पनि उहाँले यहाँ राखिसक्नु भएको छ। एक त मनको कुरा उहाँले राख्नु भएको छ र त्यति मात्र होइन अर्को एउटा कुरा म यसमा

जोड्न चाहन्छु, खास गरेर मृत्यु संस्कारमा पनि यस्ता समस्याहरू देखिएका छन् । म एउटा कायस्थ परिवारको मान्छे हुँ । मेरा माता पिताको देहान्त हुँदा म जब काजक्रियामा, जव मेरा दाजुहरू सँग बसें त्यतिखेर मैले जुन अनुभव गरें कुनै कुनै बेला ब्राह्मण बाहेक हामी त मान्छे नै होइनौ कि भन्ने भान भयो । त्यसकारण खाली मठ मन्दिर र पूजाआजामा जानबेलामा मात्र केही परि वर्तनहरू गरेर मात्रै हुने होइन कि अरू ठाउँहरूमा पनि धर्मलाई अत्यन्त समय सापेक्ष बनाएर लग्ने हो भने यस क्षेत्रमा लाग्ने विद्वानहरूले निश्चित सुधार, गरेर जानुपर्दछ भन्ने मेरो मान्यता हो । त्यसकारण मैले आफ्नो अनुभवलाई यहाँ बाँडेको हुँ । कुनै कुनै बेला जनै लगाउने मानिस, हामी कायस्थ समुदायको मानिस भन्दा बढी नै फर्वाड भएको अनुभव हुन्छ मलाइ । मृत्यु संस्कार गर्ने बेलामा म त मान्छे नै होइन, मान्छे भनेको त पण्डित र ब्राह्मण मात्र हुन् जस्तो लागेको थियो । अब यसलाई तपाईहरू कसरी तोड्नु हुन्छ ? यसलाई सुधार गर्ने कि नगर्ने ? उहाँले self critical approach राख्नु भएको छ त्यसबाट म बढी नै प्रभावित भएको छु । म यो सोचप्रति १०० प्रतिशत सहमत छु ।

तेस्रो कुरा, उहाँले संविधानमा के के गर्दा ठीक हुन्छ भन्दाखेरि त्यसमा उहाँले आफ्नो व्यक्तिगत विचारमा मौन बस्दा ठिक हुन्छ भनेर जुन प्रस्ताव गर्नु भएको छ त्यो एकदम नै सही छ र त्यो प्रस्तावको म समर्थन गर्दछु । यस सन्दर्भमा मलाई के लाग्दछ भने म एउटा वामपंथी स्कुलिङ्बाट आएको मान्छे भएकाले सुरूमा मैले के गरें के पढें भन्दाखेरि राज्यले एउटा धर्मलाई मात्र पकडेर अगाडी बढ्यो भने बाँकी धर्मलाई हेपेको वा छुट्याएको जस्तो हुन्छ । त्यसकारणले राज्यले कुनै धर्मलाई यो मात्र मेरो धर्म हो भनेर अङ्गिकार गर्नु हँदैन भनी शिक्षा प्राप्त गरेको थिएँ । त्यसकारणले गर्दा म एउटा समतावादी आन्दोलनमा, विभेद विरोधी आन्दोलनमा लागेको मान्छेलाई ह्वात्तै त्यो विचारले मलाई छोयो । मैले पनि के सोचें भने त्यो त हो नि, एउटा छोरालाई मात्र बाउले यो मेरो छोरा हो भनेर अरूलाई वास्ता गर्दैन भने त्यहाँ त विभेद हुने नै भयो नि । त्यसकारण चाहिं कुनै पनि धर्मलाई राज्यले यो राष्ट्रको धर्म हो भनेर भन्दिनु हुदैन भन्ने कुरा चाँहि एकदम नै ठीक हो र यो कुराले मलाई एकदम नै छोयो ।

धर्मनिरपेक्ष भनेर जब राज्यले घोषणा गऱ्यो र त्यति बेला मधेसबैादी आन्दोलन त्यो क्रियामा निर्णायक भूमिका खेल्नेमा थिएन, पोलीटिकल एक्टर थिएन । जतिबेला यसको निर्णय भयो । त्यतिबेला त यो निर्णय गर्ने अरू नै एक्टरहरू थिए । निर्णय पश्चात् जब सुनुवाई भयो त्यसपछि मलाई पनि शुरूमा त बडा राम्रै उद्देश्यको कारणले यो भयो होला जस्तो लागेको थियो तर पछि मैले किन गलफत्ति गर्ने भनेर यसलाई आत्मसात् गरें तर अहिले चाँहि आएर मैले केही

वर्षदेखि व्यक्तिगत रूपमा के अनुभव गरेको छु भने यो **धर्मनिरपेक्षताको नाजायज फाइदा हिन्दुविरोधी शक्तिहरुले उठाइरहेको पाएँ ।** विशेष गरेर इशाईहरूले यसलाई दुरूपयोग गर्ने किसिमले फाइदा लिइरहेको स्थिति मैले पनि बुझिरहेको छु । त्यसकारण मेरो निष्कर्ष के हो भने देखि धर्मका बारेमा संविधानमा मौन नै बसौं, बरू यो लेखौं कि यो देशमा राज्यको कुनै धर्म नभएपनि यो ८० प्रतिशत भन्दा बढी हिन्दु जनता भएको देशमा धार्मिक स्वतन्त्रताको कुरालाई जोड दिउँ । यो देशमा अन्य धर्मावलम्बीहरू पनि बस्ने भएकाले सबै धर्मको सम्मान गर्दै धार्मिक स्वतन्त्रताको कुरालाई जोडदार ढङ्गले अगाडि बढाऔं । यहाँ कसैले कसैको धर्मलाई बलजफती करकापमा पारी या धम्की दिएर या आर्थिक प्रलोभनमा पारेर धर्मान्तरण गर्न पाईदैंन । धर्मान्तरण गर्ने र गराउनेलाई कडा भन्दा कडा सजाय राज्यले गर्दछ । मलाई लाग्छ यो रूपमा जाँदाखेरी ८२ प्रतीशतको जुन चासोको विषय हो यसलाई यसरी राज्यले संबोधन गर्न सक्छ । त्यसकारण यो लफडा धर्मनिरपेक्ष र धर्मसापेक्ष, यो सबैको लडाईं किन गर्ने ? यो शब्दको लडाईंलाई हटाउने यो दुई वटै शव्दलाई हटाइदिउँ, श्रीकृष्ण अनिरूद्ध गौतमले ३/४ वटा कुरालाई एकदम दमदार यहाँ निषेध गर्ने भन्नुभएको छ मैले कडा भन्नुस् भनेर त्यसमा थप गरे धर्मान्तरणलाई कडा भन्दा कडा, अथवा proactive भएर यस्तो कामलाई वर्जित गर्ने गरी संविधानमा formulation गरेर जाँदाखेरी राम्रो हुन्छ जस्तो मलाई लागिराखेको छ । एउटा राजनीतिक विद्यार्थीको नाताले मैले यस विषयमा यस भन्दा बढी बोल्नु उपयुक्त होला जस्तो मलाई लाग्दैंन । धन्यवाद



## दीपकुमार उपाध्याय

सर्वप्रथम म आयोजक संस्थालाई धन्यवाद दिन चाहन्छु। अत्यन्त महत्वपूर्ण विषयमा साथै हामी सबैले रूचाउने अत्यन्त प्राज्ञिक व्यक्तित्व, बराबर हाम्रो सम्पर्कमा देखभेटको माध्यमबाट र प्रत्यक्ष पनि सम्पर्क रहने श्रीकृष्ण अनिरूद्ध गौतमजीको अत्यन्त खँदिलो प्रस्तुतिका लागि उहाँलाई धन्यवाद दिन चाहन्छु। यहाँ सबै विज्ञ मित्रहरू हुनुहुन्छ। म फेरी पृष्ठभूमिमा नउभिइकन, यहाँ कस्तो अवस्था आयो भने धर्मनिरपेक्ष भइसकेपछि गाई काट्न किन नपाउने भन्ने विषयको विवाद पहिलो संविधानसभामा आएको थियो। नेपालगञ्जमा जुन गाईलाई खुल्लेआम काट्ने काम भयो त्यो गाई काटेको देखाएपछि चर्काचर्की पऱ्यो। केही मित्रहरू चाहिँ प्रष्टै वकालतमा उभिनु भयो। होइन, अब धर्मनिरपेक्ष भइसकेपछि आ-आफ्नो खुसी गर्न कसले रोक्ने, अब कुनै सम्प्रदायले गाई काटेर खान्छ भने यहाँ तपाईहरूको आपत्ति किन नि भनेर समेत केही वक्ता मित्रहरूले भन्नुभयो। तर पछि प्रतिउत्तरमा त्यहाँ राष्ट्रिय जनावर गाई हो कि होइन भन्दा चाँहि उहाँहरू पछाडि हुनुभयो किनभने देखि “लोकतन्त्रमा सार्वभौम जनता हुन्” त सबैले भन्छन् र जनताको दुहाइपनि दिन्छन्। यहाँ जितेन्द्रजीले पनि राम्रो कुरा गर्नुभयो। हिन्दुसँगै प्रकृति प्रेमी सबै यहाँ जोड्ने हो भनेदेखि त यो ९४ प्रतिशत पुग्छ। आधिकारिक रूपबाट हेर्ने हो भने हिन्दु, अरू बौद्ध किराँतहरूलाई सबैलाई मिलाउँदा ९४ प्रतिशत पुग्छ। किनभने हामी यहाँ सबै अत्यन्तै जिम्मेवार नागरिकहरू छौं सबैलाई हामी सम्मान गर्छौं तर हामी चनाखो हुनुपर्छ। मैले आफूले पनि समीक्षा गर्नुपर्छ। म चाँहि कस्तो भने राष्ट्रको राजनीतिलाई पनि हेर्ने र प्रत्येक जनताको सम्पर्कमा पुगी जनताको भाषा, सोच के छ भनेर यसो स्पर्श गर्ने प्रयन्त गरिराखेको हुन्छु।

त्यसैले म के पाउँदै छु भने सर्बप्रथम मैले पनि त मैले गल्ती कहाँ गरें भन्नुपर्छ। अब अहिले नेताहरूलाई भन्ने गरेको छु त्यो जसरी जुनरूपमा तपाँईहरूले धर्मनिरपेक्ष भनेर शब्द ल्याइदिनु भयो त्यो जनआन्दोलनको माग थिएन। कुनै

सम्झौताको त्यो एजेन्डा थिएन कसरी, किन आयो ? त्यसो भए जसरी आयो त्यसैगरी यसलाई सुधार्नुहोस् । सुधार्ने कुरामा चाँहिं गल्ती भयो भन्ने कुरामा महशुस गर्नहुन्छ कि गर्नुहुन्न ? गर्नुहुन्छ भने मानव त एक विशिष्ट प्राणी हो, हामीले आँखाले देख्ने कमिलादेखि लिएर ठूला हात्ती, गैंडा होलान् । यन्त्रले हेर्नुपर्ने अन्य कति लाखौं करोडौं जीव होलान् त्यसो त मानवमात्र यस्तो प्राणी हो जसलाई हामी विशिष्ट प्राणी भन्छौं । त्यसलाई भगवान्ले विवेक दिएको छ, चेतना दिएको छ । **यदि हामीबाट भएको गल्ती महसुस गर्दैनौं भने हामी मानव हुनुको कुनै अर्थ छैन ।** त्यसकारण नेताहरूलाई म के भन्न चाहन्छु भने यो विषयलाई विवादमा लानुभन्दा समयमा नै बुद्धिमत्तापूर्वक यसलाई सुधारेर हुन्छ वा समेटेर हुन्छ अगाडि बढौं ।

आज नेपाली जनतामा चिसो पसेको छ, मन दुःखि भएको छ, अघि मैले भन्दै थिएँ आफूले पनि आत्मसमीक्षा गर्ने क्रममा पहिलो संविधानसभामा म पनि थिएँ, तर अन्तरिम संसदमा म थिइनँ । एक्कासि यो हाम्रो घोषणाको रूपमा आयो र पहिलो संविधानसभामा यो कुरा उठिसके पश्चात् पास गर्ने बेलामा त्यहाँ म पनि थिएँ, त्यसैले मैले पनि आफ्नो दोष चाहिँ महसुस गर्ने पर्दछ । हामी सबैले त्यो बेलामा के सोच्यौं भने राज्यको त आफ्नो धर्म साँच्चैनै हुँदैन र यो विषयमा हामीले छोटो चर्चा परिचर्चा पनि गऱ्यौं । सरसर्ती हेर्दा खेरि ठिकै होला तर यत्रा हिन्दुहरू छन् उनीहरूको सरकार छ । अर्को कुरा तत्काल समाप्त भएको राजतन्त्र र हामीले भन्छौं नि हिन्दु समाजमा राजालाई विष्णुको अवतारमा लिने जुन परिपाटि छ यदि यसलाई समयमा नै बसमा नगरेमा भोलीका दिनमा राजा यसैको आडमा फर्किने छन् भन्ने त्रासको कारणले पनि यो कुराको हामीले त्यतिबेलामा प्रतिवाद गर्न सकेनौं ।

म त किसुनजीसँग धेरै नजिक भएर बसेको मान्छे, बेलाबेलामा किसुनजी सँगै सोध्ने गर्थें कि तपाई त धार्मिक यात्रामा समेत लाग्नु भएको मान्छे । नेपालमा यत्रो परिवर्तन भयो यसका बारेमा के भन्नुहुन्छ भनेर र यसको प्रतिउत्तरमा उहाँ सधै भन्नुहुन्थ्यो कि यो कुराका बारेमा अब मलाई केही नसोध नेपालका नेताहरूलाई नै गएर सोध । **उहाँ भन्नु हुन्थ्यो, मैले चाँहि हिन्दु निरपेक्ष राष्ट्र भनेर जुन कुरा यहाँ भनियो त्यसलाई स्वीकार गरेको छैन र स्वीकार गर्न नपाउने यो मेरो अधिकारभित्र पर्दछ ।** म चाहिँ मेरो विवेकसँग घात गर्न सक्दिन । मैले यो स्वीकारेको छैन । हामी गरीब छौं तर पनि हामी खुशी छौं । Happiness Index मा हामी अरू देशभन्दा माथि छौं । हामी हाम्रो गरीवीको कुरा गर्ने हो भने सबै राष्ट्रको सूचीमा पछाडिबाट तेस्रो, चौथो, पाचौं देखि सातौं, आठौं को सूचीमा घटीबढी भइराखेका हुन्छौं । यो चाहिँ हाम्रो लागि लज्जाको विषय हो ।

हामीसँग पूर्वीय संस्कृतिको यति ठूलो विरासत छ, हिमवत् खण्ड भनेर अझै पनि हामी गर्व गर्दछौं । डा.रमेश ढुङ्गेलज्यू हामी बीचमा हुनुहुन्छ उहाँले यस विषयमा अझै बढी प्रकाश पार्नुहुनेछ । उहाँले यो विषयमा लेखिरहनु पनि भएको छ त्यसैले उहाँलाई म धन्यवाद दिन चाहन्छु । हामी आजसम्म पनि व्यक्ति व्यक्तिको पहिचानको निम्ति लडाईं लडिरहेका छौं । तर विश्वमा राष्ट्रको जुन बेग्लै पहिचान थियो सबैले विश्वको एकमात्र हिन्दु राष्ट्र भन्ने गर्दथे तर आज त्यो हामीसँग छैन ।

अघिल्लो पटकको संविधान निर्माणका क्रममा यस्ता कुरा उठेका थिए । तर किसुनजी ले चाहिँ अत्यन्त विद्वतापूर्वक ढङ्गले यो कुरालाई संविधानको खाकामा राख्नु भएन । के को लागि छोडेको त भन्ने कुरा आजसम्म पनि बुझिएको छैन । एउटा भन्छन् आफ्नो सामर्थ्य र पहिचानको लागि लडाई लडेका थियौं र अझै लड्दैछौं । थाहा छैन यो लडाईंले राज्यले अझै के के व्यहोर्नु पर्ने हो । **हामीले आफ्नो धेरै अद्वितीय स्थापित पहिचानलाई त गुमाई सक्यौं नै तर अबको दिनमा चाँहि यस्ता कुराहरूमा विचार पुऱ्याउनु पर्दछ ।** मेरो चाहिँ यस बारेमा व्यक्तिगत धारण के हो भने यो कुरालाई यसै छोड्ने र यसलाई समयमा नै समाधान नगर्ने हो भने यसले राज्यमा भोली ठूलो समस्या निम्त्याउन सक्दछ त्यसैले यसलाई बुद्धिमत्तापूर्वक अवतरण गराउनु पर्दछ ।

म पनि तराईको मान्छे हुँ, तराईमा आजको दिनमा जति पनि आपसी द्वन्द्व, वाद विवाद छन् ती सबैलाई एकातिर राख्ने हो भने पनि धार्मिकरूपमा हामी सबै बीचमा समन्वय कायम छ । हामी कहिले बोलबमको नाममा मिलेर बोलबम भन्दै हिडिंरहेका हुन्छौं त कहिले भागवत सप्ताहमा पनि सरिक हुन्छौं । यहाँ हिन्दु र मुसलमान बीचमा पनि सहिष्णुता छ । मुसलमानको इदमा हामी जान्छौं त हाम्रो तिहारमा उनीहरू खुसी हुन्छन् र शुभकामना दिन्छन् । मैले मेरो गाऊँमा एउटा मन्दिर बनाएको छु, जहाँ एकजना स्वामीजी जानुभएको थियो, स्वामीजी त्यस मन्दिरमा मुसलमान दाजुभाईहरूको पनि सहयोग देखेर औधि प्रसन्न हुनु भएको थियो । मुसलमानले मन्दिर बनाउँदा र हिन्दुले मस्जिद बनाउँदा सहयोग गर्ने चलन यहाँ आम भइसकेको छ । यो सब भनिरहँदा हाम्रो हिन्दु धर्ममा विकृति नै छैन भन्ने चाहिं पटक्कै होइन । **हाम्रो धर्ममा विकृति कहाँनेर आयो त भन्दा हामीले हाम्रो धार्मिक सहिष्णुतालाई विस्तारै आफ्नो स्वार्थपूर्तिको साधन बनाउँदै गयौं ।** भगवान्ले के माग्छन् थाहा छैन तर हामीले भगवानलाइ खुशी पार्ने हो भने यो गर त्यो गर भन्न थाल्यौं । यसले धर्मको क्षेत्रमा मानिसमा वितृष्णा ल्याउन थाल्यो ।

धर्मान्तरणको विषयमा भन्नु पर्दा यसमा मेरो पनि सुक्ष्म अध्ययन रहेको छ ।

नेपालमा हाल कोरियाबाट आएका भर्खरका युवाहरू स्वयंसेवकको रूपमा आज गाऊँ गाऊँमा छिरेर यो क्रिस्चियन धर्म हैन यो बेग्लै हो भनेर ढाँट्दै सिधासादा नेपालीलाई यो पनि हाम्रै धर्म हो भनेर झुक्याएर बाइबल बाँड्ने, धर्म परिवर्तन गराउने, लोभ देखाउने जस्ता गतिविधिमा संलग्न भएका छन् । सेवासँगै यिनले प्रलोभन पनि साथसाथै लिएर हिंडेका छन् । हामी भन्छौ नि, हिन्दु सनातन धर्मका अनुसार हाम्रो कमाईको केही निश्चित प्रतिशत रकम भगवान्लाई दिनु पर्दछ भनेर तर त्यो हामीले पुरा नगरिरहेको अवस्था छ । यदि यसलाई हामी सबै मिलेर उक्त रकमलाई सेवा कार्यमा लगाउने हो भने धेरै गरीव असहाय जनताको उद्धार हुने थियो । **सेवा नै परम धर्म हो** । म अमेरिका, युरोपतिर हेर्ने गर्दछु, त्यहाँ त आफ्नो वार्षिक आम्दानीको अडिटरले अडिट गरि सकेपश्चात् धर्मको नाममा केही निश्चित रकम चेकमा दस्तखत नै गरेर छुट्याएर दिन्छन् अनि पो उनीहरूको कोषमा यत्रो ठूलो रकम हुन्छ त । आज अनिरूद्धजीको कार्यपत्रमा धर्मसापेक्ष राष्ट्र कति छन् र कुन कुन हुन् भन्ने कुराको उल्लेख भएन । त्यो उल्लेख भएको भए साह्रै राम्रो हुन्थ्यो । मलाई त लाग्छ त्यस्तो निरपेक्ष नै लेखेको खालको राष्ट्र त छ जस्तो लाग्दैन । अमेरिका, युरोप जस्ता राष्ट्रले आज हामीलाई तिमीहरू धर्मनिरपेक्ष राष्ट्रमा जाउ भनेर भनिरहेका छन् तर के उनीहरू निरपेक्ष छन् त ? अनि जब उनीहरू निरपेक्ष छैनन् भने उनीहरूले यो कुरा हामीलाई सिकाउने अधिकार छ ? यो कुराको बारेमा आज सबै जनताले बुझिसकेको अवस्था छ । त्यसकारण तराईका जनताले पनि यो कुरा चाहिँ राम्रोसँग बुझेका छन् । राष्ट्रिय एकताको लागि तपाँईहरूले आज संविधानमा धर्म भन्ने जुन विषय उठाउनु भएको छ जुन सामाजिक सुरक्षाको दृष्टिकोणले एकदम नै सही छ ।

हिमालका मान्छे जो बौद्ध धर्म मान्छन्, उनीहरू सुरूमा त धर्मनिरपेक्ष राष्ट्र हुँदा खुशी भएका थिए तर आज बौद्ध धर्मगुरूहरूसँग भेटेर कुरा गर्दा उहाँहरू सारै नै दुःखी भएको कुरा गर्नुहुन्छ । धेरैले त भन्नु पनि भएको छ कि लौ न दीपकुमार बाबु केही गर्नुपर्यो । यहाँ त **अब हामीलाई गुम्बाको बाहिर क्रिस्चियनहरूले चर्चको चिन्ह पो झुन्ड्याई दिन्छन् कि भन्ने कुराले सताउन थालेको छ ।** हामी त निरीह भएर बस्ने बेला पो भएको छ, राष्ट्रको यो अवस्था देखेर । यी गरीब गुरूबालाई यिनीहरूले यस्तो प्रलोभनमा पार्छन् कि हामीले उनीहरूलाई जति सम्झाए पनि सम्झाउन बुझाउन सकिरहेका छैनौं । अब त केही गर्नुपर्‍यो, अब त केही गर्नुस् भनेर उहाँहरूले मलाई कयौं पटक भनिसक्नु भएको छ । त्यसैगरी मुसलमान धर्मगुरूहरूले पनि बैठक बसेर यही रूपमा जाने हो भने त अबको दुई तीन वर्षमा नेपालमा ठूलो द्वन्द्व हुने भयो भनेर चिन्तित छन् ।

उहाँहरूलाई आफैं पनि त्यो द्वन्द्वको चपेटामा परिने हो कि भन्ने त्रासले सताएको छ । हिजोको अवस्थामा हामी सुरक्षित थियौं तर आजको अवस्था हेर्दा त सोच्नै पर्ने अवस्था आएको छ भनेर उहाँहरू पनि भन्नुहुन्छ ।

आज यहाँ संविधानसभाका आदरणीय सदस्यज्यूहरू पनि मेरो साथमा हुनुहुन्छ । उहाँहरूले अब गएर आफ्नो पार्टीका सदस्यज्यूहरूलाई सम्झाउनु पर्‍यो । मैले त ठूला साना पार्टीका कैयौं सदस्यहरूलाई पहिले पनि भनिसकेको छु । **डा.बाबुराम भट्टराईज्यूले आफ्नो बाबुको ८४ को पूजा लगाएको तथा प्रचण्डज्यू पनि कता कता गएर मन्दिरमा पूजा गर्दै हिड्नु भएको कुराहरू पनि यदाकदा चर्चामा आई नै रहेका छन् ।** यो पक्का पनि उहाँहरूमा भएको धार्मिक आस्थाको कारणले नै गर्दा हो । धर्मसँग जोडिएर व्यक्तिको मौलिक पहिचान त हुँदो रहेछ त । धर्म भनेको मानिसको आस्थाको विषय हो र यो सत्य छ । इमान्दारीपूर्वक भन्ने हो भने मानिस भनेको असल या खराब हुन्छ । यदि मानिसको धर्मप्रति आस्था हुने हो भने त्यो मानिस पक्का पनि खराब हुन सक्दैन । धर्मले व्यक्तिको चरित्रको निर्माण गर्दछ । आजको मानिस जतातातै स्वार्थीपनाले घेरिएको छ । झगडा गर्ने, अरूलाई जथाभाबि भन्ने र गर्ने, अनैतिकता आफ्नो मर्यादालाई बिर्सेर काम गर्ने जस्ता अनेकौं नराम्रा गतिविधिमा मानिसको सक्रिय सहभागिता छ तर यसलाई यदि नियन्त्रण गर्ने हो भने मनिसको मनमा रहेको भगवान् प्रतिको आस्थालाई जगाउनु पर्दछ । तब धेरै हदसम्म समाजलाई सुधार गरेर नैतिकताको मार्गमा लैजान सकिन्छ ।

**एउटा असल, राम्रो मान्छे बन्नको लागि पनि मानिस आध्यात्मिक बन्नै पर्दछ ।** नत्र असल मान्छे बन्न सकिन्न । जबसम्म मानिसले अवसर पाउँदैन तबसम्म त्यो मानिस असल देखिएला तर अवसर पाउनासाथ मानिस खराब भएर गएको हामीले देखेका छौं । किसुनजीले भन्ने गर्नु हुन्थ्यो, बाबु हेर ! असल मानिस बन्ने प्रयास गर, तिमीलाई धेरै गर्ने अधिकार छैन, तिमी के गर्दछौ के सोच्दछौ त्यसको सम्पूर्ण अधिकार तिमी सँग छ, त्यसैले तिमी आफुप्रति आफैं इमान्दार बन ।" किसुनजीले हरेक कुरालाई गीताको सारमा जोडेर भन्नुहुन्थ्यो ।

अब कठिन घडी आएको छ त्यसैले हामीले आफ्ना नेताहरूलाई आफैंले सम्झाउने प्रयास गरौं । विवाद बढाउने काम नगरौं । गल्ती भएको छ । यसलाई सुधार्ने प्रयास गरौं । सापेक्ष र निरपेक्षको कुरा नगरी संविधानमा अरू नै केही गर्ने विषयमा सोचौं । सबैको सहमति जुटाएर अगाडि बढौं । अघिल्लो संविधानसभाको जेठ २ गते लगभग संविधान बन्ने कुरा निश्चित भइसकेको थियो, त्यहाँ विविध विषयमा छलफल चलाउँदा म पनि उपस्थित थिएँ । त्यहाँ एमाले, माओवादी, मधेसबैादी दलका नेताहरूले पनि यो कुराको


महसुस गर्नुभएको थियो । उहाँहरूले गल्ती हामीबाट भएको छ भनेर गल्ती पनि स्वीकार्नु भएको हो । यसलाई लेख्ने बेलामा मिलाएर लेख्नु पर्छ भनेर पनि भन्नु भएको हो । तर यो कुराको निक्यौंल हुन भने सकेको थिएन र यो कुरा बाहिर पनि आएन । अहिले पनि हामीले यो कुरामा ध्यान पुऱ्याएर अगाडि बढ्यो भने समस्याको समाधान गर्न सकिएला । हैन भने जनता त यति धेरै दुःखी छन् कि यसले भोली ठूलै प्रलय ल्याउने छ । अन्तराष्ट्रिय एजेन्सीहरूको कतै कसैले विज्ञापन गरेको होइन यहाँ । नेपालमा समावेशी सिद्धान्त अनुसारको व्यवस्था गर्ने र बाहुन क्षेत्रीलाई 'waiting' मा राखेर, पर्‍यो भने बोलाउँछौं भनेर पनि भन्दथे । त्यहाँसम्म पनि हामीले स्वीकारेका नै थियौं । तर हुँदाहुँदै अब इशाईलाई बढावा दिनको निम्ति खोजिएको हो भने यो कुरालाई हामी मान्ने छैनौं ।

आज बेरोजगारीको ठूलो समस्या छ यसको फाईदा उठाएर इशाई बन्ने हो भने जागिर पाउँछौ भनेर जागिरको प्रलोभनमा पारेर पनि धर्मान्तरण गरिरहेको हामीले पाएका छौं । इशाईहरूको नै भनाई अनुसार **नेपालमा एउटा कस्तो परिपाटी छ रे भने नि कसैले जागिरको प्रलोभनमा इशाई हुनुपर्ने कुरा गर्‍यो भने जागिर खानको लागि नै त्यो व्यक्ति एकपटक इशाई बनि पनि दिन्छ रे, तर जागिर पाए पश्चात् उसले इशाईयतलाई छोडेर पुनः आफ्नै धर्ममा आएको पनि थुप्रै रेकर्ड छन् ।** यो कुराले नेपालमा मिसिनरी क्षेत्रमा काम गरिरहेका इशाईहरू पनि दिक्क छन् । जे भए पनि हामी वास्तवमा नेपालमा हिन्दु धर्मको संस्कृति सभ्यता जगेर्नाको लागि थुप्रै जना लागि परेर काम गरिरहेका छौं । संस्थाहरू पनि एक से एक खोलिएका छन् तर यसलाई समन्वय गरेर अगाडि बढाउने व्यक्तिको चाहिँ यहाँ अत्यन्तै खाँचो छ । हामीसँग सुनको थाल छ तर पनि हामी विदेशीसँग अझै पनि एक दुई रूपैयाँको लागि हात पसार्न छोडेका छैनौं । तर जे भए पनि मलाई यो आजको कार्यक्रमको प्रकृति हेर्दा नेपालमा एउटा राम्रो कुराको थालनी भएको छ जस्तो लागेको छ । यस्ता कार्यक्रमहरूमा अबबाट सकेसम्म धेरै दलका नेताहरूलाई समावेश गराएर उनीहरूको मन मस्तिष्कको ढोका घच्घच्याउन भने अत्यन्तै जरूरी भएको छ । यदि यस्तो गर्न सकियो भने राष्ट्र ठूलो दुर्घटनाबाट बच्न सक्दछ ।

मानव सभ्यताका लागि पनि हाम्रो पूर्वीय सभ्यता धेरै नै उदाहरणीय छ । मानिस के हो, मोक्ष के हो जस्ता कुरा यसमा छन् जुन कुराको आज पश्चिमी सभ्यताले समेत अङ्गिकार गर्दै, खोज्दै गइरहेको छ । जीवन के हो ?, पुनर्जन्म के हो ?, हाम्रो कर्तव्य के हो ?, के गर्दा हुन्छ, के गर्नु हुँदैन जस्ता अनेकौं कुराहरूको हाम्रो दर्शन शास्त्रमा उल्लेख गरिएको छ । मानिसलाई विस्तारै ज्ञानको भोक

लागेकाले आज विश्व बौद्धदर्शन तर्फ लम्केको पाइन्छ । मानिस आज इशाईदेखि दिक्क भएर हाम्रो हिन्दु समाजलाई अङ्गिकार गरेर बढिरहेको बेलामा आज हामी हाम्रो संस्कृति नै बिर्सन खोजिरहेको अवस्थामा छौं । हाम्रो देशको गरीवीको फाइदा उठाएर आज उनीहरू आफ्नो निहित स्वार्थपूर्ति गर्नमा अभिप्रेरित भएका छन् । यिनै कुराको सेरोफेरोमा रहेर म आजको यस कार्यपत्रको प्रस्तोता श्रीमान् श्रीकृष्णज्यूलाई धन्यवाद दिन चाहन्छु । साथै अन्य साथीहरूलाई पनि के भन्न चाहन्छु भने यो समस्या हाम्रो हो, हेर्नुहोस् सोचलाई सकारात्मक बनाउनु पर्दछ, एकले अर्कोलाई दोष थोपरेर यहाँ केही हुने होइन । आज नियतिले/ इतिहासले हामीलाई एउटा जिम्मेवारी दिएको छ । त्यसमा हामी सबैले आफ्नो सोच सकारात्मक बनाऔं । समस्या छ भन्ने कुरा हामी सबैले महसुस गरेका छौं । अब हामी सबै मिलेर यसको समाधान खोजौं र समयलाई सहज बनाउँदै सरल ढङ्गले यसको सहज अवतरण होस् भन्ने मेरो हार्दिक चाहना छ र यही मेरो पनि प्रयास रहेको छ । यसप्रति म फेरि पनि प्रतिबद्ध छु ।

हेर्नुहोस्, मैले पनि नेताहरूलाई भनेको छु तपाईहरू ठाउँठाउँमा गएर नेपाललाई वैदिक हिन्दु धर्म कायम हुनुपर्छ भनेर बोल्नुहोस् भनेर मलाई कयौं व्यक्तिहरूले भनेर भन्नु भएको छ, म के गरौं भन्दा तपाई नेपाली कांग्रेसको केन्द्रीय समितिको एउटा जिम्मेवार व्यक्ति भएको नाताले तपाँईले यस्तो कुरा गएर बोल्न सुहाउँदैन । पार्टीलाई अप्ठ्यारो पर्छ भन्ने जवाफ पाएको छु । यो एउटा पक्ष त हुँदै हो तर **म अरुको जस्तो रक्तपात गर्छौं, क्रान्ति गर्छौं भन्ने कुरामा विश्वास पनि गर्दिन र गल्ती सच्याउनु पर्दछ भन्ने गर्छु** र यो कुरा म बाहिर भित्र जता पनि बोल्दछु । अरूको जस्तो ठाउँ पिच्छे कुरा फेरेर बोल्ने बानी मेरो छैन । अरूले यो कुरा बुभ्नु हुन्छ कि हुन्न त्यो त मलाई थाहा छैन तर यहाँ उपस्थित बुद्धिजीवी तथा संविधानसभाका सदस्यज्यूहरूले चाहिँ यो कुरा बुझिदिनु पऱ्यो । समयले इतिहास छ भनेर भन्दैन, समय भगवान् हो, यो महान् छ र बलवान् पनि छ । समयले क्रूरता पनि ल्याउन सक्दछ, किनभने समय क्रूर पनि छ । त्यसैले तपाईहरूले आज समयमा नै यो कुरा बुझिदिनु पऱ्यो । धन्यवाद ।



## शरतसिंह भण्डारी

आजको अन्तक्रियात्मक कार्यक्रमका सभापति महोदय, यसमा अलिक ढिलो गरेर आएकोमा त्यसको लागि क्षमायाचना गर्न चाहन्छु । जुन प्रस्तुति श्रीकृष्णज्यूले यहाँ गर्नु भएको छ त्यसमा कसैले पनि विमति गर्ने ठाउँ नै छैन । हामीबाट जुन घटना घटेको छ अब यसलाई कसरी समाधान गर्ने हो त्यो महत्वपूर्ण भएको छ र यी सबै विषयमा आफ्ना तर्कहरू म भन्दा अगाडि दीपकुमारज्यू र जीतेन्द्रजीले राखिसक्नु भएको छ । ती सबै कुराहरूलाई मध्यनजर गर्दै म एउटा दृष्टिकोणमात्र यहाँ राख्न चाहन्छु । विशेष गरी अहिले यहाँ दुई पक्षबीच युद्ध भैइराखेको जस्तो लाग्दछ । एउटा त एकदम नै स्पस्ट छ कि राज्यको descrimination मा विभेदले विद्रोह जन्माउँदछ । धर्ममा पनि धर्मान्तरणको महत्वपूर्ण विषय त्यो पनि हो । किसुनजीको चुनावमा अन्तर्घात हुँदा हामी के भन्थ्यौं भने हिन्दु धर्म र कांग्रेसवादी भनेको एउटै हो । किनभने **कांग्रेसलाई भोट हाले पनि नहाले पनि कांग्रेस, कांग्रेसलाई अन्तर्घात गरे पनि नगरे पनि कांग्रेस, कांग्रेस मात्र भनेपछि सिद्धियो, हिन्दु धर्म पनि त्यही हो तपाई टुप्पी पाल्नुस् नपाल्नुस, जनै लाउनुस् नलाउनुस, जे गरे पनि तपाईं हिन्दुको कोखबाट जन्मेपछि हिन्दु नै हो,** बडा आनन्दको धर्म छ हाम्रो यो । यो विषयमा श्रीकृष्णज्यूले भित्र बाहिर सबै प्रस्तुत गर्नु भयो । सुरूवात् त त्यहाँ पनि हो । त्यो विभेदले यो अवस्थाको शुरूवात भएको हो । अर्को अलिकति रणनीतिक हिसाब-किताब पनि हो ।

हाम्रो मुलुकमा वास्तवमा हिन्दुको सम्मान नभएको जस्तो अवस्था अहिले सिर्जना भएको छ र यो कुरालाई मुसलमानले पनि हामी जत्तिकै महत्वपूर्ण ढङ्गले हेरिरहेका छन् । इशाईहरू अहिले धेरै नै चलखेल गरिरहेका छन् । त्यसैले म यहाँनेर के निवेदन गर्न चाहन्छु भने यी सबै कुरा मुस्लिमले नि देखिरहेका छन् र उसले पनि यसलाई महसुस गरिराखेको छ । नेपालमा इशाई बढेकोमा मुस्लिम सम्प्रदाय पनि चिन्तित छ । मेरो उनीहरूसँग पनि बेलाबेला कुरा भइरहेको छ । यदि यस्तै भयो भने भोलीको दिनमा यहाँ युद्धको अवस्था आउँदछ ।

**इतिहास साक्षि छ कि जुनसुकै देशमा इशाई र मुसलमानको नै युद्ध भएको छ ।** त्यसैले नेपालमा इशाई बढ्नु भनेको हिन्दुलाई मात्र नभएर मुस्लिमलाई पनि उत्तिकै खतरा बनेको छ । मुस्लिमलाई हिन्दुसँग डर छैन किनभने कुनै पनि मुस्लिम हिन्दुमा परिवर्तन हुनु भनेको करिब करिब असम्भव नै हो । कहिलेकाँही हिन्दु र मुसलमानको माया प्रेम बसेर विवाह गर्नुपर्ने अवस्था आए पनि उनीहरूले हिन्दुलाई मुसलमान बनाएर मात्र स्वीकार गरेका छन् । त्यसैले हिन्दुबाट मुसलमानलाई कुनै पनि खतरा छैन तर इशाई भनेको त धमिरा जस्तै हो । यसले कहिले कतिखेर केलाई कहाँ गएर खोक्रो पार्ने हो त्यो थाहा पाउनै मुस्किल हुन्छ । यिनीहरूले भित्रभित्रै आफ्नो धर्मान्तरणको काम अगाडि बढाईरहेका हुन्छन् । भगवान्को नाम धारण गरेको मानिसको नाम इशाई मा प्रवेश गर्नासाथ फेर्नुपर्ने हुन्छ तर जसको नाम धर्मको नाममा छैन जस्तै दीप कुमार, जीतेन्द्र, सन्तोष आदि नाम गरेकाले नाम फेर्नुपर्ने बाध्यता यहाँ रहँदैन तर इन्द्र, कृष्ण, शिव, आदि नाम रहेकाले इशाई मा प्रवेश गर्नासाथ नाम नै फेर्नुपर्ने अवस्थाको सिर्जना हुन्छ । कस्तो अचम्म । **(यो कुरा सुन्नासाथ सभामा उपस्थित सम्पूर्ण सहभागीको एकैसाथ हाँसो फुट्दछ)** यसले गर्दा त्यो के हुँदो रहेछ त भन्दा उनीहरू मनोवैज्ञानिक रूपमा आफूलाई तयार गरेर अगाडि बढिरहेका छन् । त मैले के भन्न खोजेको हो भने हामी हिन्दु, मुसलमान र इशाईहरूको पक्षबाट यहाँ बोलौं । मुसलमानलाई धर्मनिरपेक्षता पछाडि के के न पाएको जस्तो अनुभव भइराखेको छ । मैले उहाँहरूलाई तपाईंले धर्मनिरपेक्षता पछि के पाउनु भयो त भनेर सोधेको थिएँ तर उनीहरूले यसको केही जवाफ नै दिन सकेनन् । मैले उहाँहरूलाई तपाईहरू को हो भनेर सोध्दा उहाँहरूले मुसलमान भन्नु भयो तब मैले उहाँहरूलाई यो भनेको थिएँ कि यदि तपाई मुसलमान हो भने नेपालको कानून अनुसार तपाई नेपाली हुँदै होइन र यदि तपाई नेपाली हो भने कुरा अनुसार तपाई मुसलमान हुँदै होइन ।

अहिले यो मुलुक धर्मनिरपेक्ष भइसक्यो । संविधानसभाले अन्तरिम संविधानमा यो लेखेको ७ वर्ष भइसक्यो । मुस्लिम हुनको लागि उसले सूर्यलाई त मान्नु पर्छ । उनीहरूको एउटा कस्टमरी विध हुन्छ त्यो उसले मान्नु पर्दछ । अनि बल्ल त्यो मुस्लिम हुन पाउँदछ । त्यो कस्टमरी विधलाई जबसम्म नेपालले मान्यता दिंदैन त्यो मुसलमान हुन पाउँदैन । त्यसो हुनाले मैले यो सोध्न बाध्य भए उनीहरूलाई कि तिम्रो विचारमा कस्टमरी विधलाई protect गर्ने हो कि यसलाई धर्मनिरपेक्ष राज्य बनाउने हो ? उनीहरूले यो कुरालाई अहिले पनि बुझेका छैनन् । **धर्मनिरपेक्ष भन्ना साथ उनीहरूले अब हामीले जे पनि गर्न पाउछौं भनेर बुझेका छन् तर त्यो होइन ।** अब यहाँ आएर मलाई के लाग्दछ

त भन्दा मैले रणनीतिक हिसाबले कुरा गर्न खोज्दा हिन्दुमात्र होइन जति पनि हिन्दु, किराँत देखि लिएर सारा कुराहरू जातिहरूमा जुन अस्तित्व र पहिचानको खतरा यहाँ देखा परिरहेको छ त्यसलाई यदि राजनीतिक फाइदाको निम्ति कसैले प्रयोग गरेमा यसले भोली ठूलो समस्या निम्त्याउन सक्दछ ।
अहिले राजनीतिक रूपमा यो सापेक्षता र निरपेक्षताको कुरा धेरै नै अगाडि बढिसकेको छ । श्रीकृष्णजीले यहाँ उठाउनु भएको विषय मुनासिब छ । अब आउने संविधानमा यो विषयमा मौन बसेर धर्मान्तरण गर्ने गराउने विरूद्धमा कडा भन्दा कडा कानूनको परिपाटि ल्याउन आवश्यक भएको छ । यहाँ आएर मैले अर्को एउटा कुरा पनि भन्नै पर्दछ श्रीकृष्णजीले जुन कार्यपत्र पेश गर्नुभयो र यहाँ जस्तो खालको बौद्धिक र समाजिक व्यक्तित्वहरूको उपस्थिति छ यसलाई आधार बनाउँदा भोलीको दिनमा यो पहिचानको मुद्दालाई अगाडी बढाउन हामीलाई सहयोग हुनेछ । यहाँ कुनै पनि पार्टी विशेषको व्यक्तिहरू हुनुहुन्न त्यसैले कुनै पनि पार्टीको आवरण नलिई यसलाई स्थापित गर्न तर्फ लाग्नुपर्दछ । किनभने कुनै पार्टीको आवरणमा आउने बित्तिकै सही मुद्दाहरू पनि विस्तारै ओझेलमा पर्न थाल्दछन् । यहाँ राजाको विषय पनि हिन्दुसँग जोडेर आउने कुरालाई दीप कुमारजीले जसरी भन्नु भयो त्यो सत्य हो तर अब राजा गइसकेको इतिहास पनि हामीलाई थाहा छ । त्यसैले यो विषयलाई राजासँग जोडिनु हुँदैन भन्ने मेरो पनि मान्यता हो ।
**हो राज्यको आफ्नो कुनै पनि धर्म हुँदैन तर राज्यमा भएका हरेक धर्महरूको रक्षा भने राज्यले गर्नु पर्दछ ।** धर्मलाई रक्षा गर्ने भनेको मतलब चाहिँ के हो भने कुनै धर्म कमजोर छ भने यहाँ कमजोर हुनु भनेको अन्य हिसाबले होइन आर्थिक हिसाबले होला वैचारिक हिसाबले होला, तर यसको शोषण गर्ने काम चाँहि कोही कतैबाट हुनुहुँदैन । दीप कुमारजी, जीतेन्द्रजीसँग म पनि व्यक्तिगत रूपमा पूर्ण सहमत छु । राजनीतिक हाँगा-बिगाले यो विषयलाई उचालेर अन्य प्रकारको द्वन्द्वमा लैजाने प्रयास गर्नुभन्दा समयमा नै यो विषयलाई समाधान गर्नु बुद्धिमता हुन आउँछ । बाहिर भाषण गर्दैमा बोल्दै हिड्दैमा पार्टीको एजेन्डा बनाउँदैमा यो समस्याको समाधान हुदैन । यसले बाहिर माहोल चाँहि बन्छ र वातावरण पनि तयार हुन्छ । जीतेन्द्रजी र दीप कुमारजी जसरी बेग्लाबेग्लै पार्टीमा हुनुहुन्छ म पनि त्यसै गरी अर्को पार्टीमा छु । म पनि बाहिर माहोल बनाउनु पर्दछ भन्ने कुरामा सहमत छु र तपाईहरूसँग सहकार्य गर्न तयार पनि छु । यति भन्दै यहाँहरू सँग म विदा माग्न चाहन्छु । धन्यवाद ।



## अनिल कुमार झा

यस अन्तर्क्रियाको मुख्य वक्ताज्यू र सहभागि आदरणीय विद्वत् मित्रहरू। सबैभन्दा पहिले म आयोजक संस्था र डा.दीपक कुमार अधिकारीज्यूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु। यो सार्वजनिक कार्यक्रममा हामीलाई बोलाउनु भयो र वास्तवमा श्रीकृष्णजीको जुन मर्मस्पर्शी कार्यपत्र बुझ्ने र सुन्ने मौका यहाँ मलाई दिनु भयो त्यसका लागि फेरि पनि धन्यवाद। म यस कार्यक्रममा अलिकति ढिलो आएँ त्यसैले पुरा कार्यपत्र त सुन्न पाइनँ। आज मेरो छिमेकमा एउटा श्राद्ध थियो र त्यसमा जानै पर्ने बाध्यता थियो। तर जे भए पनि श्रीकृष्णजीको भावनासँग हामी पहिलेबाटै जानकार थियौं। म यहाँ अनुमान लगाउन सक्दछु कि मैले यहाँ के चाहिँ मिस गरें होला भनेर किनभने मैले सबै सुन्न नपाए पनि आधाभन्दा बढि अवश्य सुनेको छु। मूलतः यहाँ कांग्रेस, फोरम लोकतान्त्रिक, अनि मधेस समाजवादी पार्टीका हाम्रा नेताहरूले बोलेर गइसक्नु भएको अवस्था छ। म यहाँ उहाँहरूको कुरा काट्न होइन कि मिलाउन आएको हो।

नेपालमा सबैभन्दा ठूलो समस्या राजनीतिक दलका लागि के हो भन्दा जस्तो मानिसको समूह देख्यो आफू पनि त्यहाँ गएर त्यस्तै बोलिदियो। यो यहाँको परम्परा नै बनिसकेको छ। म अलिकती खरो शब्द बोल्ने मान्छे, मलाई यहाँ हुनु भएका धेरै साथीहरूले बेलाबेलामा भन्नुहुन्छ तपाई किन यति खरो बोल्नु हुन्छ हँ, सल्लाह पनि दिनुहुन्छ यसरी नबोल्नुहोस् भनेर। अर्थात् यो भन्नुको तात्पर्य मेरो बोलीले बेलाबेलामा अरूलाई सहित मलाई पनि अफठ्यारो पार्ने गर्दछ। यसको कारण के हो भन्दा भीडमा बोल्दा सजिलो हुन्छ कसैले बोल्ने क्रममा मलाई देखाएर उहाँलाई बोल्न लगाउनुस् भनेर आफूहरू पन्छिने पनि गर्ने गर्नुहुन्छ र म पनि बोल्दिहाल्ने गर्छु यो चाहिँ नेपाली राजनीतिको बहुत खराब भाग हो। सबैसँगै बस्ने, रमाइलो मोज मस्ती पनि सँगै गर्ने, राति दिउँसो बिहान अनि फेरि अर्को राति पनि बसेर मिटिङ्ग गर्ने तर कुरा भने कहिल्यै कसैसँग नमिल्ने। यो किन त भन्दा अनुकूल बोल्ने हाम्रो जुन परिपाटी छ त्यसैले गर्दा हो

र यसैको फलस्वरूप यहाँ सबैलाई धर्मनिरपेक्षता लेख्न प्रेरित गऱ्यो । यसलाई अन्यथा नलिने हो भने र कसैले आफूमाथि यसको दोष तथा श्रेय नलिने हो भने यहाँ म एउटा कुरा राख्न चाहन्छु ।

**भारतमा सोनिया गान्धी र मनमोहन सिंहको वर्चस्व हुँदा आफ्नो बाउ मर्दा श्राद्ध पनि नगर्ने हाम्रा नेताहरू भारतमा नरेन्द्र मोदी प्रधानमन्त्री हुँदा धार्मिक अनुष्ठान गरेर हिंडेको पनि देखिएको छ ।** अब ती को हुन् भनेर मैले यहाँ नाम लिइरहन आवश्यक छैन बच्चा बच्चालाई यसका बारेमा थाहा छ। मलाई बेलाबेला बढो अफ्ठ्यारो पर्दछ । म चाँहि आफूलाई कहाँ लगेर राखौं गरौं भनेर । अलिकती realistic भएर कुरा गर्यो भने त्यो कुराले मलाई नै कहाँ पुऱ्याइदिन्छ । यो देशमा मुस्लिमहरूको विविध सङ्गठन बनाउने, जाति जनजातिको सङ्गठनहरू खोल्ने, INSEC को नामदेखि मानव अधिकारवादी सङ्गठनको नाममा सबैभन्दा बढी पैसा थुत्ने पार्टीहरू नै अहिले पहिचानका बारेमा प्रश्न गरिरहेका छन् । गएको २५ वर्षदेखि अन्धाधुन्द दलहरू डलरको खेती गर्ने र त्यो डलरको भरमा चल्ने पार्टीका नेताहरू अहिले यो मधेशी के हो, आदिवासी के हो भनेर भनिरहेका छन् । यहाँ २५ वर्ष अघिबाट तपाँईहरूले गरेको कामका बारेमा स्पष्टीकरण तपाँईहरूले दिने कि अरूले दिने हो ? म एकपटक पाकिस्तानको एक कार्यक्रममा गएको थिएँ। त्यहाँ त्यतिबेला तालिबान नामक एउटा सङ्गठनको चलखेल चलेको थियो । त्यस कार्यक्रममा जाँदा त्यो कार्यक्रमको एउटा चौरमा एउटा जनसभाको कार्यक्रम थियो जहाँको कार्यक्रम त्यहाँका धेरैभन्दा धेरै टेलिभिजनले कभरेज गरेका थिए । नेपालबाट पनि त्यहाँ २ वटा विद्यार्थी सङ्गठनहरूले सहभागिता जनाएका थिए । त्यो कार्यक्रम गर्ने सँस्थाको नाम P.S.O. थियो । एउटाबाट म गएको थिएँ र अर्को एमालेसँग सम्बन्धित विद्यार्थी सङ्गठन गएको थियो । यो कुरा म यहाँ किन राख्दै छु त भन्दा यो एउटा बहुत संवेदनशील विषय हो । म यो कुरा लाई २ मिनेटमा नै समेट्ने छु किनभने म धेरै बोल्ने खालको वक्ता होइन । त्यो कार्यक्रममा ५०० भन्दा बढी हतियारधारी व्यक्तिहरूले घेरा हालेर बसेका थिए । हाम्रोमा त जेल पनि त्यति सुरक्षित हुँदैन त्यति सुरक्षासाथ हामीलाई त्यहाँ राखिएको थियो । हामी त्यहाँको एउटा पूर्वमूख्यमन्त्रीको घरमा रात्रि भोजमा सहभागी भएका थियौं । त्यहाँ सिङ्गो बाखाहरूको रोस्ट बनाएर झुन्ड्याइ राखेको थियो । सबैले त्यसैबाट लुछेर खाई राखेका थिए । मलाई के लाग्यो भने त्यो साँचिकै बाखा हो कि अरू नै के हो भनेर मैले त्यो खाइन । त्यो आपँको मौसम थियो, त्यहाँ एकदम नै गर्मी थियो । एक दुई पिस आँपका टुक्राहरू खाएँ । त्यहाँ मसँग गएको अर्को विद्यार्थी सङ्गठनका साथी पनि थिए म जस्ता त्यहाँ भएका अरू साथीहरूलाई लिएर

भोलीपल्ट हामी चार जनालाई नजिकैको होटेलमा लगियो । ती साथीहरूले तिमीहरू विद्यार्थी मान्छे तिमीहरूसँग त प्रशस्त पैसा पनि छैन होला त्यही भएर तिमीहरूलाई यहाँ नेपाली ढङ्गको खाना खुवाउन लिएर आएको किनभने रात्रि भोज पनि सकिसकेको छ । तिमीहरूले त हिजो त्यहाँ खाना पनि खाएनौ सायद तिमीहरूले हिजोको त्यो मासु गाईको होला भनेर नखाएको होला हैन भनेर सोध्यो । हामीले उसको अगाडि त होइन त भन्यौ तर वास्तवमा हामीले त त्यही भएर नै खाएका थिएनौं । उसले हामीलाई तिमीहरू गाईको मासु खान्छौ भनेर सोध्यो, मैले खादैनौं भने । हुन त उसले हामीलाई त्यही गाईको मासु नखाने भएकैले त्यहाँ सादा खाना खुवाउनको लागि लिएर गएको थियो । उसले पछि के भन्यो त भन्दा जो गाईको मासु खान्छ त्यो त हिन्दु हुनै सक्दैन । उसले यो भन्दा हामी एकछिन खुशी पनि भयौं ।

भारतमा तीनै मनमोहन प्रधानमन्त्री हुँदा गाई काट्नको लागि छुट दिइयो अब यहाँ पनि झण्डै झण्डै त्यस्तै बनाउन खोजिंदै छ । यहाँ पनि एकाएक धर्मनिरपेक्षता पास भएर आयो । वास्तवमा यहाँ जुन दिन धर्मनिरपेक्षता घोषणा भयो त्यही दिन तात्कालिन सात दल र माओवादी सहितको बैठक बसिरहेको थियो । जसमा सात दलको आन्दोलनको कार्यकर्ताको हिसाबले म पनि त्यहाँ उपस्थित थिएँ । म त्यतिबेला एकदम नै फुच्चे थिएँ आजभन्दा एक दशक अगाडीको कुरा हो यो । म त्यहाँको माहोलसँग त्यति सहमत थिइन । म आफ्नो कुरा त्यहाँ कसरी राख्ने होला भनेर अलमल्ल परिरहेको थिएँ । मेरै पार्टीका योगेश त्रिपाठी, राजेन्द्र महतो र म गरेर तीनजना त्यहाँ थियौं । हामीहरू तीनै जना त्यहाँ सल्लाह गर्नको लागि अलग्गै बसिरहेका थियौं । हुन त मिटिङ् एउटै चलेको थियो तर त्यहाँ भित्रभित्र हाम्रो मिटिङ् पनि चलिरहेको थियो । मैले जे होला होला भनेर त्यहाँ एउटा प्रस्ताव राखें । राजा, धर्म र सेना भनेको तीन अलग अलग विषय हुन् र यो अहिले हामी बीचमा जटिल विषय पनि हो । यी तीनै वटा विषयलाई एकै पटक आमन्त्रित गरियो भने यसले जटिलता ल्याउन सक्दछ त्यसैले हामीले के गरौं त भन्दा अहिले हाम्रो सबै भन्दा ठूलो शत्रु राजा हो पहिले त्यसलाई कारवाही गरौं त्यसपछि आमसभामा बाँकीका दुईवटा विषयलाई लैजाऔं र त्यही सभाले नै यो कुराको निर्णय गर्दछ र त्यही बेला आदरणीय कमरेड लिलामणिजीले मेरो कुरा काट्नु भयो । मलाई त्यहाँ समर्थन गर्ने कोही पनि व्यक्ति भएन र त्यो कुरा त्यहीं सेलायो । सायद त्यसपछि त्यहाँ धर्मनिरपेक्षताको कुरा भयो होला । पर्दा पछाडी यो विषयमा छलफल भयो होला ।

यहाँ धर्मनिरपेक्षता भए पनि खासै परिवर्तन किन आएन त भन्दा यहाँ केही

सम्भ्रान्त परिवारका नेताहरू हुनुहुन्छ जो पञ्चायती कालमा पनि राज गर्नुभयो, प्रजातन्त्रमा पनि तिनै अनुहार आए, राजाको समयमा पनि तिनै अनुहार र अहिले लोकतन्त्र र गणतन्त्रमा पनि तीनै अनुहारहरू देखिई राखेका छन् । समयले जस्तो शासन व्यवस्थाल्याए पनि तिनीहरू त्यसैमा फिट हुँदै गए । यसको मतलब के हो त भन्दा यि नेता कस्ता त भन्दा भीड जस्तो बन्दै गयो यि पनि भोली त्यसैमा फिट हुँदै जान्छन् । त्यसैले यिनीहरूलाई शासन व्यवस्था जुन सुकै आओस्, धर्म व्यवस्था जे सुकै होस् कुर्सी पाएपछि पुग्यो । आफ्नो नीति, आदर्शको, राष्ट्रको बारेमा यहाँ कसैलाई केही मतलब छैन । नेपाल फेरी हिन्दु राष्ट्र हुनु पर्दछ, नेपालको आफ्नो पहिचान हुनु पर्दछ भन्ने अनेकौं मित्रहरू अहिले हामी बीचमा हुनुहुन्छ तर हामी धर्म/हिन्दुत्वको कुरा कोसँग गरिरहेका छौं त भन्दा आफ्नो आमा बाउको श्राद्ध समेत नगर्नेसँग । तिनै **आमाको श्राद्ध नगर्दा आफूलाई क्रान्तिकारी ठान्ने नेताहरू आज नरेन्द्र मोदीको उदय पश्चात् मठ मन्दिर उद्घाटन गर्दै धार्मिक अनुष्ठानमा सहभागी हुँदै हिंडेको देखिइरहेको छ ।** अब यस्तासँग हामीले के को आशा राख्नु ? उहाँहरूले यो कुरा सुन्नुभयो भने त रिसाउनु होला तर वास्तविकता यही नै हो । नरेन्द्र मोदीले पनि अब आफ्नो शत्रु र मित्र बुझ्ने बेला आएको छ ।

मलाई कसै कसैले भन्नुहुन्छ तिमीले तराईमा पहाडियाहरूसँग मिलेर मधेसलाई किन हराएको र म उनीहरूलाई भन्ने गर्छु कि गाई भनेको गाई हो र हिन्दु भनेको हिन्दु हो । कहिले काँही गाईको साँढेले मान्छेलाई हानेर मारिदिन सक्छ तर हिन्दुले कहिल्यै पनि आजसम्म कसैलाई मारेको छैन । मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन । **पहाडिया, मधेशी केही हुँदैन, सबै भाई भाई हो ।** मेरो आफ्नो धर्म छ । मैले भन्न खोजेको कुरा के हो त भन्दा अहिले अत्यन्तै अनुकूल परिस्थिति आएको छ । यो अनुकूल परिस्थितिमा म यसको अभियन्ता होइन तर कहिलेकाँही दीपक अधिकारी, सन्तोष आचार्यजीहरूले, यहाँ बसेका मित्रहरूले बोलाउँदा त्यहाँ पुग्ने कुरा भएको हो । समय अनुकूल छ हामीले भनेका कुराहरू भोली कुनै न कुनै रूपमा संविधानमा आउन सक्दछन् । त्यसैले यहाँ पर्याप्त अभ्यासको आवश्यकता छ । यहाँ कोही पनि त्यति मजबुत छैनन् कि जसले यी कुरा रोक्न सक्दछ । अहिले यहाँ आएका जतिपनि मुद्धाहरूमा पहिलो संविधानसभामा जती उत्साहित भएर लागेको कोही पनि देखिदैनन् तर **जुन गल्ती यहाँ राजाले गरे त्यही गल्ती खनालहरू, नेपालहरू, कोइरालाहरू, यादवहरू गर्दैछन् ।** गलत त सधैं गलत नै हुन्छ हैन र ! विगतमा हिन्दु धर्मलाई राजाको घाँटीसँग जोडिएर हेरिन्थ्यो जसको फलस्वरूप राजासँगै हिन्दु धर्मपनि खतरामा पर्‍यो । म राजावादी वा विरोधी केही होइन । तर वास्तवमा भन्ने हो

भने हिन्दु धर्मलाई राजासँग जोडिनु हुँदैन थियो । यो चाहिँ हामीबाट गल्ती भएकै हो र यो कुरालाई हामीले पनि स्वीकार्नै पर्दछ ।
अहिले हामी उत्तर देखि दक्षिणसम्म धर्मको हिसाबले जोड्न सक्छौं भनेर भनिरहेका छौं । होला आजको दिनमा दक्षिणभन्दा उत्तर संविधानसभामा बलियो होला तर उत्तर तिरको सेन्टिमेन्ट नेपालमा मजबुत अवश्य छैन । किनभने त्यो भएको थियो भने त ८ गते संविधान जारी गरे हुन्थ्यो नि हात उठाएकै भरमा । आज उत्तर मजबुत छैन किन त भन्दा होलीको छुट्टि एक दिन मात्र दिने भनेर जब निर्णय गरियो मधेसमा त यो निर्णयले ज्यादति नै गऱ्यो । किनभने जुन दिन हामी होली मनाउँथ्यौ त्यो दिनको त बिदा नै काटियो अब त हामीले पनि आफ्नो होली मनाउने दिनमा होली नमनाएर अघिल्लै दिनमा होली मनाउनु पर्ने वाध्यताको सिर्जना भयो तर धेरै पछि गएर मात्र पुनः बिदा मिलान गरियो । एकदिन पहाडलाई एक दिन तराईलाई भनेर । पूर्णिमाको दिनमा त होलीका दहन भएको दिन त्यो दिनमा त होलिका पक्षले होली मनाए तर भोलीपल्ट त प्रल्हाद पक्षकाले होली मनाउने हो नि त । पञ्चायतकाल भरि नै मधेसीहरूलाई पूर्णिमाको दिन नै होली मनाउन बाध्य गराइयो । यसलाई द्वन्द्वगत पनि लिन सकिन्छ हेर्नुस् । अब यहाँ भर्खरै आएर मधेसी मजबुत बन्दै गएका छन् कसैले मधेशबाट आएर काठमाडौंमा घर बनाउँछ भने त्यो हामीले सबल भएछ अब भनेर मान्नु पर्दछ । यहाँ ब्राहमणहरू वास्तवमा दोषी छन् मधेसको विषयमा जुन कुरा जीतेन्द्रजीले पनि भनेर गइसक्नु भएको छ । विषय जहाँ जता मोडिए पनि श्रीकृष्णजीले उठान गर्नुभएको विषय समयसापेक्ष छ । म उहाँको कुराप्रति पूर्ण सहमति जनाउँदै मेरा भनाइहरूलाई यही टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।



## राम कुमार ओझा

म सबैको अधिकार सुनिश्चित हुनु पर्दछ भन्ने मान्छे हुँ। त्यसैले आफ्नो अधिकार लिँदा अर्काको अधिकार मार्ने म कहिल्यै गर्दिन। पहिलो कुरा यो मैले शुरूमा नै भनिहाले। कार्यक्रमको आयोजना गरेर मलाई पनि केही बोल्ने अवसर दिनु भएकोमा अवसर दिने मित्रहरूलाई धन्यवाद। प्रस्तोता दाईलाई त झनै मुरी मुरी धन्यवाद। किनभने यस्तो खालको कार्यक्रम र प्रस्तुति सायद पहिले नै भइदिएको थियो भने नेपाल पहिले नै हिन्दु राज्य हुन्थ्यो होला। अथवा गणतन्त्रात्मक हिन्दु राज्य पक्कै हुन्थ्यो। त्यो भएको छैन। अहिलेको वातावरणमा अनिलजीले जुन कुरा भर्खरै भन्नु भयो उहाँ झा म ओझा के छ भन्दा उहाँ पनि ब्राह्मण र म पनि आर्य ब्राह्मण। मेरा पुस्ताहरू पहाडमा नै जन्मेका हुन् तर उनीहरू कहाँ कहाँबाट आए त्यो कुराको जानकारी मलाई छैन। सायद उहाँ र मेरा पुर्खा एकैतिरबाट आएका होलान्। तर उहाँ आफूलाई मधेशको/ आर्य ब्राह्मण भन्ने गर्नुहुन्छ।

हाम्रो नेपालमा एउटा ठुलो समस्या के छ भन्दा पहाड र मधेश भनेर जुन पर्खाल बनाइएको छ त्यो राजनीति गर्नको निम्ति बनाईएको कृत्रिम पर्खालमात्र हो। किनभने हामी सम्पूर्ण नेपाली नागरिक हौं। मुसलमान पनि नेपाली नागरिक हो। शरतसिंहजीले भन्दै हुनुहुन्थ्यो, अर्को धर्ममा कडाई गर्नु पर्दछ भनेर। अर्काको धर्ममा कडाई गर्नु पर्दछ भनेर त २०१९ सालको मुलुकी ऐनमा पनि स्पष्ट रूपमा व्याख्या गरेको छ। त्यही कुरालाई ल्याएर अहिलेको नयाँ संविधानमा हालिदियो भने त्यसले पुरै कडा गरिदिन्छ। यसले धर्मान्तरणमा पनि अंकुश लगाइदिन्छ। अर्को कुरा हामीलाई जुन धार्मिक सहिष्णुता चाहिएको छ यसमा हाल खलल पुर्‍याउने जति पनि गतिविधिहरू भइराखेका छन् त्यसलाई पनि पुरै अंकुश लगाइदिन्छ। हामी-हामी बीचमा यदि धार्मिक सहिष्णुता थियो भने हिजोको दिनमा थियो, आज छैन। यो एकदम ध्रुव सत्य हो। अहिले पनि त्यही कुराले मात्र काम गरिराखेको छ। केही समयसम्म आजको यही स्थिती

रहिरहने हो भने यो सहिष्णुताको स्थिति समाप्त भएर जान्छ र साना साना झुण्डहरूले धर्मको नाममा राजनीति गर्ने मौका पाउँछन् ।

त्यसैगरि अर्को कुरा के हो त भन्दा त्यो युरोपियन युनियन भन्ने छ नि त्यसले आफूले आफूलाई चाँहि संयुक्त युनियन भन्छ क्यारे, तर बेलायतका राजदूतले नेपाल धर्मनिरपेक्षता भएकोमा जुन खुसी व्यक्त गरे, पटका पड्काए र मिसनरी संघ संस्थालाई हामी सहयोग गरिरहने छौं भन्ने जुन अभिव्यक्ति दिए त्यस्ता खालका गतिविधिहरू माथि पनि रोक लाग्नेछ । हामीले राजनीति गरेका छौं देशको, जनताको पक्षमा तर विदेशीहरूलाई चाहिँ साढे गोरूलाई झैं खुल्ला छोडेका छौं । सहनशीलताको पनि परकाष्ठा हुन्छ र जुन हामीले अहिले आएर नाघिसकेका छौं । हुन त यो आवश्यक छ । हामीले बन्द गर्नु पर्दछ त भनेको होइन तर वैचारिक द्वन्द्व त हामीले गर्न पाउछौं । त्यो कुराको जवाफ संस्थागत रूपमा त आफ्नो ठाउँमा रहेर, हामीले तात्तातै, ठाडोठाडै त दिन सक्छौं नि । सबैले हात उठाएर शिरोधार्य गरे पश्चात् नेपाली जनताको स्थिति के हुन्छ ? हो यही अहिलेको जस्तो हुन्छ । गरीबले आफ्नो घरमा प्रयोग गरिआएको ॐ माथि धावा बोल्दा के हुँदो रहेछ भन्ने कुरा त हामीले यो एक दशकभित्र देखि नै सक्यौं ।

**धर्मनिरपेक्ष मुलुक बनाउँदा त आज यो आठ वर्षको दौरानमा द्वन्द्वात्मक परिस्थितिको शुरुवात भएको छ भने भोली के होला आफैं अनुमान लगाउन सकिन्छ ।** अहिले यो कुरा हामीलाई भारी बोकेको जस्तो भएको छ, बेकार चलाको जस्तो भएको छ, कहाँ लगेर यो भारी बिसाउँ जस्तो भएको छ । अहिले ॐकार परिवारको संख्या बयानब्बे दशमलव चार प्रतिशत छ, यी सबैको प्रतिनीधित्व यो आन्दोलनमा हुनै बाँकी छ । हामी जानी जानी देशलाई द्वन्द्वमा धकेलिरहेका छौं । म त अहिलेको संविधानसभाको सदस्य पनि छैन र मेरो पार्टी संसदमा पनि छैन तैपनि म मेरा साथीहरू जो ठाउँमा हुनुहुन्छ उहाँहरूलाई विनम्रतापूर्वक के भन्न चाहन्छु भने **आफ्नो घरलाई मासेर अर्काको घरलाई घेरेर बस्नु भनेको मूर्खता हो ।** यति भन्दै म आफ्नो वक्तव्य यही समाप्त गर्दछु । धन्यवाद ।



## डा.रमेश ढुङ्गेल

धन्यवाद दीपकजी तथा आजका प्रस्तोता मित्र । दीप कुमारजी, अनिलजी अन्य राजनीतिक पार्टीका विद्वत् व्यक्तित्वहरू, जो आफ्नो विचारहरू यहाँ राखेर यस कार्यक्रमलाई छोडेर यहाँबाट गइसक्नु भयो । अन्य यहाँ उपस्थित विद्वत्वर्ग, यस संवेदनशील विषयमा चासो राख्ने मित्रहरू । अब यो कस्तो परिवेशमा हामी पुग्यौं भन्दा हाम्रो यो छलफल अहिले यो यहाँ भए पनि संसद भवनमा आवाज बोकेर जाने मित्रहरू चाँहि आफ्ना कुराहरू राखेर हिडिसक्नु भएको अवस्था छ । उहाँलाई कुराहरू लिएर जानुस् पनि हामीले भन्यौं । हाम्रो यहाँ अन्तिम अन्तिम अवस्थामा ताली बजाउने चलन छ । यहाँ द्वन्द्व हुने नहुने भन्ने कुरा त छँदै नै छ । त्यसैले हाम्रा आवाज अलिक टड्कारो रूपमा निर्णायक हुने अवस्थामा पुग्ने भन्दापनि अझ मथ्थर हुँदै गइरहेको मैले महशुस गरेको छु । तर पनि यस्तो किसिमको छलफल भने आवश्यक छ बेलाबेलामा । यहाँ धर्मसापेक्ष मुलुकहरू धेरै भएको अवस्थामा नेपाल जस्तो देश धर्मनिरपेक्ष हुनुहुँदैन भन्ने विचारहरू टड्कारो रूपमा उठिरहेको अवस्था छ अहिले र यो उठ्नु स्वाभाविक पनि हो । यहाँ पहिलेदेखि नै धार्मिक मठ मन्दिरहरूलाई राज्यको कोषबाट पैशा छुट्याइने गरेको थियो । चाहे पशुपतिको कुरा गरौं या गुठीहरूको या बौद्ध, गुम्बा र लुम्बिनीको । निकै राम्रो रकम यहाँ मठमन्दिरको लागि छुट्टिन्छ । सरकार आफैं यसमा सक्रिय भएर ती चिजहरूको रक्षाको निम्ति भनेर त्यहाँ मानिसहरू छिराउँदछ । अब यहाँ सरसर्ती हेर्दा यहाँ मनपरी रूपमा वातावरण चाँहि पहिलेबाटै बिग्रिएको हो । यस्ता चिजहरूको उठान अब हाम्रा देशका नेताहरूले गर्नुपर्‍यो । किनभने म धर्मको व्याख्या कसरी गर्छु भन्दाखेरि हाम्रा स्थानीय परम्परा, ऐतिहासिक धरोहरहरूको रक्षाको लागि कसरी विधान चाहियो अहिले अचम्मको कुरा चाहिँ यहीनेरि छ । पहिले यी कामहरू राजाको नाममा हुन्थे तर अहिले त राजा नभएको अवस्था छ तर पनि यी कर्मबाट सरकार अलगिगन सकेको अवस्था छैन । मठमन्दिरहरूलाई बजेट चाँहि छुट्याउँछ अनि

धर्मनिरपेक्ष राष्ट्र पनि भन्छ यो चाँहि अलिक् हास्यास्पद विषय बनेको छ। निरपेक्षको अर्थ के हो त भन्दा अपेक्षा नै नगर्नु । श्वास लिंईदा पनि मानिस धर्मको आडमा श्वास लिने गर्दछन् । यहाँ त हरेक तर्फ धर्म छ । अब यहाँ मन उकुसमुकुस भएको छ ।

अनिलजीले, श्रीकृष्णजीले यहाँ संकेत गर्नुभयो यी कुराहरूको । उहाँहरू कहाँ सम्म पुग्नु भयो भने हिन्दु, किराँत, बौद्ध सबैलाई उहाँहरूले छुन भ्याउनु भयो । हामीलाई हिन्दु सापेक्ष मुलुक भन्न अफठ्यारो हुन्छ भने धर्म संस्कृति सापेक्ष मुलुक भनौं न त यसमा त आपत्ति छैन होला नि हैन र ? यहा ॐकार परिवारको अवस्था ठूलो छ । धामी, झाँक्री सबैलाई समावेश गर्दा त झण्डै ९५ प्रतिशत पुग्छ होला । त्यसो हुनाले हाम्रो जस्तो देशमा त धर्मनिरपेक्षताको तुरून्त विरोध हुनुपर्ने हो । त्यतिखेर ढाँट, छलकपट गरेर धर्मनिरपेक्षता ल्याइएको थियो भन्ने कुरा त गिरिजाबाबुको अभिव्यक्तिबाट पनि बुझिन्छ। मलाई झुक्काएर ढाँटेर यिनीहरूले धर्मनिरपेक्षता घोषणा गरे भनेर । हो कि होइन ? हो भने अब चाहिँ यहाँ हामीले कसैलाई पनि झुक्किन दिनु हुँदैन । यो कुराको उल्लेख उहाँको त्यो स्मृतिमा गरिएको छ । अब यो विषय कहाँबाट आएको हो यसलाई चाहिँ हामीले पुनःनिरीक्षण गरेर हेर्ने बेला भएको छ ।

अर्को कुरा जसले बेला बेला मलाई च्वास्स च्वास्स घोच्छ त्यो के हो त भन्दा शुरू शुरूमा आर्य सार्य चाहिँदैन खस लेखे काफी छ भन्नेहरू पनि अहिले आर्य खस लेख्नको लागि अघिसरेका छन् । यसको पछाडिको रहस्य मैले अहिलेसम्म बुझेको छैन । मैले रामचन्द्रज्यूलाई पनि त्यति बेला यो भनेको थिएँ । उहाँले पनि होइन यो आर्य त चाहिन्छ भनेर भन्नुभएको थियो । त्यसैले यो आर्य चाहिँ के रहेछ अब अहिले आएर वुझ्न अनिवार्य भयो । मूर्धन्य विद्वानहरूसँग बुझ्दा यो आर्य भन्ने त जात नै होइन रहेछ, यहाँ त आर्य वालाको वर्ण र आश्रमलाई मापन यन्त्र बनाएर खेल पो खेलिएको रहेछ । अब आर्यको, वर्ण-व्यवस्था, जसले हिन्दु आर्य वर्ण-व्यवस्था मान्छ त्यो के हो, यो चाहिँ बुझ्नु पर्ने भएको छ । यो जनजातिको पंक्तिमा पर्दैन । त्यो केमा पर्छ त ? त्यो त अर्कै किसिमको हो त्यो चाहिँ चतुर्वर्णमा पर्दछ। अब मस्टो पूजा गर्नेहरू, क्षेत्रीहरूको बारेमा खोज्न जानु पऱ्यो हामीहरूले। किन यसको व्याख्या गर्नु पर्दछ त भन्दा यिनीहरू त आज पनि आफ्नो पहिचानको लागि पहाडमा बसेर लडिरहेका छन् । अब समस्या कहाँनेर छ त भन्दा यहाँ आर्य भन्ने चिज छ भने नेवारहरूलाई चाहिँ के मा राख्ने ? हो अब कुन स्थानमा राख्ने । स्थान भनेको चाहिँ के हो भन्दा शास्त्रको आधारमा चल्ने समाजलाई आर्यभित्र पारिने चलन छ, यदि आर्य छ भने शास्त्र बिना त हलचल नै गर्न नहुने चलन छ नेबारे समुदायमा । अब

यो चाहिँ फेरि त्यसमा नपारिएको अवस्था छ। यहाँ सबै कुरालाई राजनीतिले क्षतविक्षत पारेको छ।

यहाँ आर्य अनार्य माथि विभिन्न परिभाषा दिएर राजनीति गरि राखिएको छ। त्यसैले यहाँ धेरै समस्या देखा परिराखेका छन्। यहाँ धेरै कुराहरू अगाडि बोल्ने विद्वानहरूले राखिसक्नु भएको छ उहाँहरूको कुरालाई आलोचना गर्नुपर्ने ठाउँ नै छैन। त्यो भन्दा त उहाँको कुराहरूमा केही जोड्नु पर्ने भएको छ। यहाँ ओभ्रा र भ्रा को कुरा पनि आयो यसको वास्तविकता के हो त्यो खोजिको विषय बन्न सक्दछ। त्यसो हुनाले यहाँ के देखियो भने **राजा र राजसंस्थाको विरोधको क्रममा त्यसको रिसले यो धर्मनिरपेक्षता आएको कुरा प्रस्ट देखियो।** या कोही कसैले आफ्नो निहित स्वार्थ पूरा गर्नको लागि केही चिजको प्रलोभनमा परेर सुटुक्क यो कुरा थपेको पनि हुन सक्दछ। तर जे भए पनि यो अब घोषणा भएर सदनले स्वीकारी सकेको अवस्था छ। बिना योजना यसो गरेका कारण आज देशले ठूलो समस्या भोग्नु परेको छ त्यसैले अब कसरी हुन्छ यो समस्याको समाधान तपाईं हामी सबैले मिलेर खोज्ने बेला आएको छ। दिन नजिकै आइरहेको छ फेरि पनि सरकारले आधा रातमा चाहिने नचाहिने घोषणा गर्ने दिन नजिकिदै छ। हाम्रो घर दैलोमा चाहिने नचाहिने प्रचार प्रसार गर्न एकथरी अहोरात्र खटिरहेको देखिन्छ। उनीहरूले आफ्नो व्यक्तिगत स्वतन्त्रतालाई आफ्नै मनलागि ढङ्गले प्रयोग गरिराखेको देखिन्छ। यहाँ हामीले चाहँदै नचाहेको कुरालाई लिएर बिहान बिहान लोकतन्त्र तथा गणतन्त्रको नाममा ढोका ढक्ढकाएर हामीलाई दुःखि बनाएर हाम्रो व्यक्तिगत स्वतन्त्रता खोसेको अवस्थाको सिर्जना भएको छ। त्यसैले हामीले यो कुराको विरोध गर्दै हिन्दु भन्दा कोही कसैलाई आपत्ति हुन्छ भने **स्थानीय परम्परागत धर्म संस्कृति सापेक्षता** भन्ने किसिमले संविधानमा अब उल्लेख गर्नु पर्ने भएको छ।

त्यसरूपमा यसलाई व्याख्या गरेर हामीले हिन्दु भन्न सम्भव छ जस्तो मलाई लाग्दैन। त्यो स्थानीय धर्म संस्कृति, सापेक्षता, भन्ने चिज नै अहिले हामीलाई गाह्रो भइराखेको छ। हामीले अहिले नै यसलाई सापेक्ष भनेर बनाउन सकियो भने समयमा नै हामी हाम्रो धर्म संस्कृति रक्षा गर्न सक्ने थियौं। हामी अहिले जति नै प्रतिशत भए पनि अरू भन्दा कयौ गुणा बढी रहेका छौं। यति ठूलो संख्यालाई आज सरकारले बेवास्ता गरिरहेको अवस्था छ। बौद्ध सम्प्रदाय आज मौन छ तर उनीहरूले यो बुझ्केको छैनन् कि क्रिस्चियनले हिन्दुलाई भन्दा बढी बौद्धलाई खतरामा पारिरहेका छन्। नेपालका किराँती अनुहार गरेका र हिमालमा बस्ने लामादेखि अन्य थर भएका मानिसहरूलाई आज यसले आफ्नो निशाना बनाएर काम गरिरहेका छन्। उनीहरूको सोझोपनको फाईदा उठाएर

भित्रभित्रै रूपमा उनीहरूको धर्म परिवर्तन गराइ राखेका छन् । त्यसैले हामी सबै अब मिलेर समयमा नै यसको प्रतिकार नगरेको खण्डमा एकादेशमा यो संसारमा हिन्दु र बौद्ध धर्मावलम्बी पनि थिए रे भनेर भोली आउने पुस्ताले इतिहासको रूपमा हाम्रा बारेमा पढ्ने छन् ।

अब आउने संविधानमा मौन रूपमा धर्मलाई राख्नु एउटा उपाय त हो तर जुन तरिकाले यहाँ धर्मान्तरण भइराखेको छ त्यसलाई समयमा रोक्न सकेन र हामी पनि साँच्चिकै मौन नै रह्यौं भने यो पनि हामीलाई भोलीको दिनमा घातक साबित हुन सक्दछ । त्यसैले हामीले **आफ्नो पहिचानलाई विश्वसामु लैजानलाई भए पनि सबै धर्मको सम्मान गर्दै यसलाई हिन्दु धर्म सापेक्ष राष्ट्र बनाउनु पर्दछ र धर्मान्तरण गर्ने र गराउनेलाई कडा भन्दा कडा कारवाही गर्नु पर्दछ** अन्यथा यही रूपमा राष्ट्रलाई छोडी राख्ने हो भने भोली हाम्रो देशले एउटा ठूलो अभिशाप भोग्नुपर्ने हुन्छ । धन्यवाद ।



## नर बहादुर कँडेल

यस अन्तर्क्रियामा सहभागी आदरणीय सम्पूर्ण व्यक्तित्वज्यूहरू, डा.दीपक कुमार अधिकारीले मलाई यहाँ जुन मौका दिनु भयो त्यसको लागि म उहाँ तथा आयोजक टिमलाई धन्यवाद दिन चाहन्छु। हामीले आज यहाँ जुन प्रकारको अन्तर्क्रिया गरिराखेका छौं। सायद यस्तो कार्यक्रम अलिक अगाडि नै राखेको थियो भने आज राष्ट्रको स्वरूप अर्कै हुन्थ्यो होला। समय छोटो छ, हाम्रो यो आवाज सरकारको कानसम्म पुग्नको लागि समय त अवश्य लाग्दछ र जुन समय सायद कम छ जस्तो मलाई लागिरहेको छ यस्ता कार्यक्रमहरू पाँच छ महिना अगाडिबाट गरिंदै जानु पर्दथ्यो जस्तो मलाई लाग्दछ। दिल्लीमा पनि यस्तै प्रकारको अन्तर्क्रिया हिजो भएको रहेछ। त्यहाँ पनि धेरै विज्ञदेखि लिएर राजदूत पनि समावेश भएर अबको संविधानमा हिन्दु राष्ट्र लेखिनु पर्दछ भन्ने कुरो उठेको रहेछ। म त एउटा सेनाबाट आएको मान्छे व्यक्तिगत रूपमा नै भन्नु पर्दा म धर्म र इतिहासको विषयमा अलिक कमजोर नै छु। किन त भन्दा हामीलाई त सरकारले नै यस्तै गरेर कमजोर बनाएको रहेछ।

सन् १९९० मा म जब जर्मनीमा थिएँ म त्यहाँको स्टाफ कलेजमा गएको थिए। त्यहाँ इतिहास विषय पढाउन एउटा लेक्चरर आउनु हुन्थ्यो उहाँपनि आर्मीसँग सम्बन्धित नै हुनुहुन्थ्यो। उहाँले हामीलाई क्लासमा अँध्यारो बनाएर विश्वको इतिहास नक्सा मार्फत टर्चको उज्यालो बालेर देखाउँदै बताउनु हुन्थ्यो। हामीले त इतिहासको त परै जाओस् त्यस्ता नक्साहरूपनि त्यहीं गएर मात्र देखेका थियौं। त्यहाँ म बाहेक अरू जतिपनि विद्यार्थीहरू थिए उनीहरूलाई विश्वको बारेमा पहिलो विश्व युद्ध, दोस्रो विश्व युद्धको कुराहरू लगभग पूरै ज्ञान थियो। हामीलाई शिक्षकले कहिलेकाहीँ केही प्रश्न गरिहाले हामी त एशियाको मानिस हामीलाई यहाँको इतिहासका बारेमा थाहा छैन भनेर माफी माग्दथ्यौं। म त इतिहासमात्र हैन धर्मको बारेमा पनि कमजोर नै थिएँ किनभने गाईको मासु तँ किन खादैनस् भनेर कसैले भने हामी यसलाई आमा मान्छौं त्यसैले खाँदैनौं भनेर

भन्नुबाहेक त्यसपछाडिको अन्य कारणहरू म सँग थिएन। जयस्थिति मल्ल, सिद्धिनरसिंह मल्ल, काठमाण्डौं, भक्तपुर, नुवाकोट हमलाको बारेमा अलिक थोरै थोरै ज्ञान थियो त्यो पनि सात आठ कक्षामा पहिले इतिहास भन्ने एउटा विषय थियो त्यो पढेर थाहा पाएको। अब हामीले त कम्तिमा सात आठमा त त्यो पढेका थियौं र हामीलाई अलिअलि ज्ञान थियो तर आज त S.L.C. सम्म पढिसक्दा पनि यी विषयहरू पाठ्क्रममा छैनन् अब आजको पुस्तामा ती विषयको बारेमा ज्ञान कहाँबाट आउँछ। यो कुराले मलाई भित्र मनमा छोयो त्यसपछि म व्यवस्थापनमा स्नातक पढेको मानिस मैले इतिहास चाहिं पढ्नु पर्ने रहेछ भन्ने ठानेर म नेपाल फर्के पछि अब इतिहासमा एम.ए. गर्दछु भन्ने कुरा मनमा आयो त्यसैले नेपाल फर्किएपछि त्रिभुवन विश्वविद्यालयमा एम.ए. गर्न भनेर गएको त मलाई स्नातकोत्तर गर्नको लागि स्नातक मा पनि इतिहास लिएको छ भने मात्र गर्न पाउँछस् भनियो र मैले स्नातक इतिहास पनि गरें र पछि गएर स्नातकोत्तर इतिहास पनि गरें। यसपछि मलाई के लाग्यो त भन्दा हामी कति कमजोर रहेछौं त हामीलाई त राज्यले नै धर्म र इतिहासबाट वञ्चित गराएको रहेछ। यो भन्नुको पछाडि मेरो कारण के थियो त भन्दा यस्ता हाम्रो इतिहासको बारेमा स्कूल स्तरमा पनि इतिहास विषय समावेश गर्नु पर्दछ नत्र हामीले आफ्नै अस्तित्व समेत बिर्सिन्छौ र आजको हाम्रो अवस्था, जस्तो फेद न टुप्पोको भएको छ भोली पनि त्यस्तै हुन्छ।

आज नेपालमा धर्मनिरपेक्षता घोषणा भएको छ। यो के कारणले भन्दा हाम्रो धर्म भन्दा गोराहरूको धर्म प्रति मोह भएका एक दुई जनाको निहित स्वार्थको कारण आज यस्तो अवस्थाको सिर्जना भएको छ। **हाम्रो एउटा अचम्मको अवस्था के छ त भन्दा हामी गोरो छाला देख्ने बित्तिकै नतमस्तक भइहाल्छौं।** म यहाँ एउटा सानो घटना जोड्न चाहन्छु आज भन्दा चार पाँच वर्ष अगाडी DFID नामक एउटा संस्थामा यसको प्रमुख एउटा महिला हुनुहुन्थ्यो। उहाँ पोखरा आउँनु भएको थियो। उहाँ आउँदा आफूसँग ५ वटा सांसद ल्याउनु भएको थियो। म त्यहाँको सेनापति थिएँ। मेरो पदको हैसतले मैले बेलायतमा Royal College of Defense Studies बाट स्नातकोत्तर गरेका कारणले उँहाहरूले मलाई बोलाउनु भयो। म उहाँ जब पुगे पुग्ना साथ त्यो महिलाले के भन्नु भयो भने आजभोली आर्मीले कुनै नचाहिँने काम त गरेको छैन भनेर। यो सुन्ना साथ मैले तपाईं यहाँ किन आउनु भएको हो। त्यो कुरा भन्नुस् भने र मैले उसलाई यो पनि भने कि नेपाली आर्मीले अहिलेसम्म त्यस्तो कुनै पनि प्रकारको नराम्रो काम गरेको छैन किनभने नेपाल आर्मी भनेको एकदम नै अनुशासनको वातावरणमा हुर्केको आर्मी हो। नेपाल आर्मी भन्नासाथ आज पनि संसारमा बेग्लै पहिचान छ। नेपाल

आर्मी बहादुर र विवेकशील भएकै कारणले आज तिम्रो देशमा, ब्रिटिश आर्मीमा नेपालीहरूका लागि बेग्लै रेजिमेन्टको रूपमा खुलाएर भर्ना लिईन्छ। यु.एन. मा पनि हाम्रो धेरै नै सहभागिता छ हामी कोही कसैको अगाडि झुक्दैनौं। हामीले जुन काम पाएका छौं त्यो काम पूर्ण बफादारीका साथ पुरा गर्ने गरेका छौं र त्यसैले आज हामी संसारमा राम्रो आर्मीको रूपमा परेका छौं। नेपाली सेना होस् वा प्रहरी होस् आफ्नो डियुटी निभाउन यसले जानेको छ भनेर मैले विश्वको सम्पूर्ण इतिहास उसलाई भनेपछि उसले तुरून्त त्यहाँ म विश्व इतिहासमा कमजोर छु त्यसैले मलाई माफ गर्नु होला भनेर तुरून्त माफि मागिन्।

हाम्रो स्वभावको कारण उनीहरूले हामीलाई होच्याउने गर्दछन् तर यदि हामीले उनीहरूलाई जवाफ दिन सक्यौं भने उनीहरू मूक दर्शक भएर yes, yes, no, no बाहेक अरू बोल्न सक्ने अवस्थामा रहँदैनन्। हामी त्यहाँ बस्दा हरेक देशका मेजर, कर्नेलहरू त्यहाँ उपस्थित भएर वादविवाद गर्दथ्यौं। त्यहाँ कुन ठूलो देशको कुन सानो देशको भन्ने हुँदैन थियो। त्यहाँ मज्जाले आफ्ना विचारहरू राख्न पाईन्थ्यो। यहाँनेरि आएर मैले के भन्न खोजेको त भन्दा उनीहरू हामीकहाँ आएर हामीलाई एउटा एजेण्डा दिन्छन् र हामी पनि त्यसलाई नतमस्तक भएर उनीहरूको स्वार्थपूर्तिको लागि काम गरिदिन्छौं। म यु.एन.मा जाँदाको एउटा घटना छ। श्रीकृष्णज्यूले आज यहाँ जुन प्रस्तुति गर्नुभयो यसमा कुनै पनि कमजोरी छैन एकदम नै शशक्त विषय उहाँले यहाँ राख्नुभयो। उहाँको कुरामा थप म के जोड्न चाहन्छु भने हाम्रो देशको धर्ममा पण्डित र गुरूहरूको एकदम नै मनोमानी छ। उहाँहरूले धर्मलाई आफ्नो स्वार्थपूर्तिको लागि प्रयोग गर्नु भएको छ। हाम्रो ग्रन्थलाई पनि अब समय सापेक्ष कुराहरू हालेर पुनर्लेखन गर्न आवश्यक छ। **आज बाउ र छोराको बीचमा त जेनेरेशन ग्याप छ भने त्यो त सदियौं अगाडी लेखेको कुरा अहिलेको समय सापेक्ष त कहाँ हुन सक्दछ र !** त्यसैले यसलाई समय सापेक्ष बनाउन जरूरी छ।

मृत्यु संस्कारमा जुन गरूड पुराण भनिन्छ त्यो सुन्दा त म छक्कै पर्दछु त्यहाँ त यस्तो गर त्यस्तो नगरे यस्तो सजाय पाउँछस् मात्र भनेको छ। एक त बाउ आमा मरेर शोकमा परेर बसेको हुन्छ त्यसमा नि यो गर त्यो गर नत्र तेरो पितृले नर्कमा यस्तो यस्तो दुःख पाउँछ भनेर तर्साइन्छ। अब हामीले मृत्यु पर्यान्त बाबु आमाको नाममा पण्डितलाई दान गरेको वस्तु उहाँहरूलाई मिल्छ कि मिल्दैन त्यो त थाहा छैन। तर त्यो सुन्दा चाहिँ हाम्रो मनमा एउटा डर भने अवश्य लाग्दछ। हाम्रो धर्ममा महिलालाई जुन सम्मान दिइएको छ त्यो कुनै धर्ममा छैन। इशाईमा त पुरूषको करङ्बाट मासु झिकेर आफ्नो शारीरिक भोगपूर्ति एवं सन्तान उत्पादन गर्नको लागि उत्पत्ति गराएको भनेर महिलालाई दोश्रो


दर्जाको नागरिकको रूपमा प्रस्तुत गरिएको छ तर हिन्दु धर्ममा त नारीलाई देवीको स्थानमा लगेर राखेर पूजा गरिएको छ। हामी मदरल्याड भन्छौं नि जर्मनीमा त फादरल्याड हुँदो रहेछ। हामीले महिलालाई, संस्कार संस्कृतिलाई जसरी आदर सम्मान गरेका छौं बुबा, आमा, दाजु, भाईलाई जुन सम्मान गरेको छौं त्यो देखेर उनीहरू त ईर्ष्या गर्दछन्। उनीहरूले यो कुरामा हाम्रो हिन्दु धर्मलाई खुब मानेको पाएको देखेको छु।

यसै गरि म यहाँ अर्को घटना जोड्न चाहन्छु। म भर्खरै गुल्मी जिल्लाको रिडीमा गएको थिएँ। त्यहाँ मैले के देखें त भन्दा त्यहाँको सबै भन्दा राम्रो जुन भवन थियो त्यो भवनमा त इशाईले आफ्नो चर्चको बोर्ड पो राखेको रहेछ त। रिडी त हाम्रो धार्मिक स्थल हो तर उनीहरू त त्यहाँ पनि आफ्नो हक जमाउन पुगि सकेका छन्। त्यहाँको स्थानीय मानिसमा पनि कस्तो चेतना नभएको कि त्यो बोर्ड त उनीहरूले तुरून्त हटाउनु पर्दथ्यो, भोली त्यहाँ इशाईयतको जब बोलबाला हुन्छ तब त्यहाँ कोही पनि हिन्दु धर्मावलम्बी मन्दिर दर्शनको निम्ती जाँदैनन् र जसका कारण उनीहरूको आम्दानीको बाटो सुकेर जाने छ। किन आज रिडी भनेको पुरै होटेल तथा पर्यटकको कारणले स्थापित भएको छ। हाम्रो संस्कृत विश्वविद्यालयको छवि आज गिर्दै गइरहेको छ। किनभने त्यहाँबाट उत्पादित प्राज्ञिक वर्गलाई आज सरकारले सम्मानित स्थान दिन नसकेको अवस्था छ। त्यसैले आज यो विषयप्रति मानिसहरूको मोह घटिरहेको छ। त्यसैले उनीहरूको उचित सम्मान हुनुपर्यो। आजको हाम्रो जुन **पाठ्यक्रम** छ त्यहाँ अलिक धार्मिक विषय वस्तुहरू थप्नुपर्यो, नैतिक शिक्षा जस्तो विषय राखिनु पर्यो।

अन्त्यमा म के भन्न चाहन्छु भने हामी नेपाली स्वाभिमानी छौं हामीले आफ्नो पहिचानको सम्मान पनि गर्न जानेको छौं र दुश्मन माथि जाई लाग्न पनि जानेका छौं। **अहिले हामी मौन बस्नु भनेको यो हाम्रो कमजोरी हैन। यसको अर्थ हो उनीहरूलाई आफ्नो गल्ति सुधार्नको लागि एउटा मौका दिनु हो** तर यदि यो समयमा नै सुधारिएन भने यसले भोलीको दिनमा ठूलो खतरा ल्याउने प्रस्ट छ र त्यो खतराको जिम्मेवारी नैतिक रूपमा हिजोका ती घोषणा गर्ने नेता तथा आजको ६०१ सभासदहरूले लिनु पर्दछ। हाम्रो देश नेपाल भनेको बुद्ध जन्मेको ठाँउ, त्यसैले हामी शान्तिको पक्षमा छौं। हिन्दु भनेको हाम्रो पहिचान हो संसारले हामीलाई एक मात्र हिन्दु देश भनेर चिनेको थियो। यदि यो कुरामा हामीले पुनर्विचार गरे हाम्रो छिमेकि राष्ट्र भारतले पनि हामीलाई सहयोग अवश्य गर्नेछ। हामी तीर्थ गर्न भारत जान्छौं भारतीय पनि नेपाल आउँछन् हामी बीचमा पारस्परिकताको भावना छ। यहाँ यत्रा इशाई देश हुँदा

कसैलाई आपत्ति भएन । मुसलमान देश हुँदा पनि कसैलाई आपत्ति भएन तर हाम्रो एउटामात्र हिन्दु देश हुँदा धेरैलाई आपत्ति त भयो नै हुँदा हुँदै हाम्रै देशका केही नेता छन् जो यसको विपक्षमा वकालत गरि उहाँहरू अर्को देशबाट डलरमा भत्ता खाएर नेपालमा स्वाभिमान र राष्ट्रियताको कुरा गर्दै हुनुहुन्छ । म त भन्छु **दुनियाँले के भन्छ नसोचौं, यसकालागि अर्को विकल्प पनि नखोजौं यसलाई हिन्दु राष्ट्र बनाउनु पर्दछ र सबै मिलेर यसमा हातेमालो गरौं** । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल जसले प्रत्यक्षमा एउटै सिट ल्याएको थिएन उसले समानुपातीकमा किन २५ सिट ल्यायो किनभने उसले हिन्दुत्वको मुद्धालाई आफ्नो एजेण्डा बनाएको थियो । त्यसैले यो सोचनीय विषय हो । हाम्रो भविष्य बिग्रिने खालको जुन र ाजनीतिक मानचित्र बनेको छ यसलाई समयमा नै नसुधारेमा खतरा आउने प्रस्ट छ ।

माओवादीले यसपाली किन पराजय भोग्नु पर्यो त ! किनभने उसले सत्तामा आएर जनतालाई ठूलो धोका दियो । राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि यस्तै गर्यो भने उसको हालत पनि यस्तै हुन्छ र यो हविगत कांग्रेस, एमालेको नहोला भन्न सकिन्न । **जनताको चाहना विपरीत काम गर्दा माओवादी जसरी पतन भयो त्यसरी नै अरु पनि पतन हुने निश्चित छ ।** आज यसलाई हिन्दु राष्ट्र नबनाए भोली अर्को एउटा समूह जन्मिन्छ र त्यो देशको लागि घातक हुनसक्छ । त्यसैले समयमा नै यसका बारेमा सोचौं नत्र देशले ठूलो समस्या भोग्नु पर्नेछ । धन्यवाद ।



## रबि राज थापा

धन्यवाद दीपकजी । यहाँनेरि आएर मलाई के भन्न मन लागेको छ भने, एक पटक १९८८ ए.डी. मा म अध्यागमन प्रमुख भएर बसेको थिएँ । त्यतिखेर १०० जना भन्दा बढिलाई धर्मको प्रचार प्रसार गरेको आरोप लागेको थियो । त्यो विषयमा मैले हात हाल्दाखेरि त्यतिखेर मलाई के भनियो भने Rabi Bahadur Thapa is a cery dangerous man भनेर उनीहरूले मिटिङ् पनि गर्न भ्याए । यसको अर्थ के हो त भन्दा **म यो धर्मको प्रचार प्रसार गर्नेको पुरै विरोधी हुँ** । म अहिले झम्सिखेलमा बस्दछु । त्यहाँ अहिले धेरै जना इशाईको प्रचार प्रसार गरेर हिँडिरहेको देख्दछु । त्यसैले मैले एक दिन त अति भएर त्यो जापनिज केटीलाई पकडेर के भने, तँ को होस् ?, तँ कहाँबाट आएकी होस ? तँसँग तेरो भिजा छ ? भनेर प्रश्न गरें । शुरूमा एकै पटक उसको कामको बारेमा नसोधी उसको भित्रको राक्षस रूपलाई शुरूमा तर्साएर मार्नपटि लागें र पछि त्यसलाई मज्जाले हप्काएर त्यहाँबाट पठाएँ । आज म अचम्ममा पर्दछु, झम्सिखेल त एउटा उदाहरण मात्र हो आज हरेक गल्ली गल्लीमा यस्ता अनुहारका व्यक्तिहरू हातमा पर्चा बोकेर धर्म परिवर्तन हेतु व्यस्त छन् । आखिर ती त्यतिका मानिसहरू नेपालमा किन आए त ! उनीहरूको लक्ष्य के हो ? सरकारको तर्फबाट उनीहरूलाई कसले सघाई राखेको छ त ! यो चाँहि सोचनीय भएको छ । पहिला पहिला यी गोरा नेपाल आउँदा पैशा खर्च गरेर आउँथे तर आज त यिनलाई उल्टै पैशा दिएर यहाँ पठाइन्छ । उनीहरू त यहाँ आएर जागिरे भएका छन् । आज जता हेर्यो लज देखि गाडीसम्म क्रिस्चियनको नामबाट चलिरहेका छन् । उनीहरूलाई कसैको धर्मको न मतलब छ न अरूको सम्मान नै गर्न जानेका छन् । उनीहरू त भौतिकवादी जस्तो धर्मको प्रचार प्रसार गरेर नोट छाप्न नै व्यस्त छन् ।

आखिर नेपालमा यतिको लगानी कसले गरिरहेको छ त ! आज नेपालीलाई यो धर्ममा जाँदा तेरो आर्थिक उन्नति हुन्छ तँ ठूलो मान्छे बन्छस् भनेर भनिरहेको अवस्था छ । तर विश्वमा धेरै देश छन् कि जहाँ भोकमरीले हजारौ मानिसहरू

मरिरहेका छन् र ती राज्यहरू क्रिस्चियन राज्य हुन् । त्यहाँ गरीबी, भोकमरी, रोग, शोक सबै छ तर पनि उनीहरू आफ्नो देशलाई हेर्न छोडेर किन यहाँ आएर हाम्रो धर्मलाई नाश गर्दै झूठको खेती गरिरहेका छन् त ? यहाँ बुढाखाडा, झल्लु खैरे पनि धर्मगुरू भएर जनतालाई हामी विश्वलाई सुन्दर बनाउनको लागि भगवान्को दूत बनेर तिमीहरूको उद्धार गर्न यहाँ आएको भनेर **हाम्रा गरीब, जनजाति, आदिवासी जनतालाई झुक्काएर धर्म परिवर्तन गराउनको लागि लोभ देखाईरहेका छन् ।** मलाई त अचेल डर लाग्न थालेको छ । म त जहिले पनि यस्ता प्रचारकहरू आउँदा तिनीहरूलाई यहाँबाट भागिहाल नत्र पुलिस बोलाएर तलाई थुनिदिन्छु भनिरहेको हुन्छु । कुन दिन यिनीहरूको समूहले मलाई बाटैमा सिध्याउने पो हो कि जस्तो पनि लाग्दछ ।

मैले इशाईलाई गलत नै हुन् भन्न खोजेको होइन । राम्रो कुराको यसरी प्रचार प्रसार नै गर्नु पर्दैन । राम्रो कुराको प्रचार प्रसार आफैं हुन्छ । यहाँ यिनीहरू त जसरी प्रचार प्रसारमा जुटेका छन् त्यो हेर्दा त उनीहरूको प्रचार प्रसारको पछाडी ठूलो षड्यन्त्र छ भन्ने हामी सर्वसाधारणले त सीधै बुझिरहेको अवस्था छ भने जनताले विश्वास गरेर आफ्नो नेता चुनेर पठाएका यी नेताहरूले चाँहि यसको पछाडिको कुरा किन नबुझेका होलान् । म कहिले काँही भन्ने गर्दछु मुसलमान तथा इशाईका धर्मगुरूलाई **तँसँग जम्मा एउटा बाईबल वा एउटा कुरान मात्र छ र त यतिको गफ गरिराको छस् भने हामीसँग त महाभारत, वेद, गीता, गरेर कयौं साहित्यहरू छन् धर्मका बारेमा । अब आफैं सोच् त हामीसँग कति तर्कहरू होलान् । तैं**ले हिन्दुका बारेमा के बुझेको छस् । तैंले अध्ययन गर्न थालिस् भने त केश फुलेर मर्ने बेलासम्म पनि हाम्रा ग्रन्थहरू एक पटक पढेर भ्याउँदैनस् । अब आफैं सोच् हाम्रो हैसियत कहाँ छ र तेरो कहाँ छ ? कहिले काँही म कुनै कुनै हिन्दुहरूको धर्मको विषयमा गरिएका कार्यक्रमहरू हेर्न जान्छु । कत्रा कत्रा विद्वान् धर्मगुरूहरू चाँहि तल कुर्सिमा बस्नु भएको हुन्छ तर हाम्रा फेद न टुप्पाका नेताहरू मन्चमा बसेर आफ्नो ताई न तुईको कुरा फलाकिरहेका हुन्छन् । अब यहाँ त हाम्रा नेताहरूले गुरूहरूको सम्मान गर्नु पर्दछ भन्ने कुरा पनि बिर्सेको अवस्था छ ।

रामकृष्ण मिशनले निकालेका किताबहरू हामीले कत्तिको पढेका छौं । त्यहाँ भनेको छ नि धर्म भनेको त हिजोको दिनमा हाम्रा साधू सन्त ऋषिमुनीहरूले तपस्या गरेर प्रादुर्भाव गरेको कुरा हो, यो त सिक्ने कुरा हो । हाम्रो त धरातल नै बिग्रेको छ त कहाँबाट हामीमा नैतिकता, अनुशासन, संस्कारका कुराहरू आउँदछन् त । जब हामीले हिन्दु धर्मलाई बुझ्दछौं अनि न इशाईका बारेमा आलोचना गर्न सक्दछौं । अब यहाँ हामीलाई आफ्नो धर्मको बारेमा थाहा छैन

भने त इशाईले आएर जे जे भनेपनि हो कि क्या हो भनेर बस्नु बाहेकको विकल्प नै के छ ? आज नेपालमा भएको पनि यही हो । नेताहरूले हिन्दु धर्मका बारेमा पढेका थिए भने आज यो अवस्था आउँदैन थियो । **यो जिजस क्राईस्ट भनेको बिना बाबुको छोरा हो, हैन भने एउटा कुमारी आमाले कसरी बच्चा जन्माउन सक्दछ । ( यो सुन्नासाथ सम्पूर्ण सभा हल हाँसोले गुन्जिन्छ** ) हामीले अलिक बोल्दिने हो भने उनीहरू बोल्नै डराउछन् अब तपाँईहरू हात जोडेर सुन्नको लागि बस्नु हुन्छ त जसले पनि तपाईहरूलाई भाषण दिएर जान्छ नि । मलाई एउटा अनुभव के छ भने, जब उनीहरूको बीचमा कसैले प्रतिप्रश्नहरू गर्न थाल्छ, उनीहरू भाग्ने गर्दछन् । उनीहरू त टेप रेकर्डर जस्ता हुन् । खोल्दियो कि बोल्न थाल्ने । सुँगाले रटेको कुरा बोल्न जान्यो भन्दैमा त्यसलाई well educated भन्न मिल्दैन त्यस्ता लाई त well trainned भन्न सकिन्छ । तिनीहरू पनि त्यही सुगा जस्तै हुन् ।

१५०० वर्ष अगाडि शंकराचार्यले जुन कुरा पढ्नु भएको थियो आज हामी पनि त्यही कुरा पढिरहेका छौं । अब तँपाईं आफैं भन्नुस् कि एउटै कुरा पढेर पनि हामीमा किन यत्रो फरक त । हामी कहानेरि चुक्यौं त ? तँपाईहरूलाई हिन्दु धर्मको बारेमा जान्न मन भए यू-ट्युब मा गएर हेर्नुहोस् कति राम्रा राम्रा कुराहरू छन् । हामी कतिले यो हेरेका अनि पढेका छौं ? यदि छैन भने आजै गएर हेर्नुस् अनि पढ्नुस् नत्र यो हिन्दु हिन्दु मात्र भनेर हिंडेर केही हुन्न । त्यसैले आजको यो विज्ञहरूको जमात देख्दा अब चाहिँ नेपालमा केही क्रान्ति आउँछ कि जस्तो मैले अनुभव गरेको छु । धन्यवाद । जय हिन्दु राष्ट्र !



## देवेश कुमार झा

धन्यवाद दीपक कुमार अधिकारीजी। सर्बप्रथम म यस कार्यक्रममा ढिलो आएकोमा क्षमा माग्न चाहन्छु। म यहाँ अघिबाट सुनिरहेको छु। यहाँहरू राजनीतिक पार्टीसँग निकै आक्रोशित हुनुहुन्छ र त्यो बिलकुल पनि सही नै हो। तर मैले यहाँ केही दिन अघिबाट देखिरहेको छु कि हिन्दु धर्मरक्षाको लागि सङ्गठित रूपमा धेरै संघ संस्थाहरू लागि परिरहेका छन् यो एउटा राम्रो कुरा हो। कम से कम यही कुराले भएपनि आज हामी सङ्गठित भएका छौं। अहिलेको अवस्थामा मैले विभिन्न घटनाक्रमहरू बुझ्दै जाँदा, राजालाई फाले पश्चात् त प्रचण्डजी आफैं यहाँ राजा हुनुभएको रहेछ। गिरिजाबाबुले त मात्र उहाँको काधमा राखेको बन्दुक पड्काउनु भएको रहेछ। अब हाम्रो त सम्माननीय सुशील कोइरालाज्यूसँग भेट हुँदैन, कुराकानि हुँदैन। हामीले त मात्र पत्रपत्रिकामा आएको घटनाक्रमहरू पढेर कुराहरू बुझ्ने हो। पत्रपत्रिकाकै कुरा अनुसार जुन कुरा सुशील कोइरालाले आज यस्तो गर्नु भयो भनेर लेख्दछ भोलीपल्ट त्यही मिडियामा त्यो कुराको बारेमा सुशील कोइरालालाई त केही थाहा रहेनछ र अर्को दिन त्यही मिडियामा त्यो कुराको त प्रस्तावक नै सुशील कोइराला हुनुहुन्थ्यो भनेर लेखेर आउँदछ अब आफैं सोच्नुस् कि हामीले के पत्याउने, कति पत्याउने, कसको पत्याउने।

मलाई एक जना मेरा काँग्रेसको मित्रले बताउनु भयो कि २०४६ ताका गिरिजाबाबुहरू नजरबन्दमा हुनुहुन्थ्यो। त्यो बेलामा गिरिजाबाबुको भोजन गर्नुभन्दा पहिला जहिले पनि बियर खाने बानि थियो रे! यो मैले सुनेको कुरा हो किनभने मेरो गिरिजाबाबुसँग कहिल्यै त्यसरी आत्मीय भेटघाट भएन। उहाँ एक दिन बियर खाईरहनु भएको थियो रे! नोना कोइराला पनि त्यहीं बसिरहनु भएको थियो। त्यहाँ एक जना नेताले गिरिजाबाबुलाई सोधे रे कि यो कुरा अब कतिदिन चल्छ भनेर प्रतिउत्तरमा गिरिजाबाबुले बियरको चुस्कि लिँदै **थाम न थाम किन हतार गर्छौ। थाम न यो कुरा धेरै दिन जादैन क्या! मेरो आँखामा**

**लास घिसारेको कुरा अझ्र पनि घुमिरहेको छ ।** मैले त अब यहाँ बुझ्नै सकिन कि कसले कसको लाश घिसारेको थियो । बिचित्रको कुरा थियो यो । उहाँले सोध्नु भएछ , यो त बडा बिचित्रको कुरा आयो कसले कसको लाश घिसार्यो हँ ? त्यसैले मैले नोना कोइरालालाई प्रश्न गरें कुरा के हो भनेर उहाँले यो कुरा गिरिजाबाबुलाई नै सोध्नुस् भनेर भन्नुभयो । अनि त्यसपछि उनले गिरिजाबाबुलाई नै कुरा के हो भनेर सोध्दा गिरिजाबाबु चुपचाप भएर ध्यान हुनुभएछ । त्यसैले उनले कुरा के रैछ त भनेर पछि बुझ्दै जाँदा, त्रिपुरेश्वरको धर्मशाला त्यतिखेर जेल थियो । गिरिजाका बुवा कृष्णप्रसाद त्यतिखेर कारागारको जीवन बिताइरहनु भएको थियो । उहाँ बिरामी हुनुहुन्थ्यो उहाँको इलाज गराउनु पर्नेमा इलाजको अभावमा उहाँ बित्नु भयो । दुर्भाग्यवश मातृका र वि.पी. दुईटै भारतको कुनै कारावासमा जेलजीवन बिताइराखेका थिए । सायद उहाँहरू विद्यार्थी राजनीतिमा कुनै कारणले कारागारमा पर्नुभएको थियो होला, त्यो बेलामा । यता गिरिजाबाबु एक्लै रहेछन् । गिरिजाबाबुको आमाले सिंहदरबारेमा गएर तिमीहरूले मेरो श्रीमान्को हत्या गरेका छौ । यसको अपराध तिमीहरूलाई अवश्य लाग्दछ र तिमीहरूले यसको सजाय अवश्य पाउने छौ भन्दा राणाहरू रिसाएछन् र राणाहरूले जेलमा यो खबर पठाएछन् कि त्यो लाशलाई कारागारबाट बाहिर लगेर फ्यालिदेउ, त्यसलाई काग कुकुरले खान्छ भने । गिरिजाबाबुको आमाले त्यो समयमा लाश बुझ्न नमानेको कारणले गिरिजाबाबुलाई उहाँका आफन्तहरूले हेर बाबु लाश त बुझ्नु पर्दछ । दाह संस्कार त गर्नु पर्यो नि । त्यसैले आमालाई सम्झाएर लाश बुझ, नत्र त्यो सडेर गलेर त्यसै जान्छ र कुकुर, कागले त्यो खान थाल्छन् । त्यसैले त्यसो हुन दिनु हुन्न पाप लाग्छ भने । त्यसपछि गिरिजाबाबु आफैं त्यहाँ गएर लाश घिसारेर बाहिर ल्याउनु भएछ ।

यदि यो कुरा सत्य हो भने हामी सजिलै यो अनुमान लगाउन सक्छौ कि यो घटना कति दर्दनाक थियो होला । त्यसैले गिरिजाबाबुले लगातार भन्नु हुन्थ्यो कि राजा र राणामा कुनै अन्तर छैन । यी दुईटै एउटै सिक्काका दुई पाटाहरू हुन् । राणालाई हटाउँछु राजालाई ल्याउछु भन्नु एउटै हो । यहाँ अन्तर केही छैन । मैले देखेको छु गिरिजाबाबुको दाहसंस्कार पछि पनि उहाँको परिवारका केही सदस्यहरूले क्रिया राम्रोसँग गरेनन् । सायद यसका पछाडी इशाईकरणको कारण थियो होला । अब यहाँ भन्न मुस्किल छ कि, उहाँहरूको परिवार के साँच्चै इशाई थियो त ! सायद नेपालमा राजा हटाउनु, नेपाललाई धर्मनिरपेक्ष बनाउनुको पछाडि यो पनि एउटा कारण हुनसक्दछ । हिजोको पीडालाई आज यहाँनेर आएर निकालिएको पनि हुन सक्दछ । **प्रचण्डजीलाई यो भ्रम छ कि, उहाँको कारणले गणतन्त्र आयो, तर उहाँ त निद्रामा नै हुनुहुन्छ ।** उहाँ त

मात्र कारक तत्व हुनुहुन्थ्यो । यहाँ कुरा त अर्कै थियो । गिरिजाबाबु अवसरको पर्खाइमा हुनुहुन्थ्यो र प्रचण्ड अवसर बनेर आउनु भयो र यसको फाइदा उठाएर उहाँले आफ्नो बदला पुरा गर्नुभयो ।

मैले यसो आज आएर यताउता हेरिहेरें लक्ष्मणजी लाई देखिन किन हेरें भन्दा दीपकजीको कार्यक्रममा प्रायः लक्ष्मण घिमिरेको उपस्थिति रहन्छ। उहाँ कांग्रेसको एउटा सिनियर नेता हुनुहुन्छ। उहाँ हिन्दु धर्मको बारेमा खुलेर वकालत गर्नुहुन्छ। मैले प्रायः लक्ष्मणजीलाई लगातर तीनवटा कार्यक्रममा प्रश्न गरेपश्चात् उहाँले एकदिन मलाई भन्नुभयो कि किन तिमी मलाई जहिले पनि अफठ्यारोमा पार्न खोज्छौ ? मैले उहाँलाई भने कि तपाईं नेपाली कांग्रेसको प्रमुख सचेतक जो पहिलो संविधानसभामा पनि हुनुहुन्थ्यो । तपाईंलाई मैले त्यहाँ बोलेको त कहिल्यै सुनेको छैन तर तपाई त यहाँ खुब मज्जाले बोल्नु हुन्छ त, यदि बाहिर मात्रै यसरी कड्किने र भित्र चाहिं नबोल्ने भए यसको त कुनै अर्थ छैन । केही दिन अघि उपेन्द्र यादवले वीरगन्जमा गएर भन्नु भयो कि धर्मनिरपेक्षता आन्दोलनको माग नै थिएन तर पनि हामीले दियौं भनेर । उहाँ त संविधानसभामा हुनुहुन्थ्यो नि, किन उहाँले नोट अफ डिसेन्ट लेख्नु भएन । सबै जना बाहिर आएर एउटा बोल्दछन् तर भित्र चैं यसको कसैले विरोध गरेको देखिंदैन । त्यसैले यस्ता कार्यक्रममा आएर जुन सुकै नेताले घन्टौ बोले पनि केही हुँदैन तर उहाँहरूले निश्चित ठाउँमा गएर २ मिनेट मात्र यो विषयलाई लिएर बोल्दिनु भयो भने त्यहाँ कुरा अर्कै हुनेछ ।

**प्रधानमन्त्री बालुवाटार छिर्ना साथ हिन्दु विधिबाट पूजाआजा गर्दा हुने तर हिन्दुत्वको बारेमा कसैले वकालत गर्न खोजेमा त्यसलाई चाँहि नानाथरिको आरोप प्रत्यारोप गरेर तर्साउन खोज्ने आखिर किन त ?** हाम्रो देशमा एउटा प्रथा छ। कुमारी जात्रामा भोटो देखाउने अहिले यो काम राष्ट्रपतिले गर्दै हुनुहुन्छ । ल **अहिले त राष्ट्रपति हिन्दु हुनुहुन्छ उहाँले यो विधि गर्नु पनि हुन्छ तर भोली त्यहाँ कुनै मुसलमान वा इशाई आयो भने के त्यो कर्ममा त्यो मानिस सहभागी हुन्छ त ? के भोली हामी त्यसको हातको टिका लगाउन जान्छौ त ?** हो यस्ता कुराहरू आउन सक्छ त्यसैले यसलाई हाम्रो संविधानमा राख्ने कि नराख्ने । जनता धर्मनिरपेक्ष हुँदैन, राज्यमात्र निरपेक्ष हुन्छ। तरपनि राज्यले बकैदा मठमन्दिरको नाममा बजेट छुट्याएको हुन्छ । त्यहाँ विभिन्न मानिसको नियुक्ति गरिरहेको हुन्छ आखिर किन त ? यदि राज्यलाई धर्मप्रति कुनै चासो नै छैन भने विभिन्न मठमन्दिरको सम्पतिमा उसको चासो किन नि ? कुनै नयाँ काम गर्नु पर्दा, नयाँ विमान ल्याउँदा, नयाँ चिजको उद्घाटन गर्नु पर्दा, सेनाको कार्यक्रममा अर्थात् जहाँपनि हामी हिन्दुविधिले कार्यक्रम गर्न भने गर्दछौं तर

हिन्दुलाई नै गाली पनि गर्दछौं र प्रतिबन्ध पनि लगाउँछौं ।

खुम बहादुरजीले भन्नुभयो हिन्दु धर्मलाई नराखि संविधान आयो भने म संविधानलाई टुँडीखेलमा जलाउँछु भनेर, म यहाँ व्यक्तिगत रूपमा भन्नुपर्दा नेपाल हिन्दु धर्मसापेक्ष राष्ट्र हुनुपर्दछ भन्ने अवधारणा बोकेको मानिस हुँ। हिन्दु धर्म राख्दैमा नेपालमा भूकम्प जानेवाला छैन । भारतको पनि इतिहास हेर्ने हो भने भारतीय जनता पार्टी पनि एउटा हिन्दुत्व विचार राख्ने पार्टी नै त हो नि जसले हिन्दु धर्मको वकालत गर्दछ तर पनि आज उसको भारतमा उत्तिकै सम्मान छ त । हामी मधेशीको कुरा गर्दा जति पनि दलितलाई मन्दिरमा प्रवेश गर्न दिइएको छैन भनेर जस जसले भनेता पनि आजसम्म मधेशीहरू इशाई भएका छैनन् । माघ ८ मा संविधान बन्ने वाला छैन, फेरि पनि समय थपिन्छ हेर्दै जानुस् त्यसैले हामीसँग हाम्रो कुरा संसद समक्ष पुर्याउन प्रशस्त समय छ । अब हामी निरन्तर यस्ता कार्यक्रम मार्फत् सरकारलाई आफ्नो आवाज सुनाउन निरन्तर रूपमा लागिरहनु पर्दछ । हामी अब आउने संविधानको सम्मान गर्दछौं तर हाम्रो आवाजको पनि संविधानमा सम्मान होस् भन्ने चाहन्छौं । यदि नेपाल हिन्दु राष्ट्र घोषणा हुन्छ भने तराई, मधेश राष्ट्रिय अभियानले त्यसको विरोध हैन सम्मान गर्नेछ । धन्यवाद ।



## देवी राम शर्मा

आयोजक मित्र दीपक कुमार अधिकारीलाई धेरै धेरै धन्यवाद छ। म बोल्छु भन्नु भन्दा अगाडि नै उहाँले मेरो नाम लिइहाल्नु भयो अब म यहाँ बोल्दिन भन्दा किन बोलेन बोल्नै पो आउँदैन कि भन्ने पनि धेरैलाई लाग्न सक्दछ तर यो भन्नुको कारण के हो त भन्दा म झण्डै झण्डै अन्तिम वक्ताको रूपमा रहेको छु। त्यसैले अब यहाँ नयाँ कुरा आउँछ भन्नु त झन्डै झण्डै असम्भव नै हो। तर पनि म आफ्नो एक दुई कुरालाई यहाँ राख्न चाहन्छु। आदरणीय यस कार्यक्रमका आयोजक डा.दीपकजी, प्रस्तोता मित्र श्रीकृष्णजी, विभिन्न दलका नेता तथा पूर्व मन्त्रीज्यू, भारतबाट आउनु भएका मित्र गोपालजी, विदेशी पाहुनाहरू, स्वयं सेवक संघका आदरणीय प्रचारकज्यूहरू, फ्रेन्ड्स अफ बि.जे.पी.की मित्र नलिनीजी। अब नेपालमा धर्मनिरपेक्षता किन र के कारणले घोषणा गरियो भन्ने कुरा लगभग यहाँ सबैलाई थाहा भएको नै कुरा हो। हामी सबै जनआन्दोलनमा भाग लिएका मानिसहरू नै हौं। हामीलाई त्यतिखेरका मागहरू पनि सबैलाई थाहा नै छ। २०६३ सालको जनआन्दोलनमा भएको १२ बुँदे सहमति पनि हामी सबैले अध्ययन गरेका नै छौं। २०४६ सालभन्दा अघि इशाई धर्मका प्रचार प्रसारको लागि निषेध गरेको कुरा पनि कानूनमा उल्लेख भएको कुरा हो। त्यतिखेर त्यहाँ निषेध गर्दा ब्रिटिस सरकारले हामीलाई बेला बेलामा दबाव दिएको कुरा पनि सबैलाई थाहा भएको कुरा हो।

२०४६ पछाडि गएर थोरै भए पनि धार्मिक स्वतन्त्रताको बाटो पनि खुल्ला भएको कुरा हो। त्यसपछि केही समय पछि २०४६/४७ सालको संविधानलाई च्यालेन्ज गरेर केही हतियारधारी समूहले सशस्त्र आन्दोलनको शुरूवात गरेको कुरा साक्षी छ। उनीहरूको पहिलो प्रहार नै धर्म माथि थियो। त्यसै कारण उनीहरूले आफ्नो पहिलो लक्ष्य मठमन्दिर, देवालयहरू तोड्ने, भत्काउने, कब्जा गर्ने र अतिक्रमण गर्ने काम गरे। जनै लगाउनेको जनै काट्ने, संस्कृतका किताबहरू च्यात्ने/जलाउने, गाई काट्ने र मासु खाने जस्ता कामहरू उनीहरूबाट भएको नै हो। अब कुरा यहाँनेर आएर यो उठ्छ कि, आखिर किन भयो त यस्तो हिन्दु धर्मावलम्वीहरूको

आस्थाका विषयमाथि सांघातिक प्रहारहरू। सशस्त्र आन्दोलन पछि जनमानसको एउटा भीड उर्लियो किनभने राजाबाट जुन निरंकुश कदमहरू चालियो त्यसको प्रतिकारमा जनताहरू निस्किए र त्यसैको आडमा त्यो सशस्त्र आन्दोलनकारी शक्ति आफूलाई राजनीतिक दलको रूपमा परिचित गराउन सफल भयो र जनताले माग्दै नमागेको कुरालाई लादेर उनीहरूले एकैपटक संसदभवनभित्र छिरेर नियोजित ढङ्गले त्यसलाई बोलाउन सफल भए। यो कुरा देखेर कयौं नेताहरू अन्यौलमा पर्नुभयो भन्ने कुरा त्यसपछि बाहिर आएर पूर्व मन्त्रीज्यूहरूले फाट्टफुट्टरूपमा यदाकदा बोल्न थाल्नु भएको कुरा हाम्रै कानले पनि सुनेको नै हो। जुन आ-आफ्नो आस्था विश्वास राखिराख्या छ र जनै लगाउनेको जनै काटिदिने, गाई वस्तु काटेर त्यसलाई चाहिँ उनीहरूको भान्छामा लगेर राखिदिने यस्ता किसिमका काम एकातिर भए भने अर्कातिर त्यति बेलामा इलाकामा जति पनि चर्चहरू स्थापना भए त्यही बेलामा भएको अवस्था थियो। किन त्यति बेलामा त्यो ढङ्गले लिभरेज उनीहरूले पाए त भन्दाखेरि कतै न कतै लाभको अवस्था थियो। तसर्थ द्वन्दरत पक्षले चाँहि हिन्दु धर्म मान्ने, जुन सनातन धर्मावलम्बी छन् तिनीहरूमाथि प्रहार गर्ने हरूलाई लिभरेज गर्ने काम किन भयो ? यसको सुरूवात यो धर्मनिरपेक्ष घोषणा हुनु पछाडि द्वन्दका पछाडिको लगानि थियो पछि आएर २०६३ सालको आन्दोलनको क्रममा निरङ्कुश राजतन्त्रको समाप्तिको एउटा १२ बुँदे समझदार पछिको आन्दोलनको बेलामा एउटा छिद्र खोजे र जेठ ४ गते जुन घोषणा भयो, त्यो कसैले अपेक्षा नगरेको अवस्थामा धर्मनिरपेक्ष भनेर घोषणा गराउन सफल भए।

अहिले कसरी आयो, किन आयो यो कुरामा आफू पनि अन्योलमा भएको कुरा पूर्व मन्त्रीज्यूहरूले राख्नुभएको छ। खास गरेर देवेश सरले भन्नुभयो गिरिजाबाबुको वा कोइराला परिवारको एउटा उदेश्यले/लक्ष्यले एउटा मिसीनरीबाट यस किसिमको लगानी नेतृत्व तहमा कुनै व्यक्ति-विशेषमाथि लगाएर आयो। यस्तो धर्मनिरपेक्षता घोषणा गरिएको परिस्थिति र वातावरणले पुष्टि गर्दै ल्याएको अवस्था छ। लाखौं जनता त्यतिबेला निरकुंश शासनको विरूद्धमा सडकमा उत्रिएको अवस्था थियो। मेरा जनता हिन्दु धर्मको विरूद्धमा थिएनन्। त्यही बेलामा हिन्दु धर्मको विरोध नभाको बेलामा पनि राजतन्त्र हिन्दु धर्मको संरक्षक हो र प्रतीक हो भन्ने हिसाबले यसलाई धर्मनिरपेक्ष घोषणा गरिसके पछाडि राजतन्त्र कहिले पनि पुर्नःस्थापना हुन सक्दैन भन्ने एउटा मान्यता छ त्यो एउटा बेग्लै तर्क होला, तर त्यतिबेला लाखौं लाख जनता जो सडकमा उत्रिएका थिए ती सबै हिन्दुधर्म विरोधी हुन् भनेर धर्मनिरपेक्ष जुन घोषणा गरियो त्यो गलत थियो र हो।

आज संविधानसभाका ६०१ सदस्य, दलका महानुभावहरू र अन्य दलका यहाँ नभएका नेताज्यूहरूलाई यो हेक्का हुनुपर्छ कि २०६३ सालको आन्दोलन पछि

त्यतिबेला धर्मनिरपेक्ष भए होलान् भन्ने अनुमान गरियो होला तर २०६८ सालको जनगणनाले स्पष्ट के देखायो भने झन्डै ८२% हिन्दु धर्मावलम्वी यो नेपालमा छन् । राज्यको धर्म हुँदैन भनेर भनिन्छ, **राज्यको धर्म सनातन धर्म हो, त्यो धर्म-संस्कार-संस्कृति-परम्परा होला तर राज्यको धर्म भनेको पहिले सुरक्षा हो ।** सुरक्षा भन्नाले हामी के देख्छौं भनेदेखि बहुमतको अभिमतको सुरक्षा । बहुमतको अभिमत केमा छ भनेदेखि हिन्दु धर्ममा । जरसाबले अघि के भन्नु भयो भने हामी ४ वटा कारणले मात्रै नेपाली अर्थात् हाम्रो पहिचान यो हो भन्नुभयो । सगरमाथामा हाम्रो कहिलेकाँही प्रश्न चिन्ह लाग्छ कि हिउँले गर्दा तल घट्यो भनेदेखि कसैले प्रश्न निकाल्छ त्यो पनि हो । बुद्ध धर्म, धर्म परिवर्तन गराउनेहरूले अहिले हामीले हेर्‍यौं भनेदेखि २०५८ सालको जनगणना र २०६८ अनुसार काठमाडौं उपत्यका वरिपरि बुद्ध धर्मावलम्वीहरूको परिवर्तन भएको अवस्था छ र यसरीनै विस्तारै विस्तारै एउटा परिवर्तन हुँदै जाँदा खेरि यो ढङ्गले तल जाला । अर्को गोर्खाली हो, गोर्खाली भन्ने पनि अब विस्तारै ब्रिटिस गोर्खा यो पनि आउँदैछ तर थोरै संख्यामा आउँदैछ, त्यसले पनि हाम्रो पहिचान कमजोर बन्ला तर सबैभन्दा विश्वको एकमात्र हिन्दु राष्ट्र भन्ने छ । हिन्दु राष्ट्र र हिन्दु राजामा फरक छ, राजतन्त्र एउटा थियो । तन्त्र भन्ने कुरा समय अनुसार परिवर्तन हुँदै जाने कुरा हो, तर राज्यको जुन आफ्नो एउटा पहिचान हो, त्यो पहिचान चाहिँ कमजोर भएको अवस्था होइन । अहिलको यो हाम्रो डाटाले राष्ट्रको आधिकारिक डाटा जनगणनाले प्रमाणित गरेको कुरो हो । यसैले लोकतन्त्रमा बहुमतको बहुसंख्यक जनताको र त्यसको रक्षा गर्नुपर्छ भन्ने जुन मान्यता हुन्छ त्यो मान्यता अनुसार हिन्दु धर्म सनातन हिन्दु धर्मको रक्षा हुनुपर्ने जरूरी मैले देखेको छु । हुन त यहाँ धेरै कुराहरू आउछन्, म अस्ति क्रिष्चियन कार्यक्रममा गएको थिएँ त्यसको समापन कार्यक्रममा मलाई पनि निम्तो थियो । हाम्रो जनगणनामा १.४ प्रतिशत लगभग क्रिस्चियन संख्या देखाएको छ तर त्यहाँ चाहिँ हाम्रो देशको प्रतिनीधित्व गरेर जो आउनु भएको थियो त्यहाँ उहाँले आफू हिन्दु धर्मावलम्बी हुँ भन्दा भन्दै पनि यसको संख्या २% भइसक्यो भनेर आफै त्यत्रो व्यक्तिले भन्नुभयो । हाम्रा डाटाहरू पनि उनीहरूलाई प्रोत्साहित गर्ने हिसाबले यसरी राखिने गरिएको छ । त्यसकारणले हामीमा पनि धेरै कमिकमजोरीहरू छन् । हाम्रा अन्य कुराहरूमा घरव्यवहारमा दलितसँगको र अरूसँगको व्यवहारमा पनि हामीले आफूलाई कति परिवर्तन गर्न सकेका छौं छैनौं त्यो हामीले आफूले पनि फर्केर हेर्नुपर्ने छ ।

अब यहाँ सनातन हिन्दु राष्ट्र नेपाल हुनुपर्छ । हामीले त्यसको रक्षा गर्न सक्नुपर्छ । अघि विद्ववान्हरूले धेरै कुरा राखिसक्नु भएको छ र हामी यो कोठामा मात्रै बोलेर यो आवाज कसले पुऱ्याउने कसले के गर्ने भन्ने छ । त्यसका लागि त

हाम्रा माध्यम भन्ने अघि २-३ जना नेताज्यूहरू हुनुन्थ्यो उहाँहरू जानुभयो दलका बैठकहरूमा । अरू यहाँ नेताज्यूहरू पनि हुनुहुन्छ । यो आवाज उहाँहरूले राख्ने हो । हिजो मात्रै मैले, म यहाँ भनौं जनयुद्धको जनविद्रोह भएको विषयमा उहाँले मलाई पहिले प्रश्न गर्नु भयो, माघ ८ गते यदि संविधानको मस्यौदा आयो भने अहिले कसले आन्दोलन गर्नसक्छ भनेर । हाल हिन्दु धर्मको जुन अभियान चलिराखेको छ, सनातन हिन्दु धर्म र यसको पक्षमा आवाज कस्तो उठ्ला आन्दोलन कस्तो होला भन्ने उहाँहरूलाई चिन्ता रहेछ । चिन्ता भन्नाले त्यसैमा टेकेर आफूले जनविद्रोहको वातावरण पनि बनाउने उहाँहरूले सपना देखिरहनु भाएको छ भने देखि अहिले हिन्दु धर्मका समर्थक र अनुयायीहरू नै अब यदि यो संविधानमा यसको सम्बोधन भएन भनेदेखि उनी नै अगाडि आउँछन् भन्ने उनीहरूको विश्लेषण हो । भारतले कसरी हेरिराखेको छ भारतीय जनता पार्टी सरकारले के गरेर हेरिरहेको छ, यहाँ अहिले जुन अभियान चलिरहेको छ त्यसको कस्तो प्रभाव परेको छ , जनता कसरी बाहिर आउलान् ?, कि नआउलान् भनेर यही हिन्दु धर्मका कुरालाई लिएर त्यति कुरालाई उहाँहरू पर्खेर बसिरहनु भएको छ । आखिर उहाँहरूले यो धर्मनिरपेक्षतामा चुनौति देख्नु भएको छ भने यतिसम्म उहाँहरूले ८१%, ८२% देख्नुभएको छ । यहाँ ९२% बाट देख्नु भएन । तर यति हुँदा हुदै पनि उहाँहरूको मानसिकता यति कमजोर छ कि उहाँहरू आफूले जनविद्रोहमा बाटो बनाउछु भन्ने छैन कि अर्काले बनाए म टेक्छु भन्ने छ ।

त्यसकारण यस्तो अवस्थामा पनि हिन्दु धर्मका अनुयायी भनौं सनातन धर्मका अनुयायीहरू जति सहिष्णु छौं त्यति अरू छैनन् । हामी यति सहिष्णु हुँदाहुदै पनि हामी आफैं लुकेर बस्यौं भनेदेखि केही हुनेवाला छैन । यसका लागि विभिन्न ठाउँको आवाजको कुरा छ, राजनीतिक दलका नेताज्यूहरूले आफ्नो पार्टीमा आफ्नो जुन स्रोत छ त्यसमार्फत गतिलो कदम चाल्नु पर्दछ । उहाँहरूले अब संविधानसभामा यो कुराको माग गर्नुपर्‍यो । जसले गर्दा यहाँ उत्पन्न भएका समस्याको तत्काल निराकरण होला नत्र भने हामी यहाँ कराउने उता चार दलका नेताहरूले बाह्य प्रभावमा फेरी हिजो जस्तै गरेर यो सम्पूर्ण ८१%, ८२%, ९२% को भावनालाई लत्याउने काम भएर भोली मुलुक अर्को द्वन्दमा नजाओस् भन्ने हो । नेताज्यूहरू र पहुँचवाला जो हुनुहुन्छ उहाँहरूलाई म यो आग्रह गर्दछु । श्रीकृष्ण अनिरूद्ध गौतम सरको म लेख धेरै पढ्छु । उहाँका लेखमा पूर्वाग्रह रहित, मतलब कसैको आग्रह अनुरूप हुँदैन । यसमा सत्य कुरा हुन्छ सत्य कुराको सापेक्षमा उहाँ उभिनुहुन्छ । आजको यो प्रस्तुति पनि त्यही ढङ्गले प्रस्तुत भाएको जस्तो लाग्यो मलाई, अत्यन्त खुसि लाग्यो, हार्दिक आभार व्यक्त गर्दछु । धन्यवाद ।



## श्रीकृष्ण अनिरुद्ध गौतम

वास्तवमा म प्रस्तुति पछिका प्रतिक्रियाहरूले गदगद भएको छु र यो गदगद हुन पाउने सौभाग्य दिनुभएकोमा आभार व्यक्त गर्दछु । केही सुझाव आएका छन् , केही थप सुझाव आएका छन् । यो अलि अगाडि नै हुनुपर्थ्यो भन्ने कुरा पनि आयो । तर म एउटा विश्वास गर्छु कुनै पनि घटना समय नआई हुँदैन । सूर्योदय पनि सूर्योदय हुने समयमा नै हुन्छ । त्यसकारणले यो जुन कार्यक्रम भएको छ अथवा यो कुरा हामीले यतिखेर उठाएका छौं यही नै उपयुक्त समय हो । सम्पूर्ण सहभागीहरूबाट व्यक्त भएका मन्तव्य, विचार, धारणाहरू सबैलाई स्वागत गर्दै म महत्वपूर्ण महानुभावहरू यहाँ सहभागी हुँदाहुँदै, पनि आफ्नो मन्तव्यबाट बञ्चित हुनुभएको छ, यहाँ आफ्नो विचार राख्न पाउनु भएको छैन अथवा समयको अभावको कारणले गर्दाखेरि उहाँहरूले आफ्नो विचार राख्न पाउनु भएन उहाँहरूको विचारको पनि सम्मान गर्दै उहाँहरूप्रति आभार व्यक्त गर्दै यहाँ नाम लिन चाहन्छु । शिवराम ढकाल, गोपालजी, रेवितजी, नारायणजी, वेदजी, सन्तोषजी, रमेशजी, कीर्ति पाण्डे, राई स्कूलका प्रधानअध्यापकज्यू र अरू पनि युवा सहभागी हुनुहुन्थ्यो उहाँहरूले पनि यसमा मन्तव्य दिन पक्कै चाहनु भएको थियो । त्यो अवसरबाट वञ्चित हुनुभयो त्यसका लागि म आफू प्रस्तोताका तर्फबाट क्षमा याचना गर्दछु । मेरो आग्रह के थियो भने यो कार्यक्रम यस्तो लोकतान्त्रिक होस् कि सबैले आ-आफ्नो विचार राख्ने अवसर प्राप्त गरून् । त्यसैले यो कार्यक्रम धेरै ठूलो संख्यामा नगरौं भन्ने मेरो आग्रह थियो । संख्या त त्यस्तै भयो तर पनि समयको चापले गर्दा केही मित्रहरू यसबाट वञ्चित हुनुभयो त्यसका लागि म क्षमा चाहन्छु । आयोजकको तर्फबाट पनि क्षमा माग्ने अधिकार दिइएको छ भनेर उहाँहरूले भन्नुभएको छ । तसर्थ उहाँहरूका तर्फबाट पनि क्षमा याचना गर्दछु । धन्यवाद यहाँहरू सबैलाई ।

# संविधानमा धर्म

श्रीकृष्ण अनिरूद्ध गौतम

नेपाल-भारत सहयोग मञ्च, काठमाडौं

**विक्रमाब्द पौष २३, २०७१**

Western Era January 7, 2015

Alfa-Beta House, Baneshwar

# वर्तमान परिदृश्य

## सतहका दृश्य

❖ संविधान अझै निश्चित /अनिश्चित बीच

❖ बहुप्रचारित विवादित विषयहरू संघीयताको प्रकार र नक्सा, शासकीय स्वरूप, निर्वाचन प्रणाली र न्यायपालिकाको प्रबन्धनमा सहमतिको खोजी यथावत

❖ माघ ८ मा संविधान जारी हुने सम्भावना क्षीण

## पूरै सतहमा नआइसकेका, भित्रभित्रै आकार लिइरहेका विषय

❖ संविधानमा धर्मको प्रावधान

❖ सापेक्षता र निरपेक्षताबीच द्वन्द्व

## रहस्य चर्चा

जेठ ४, २०६३ मा प्रतिनीधिसभाको घोषणामा

❖ किन कसरी र कसको उत्प्रेरणाद्वारा देश धर्मनिरपेक्ष भयो भनियो

जबकि,

❖ जनमत मौन थियो

❖ धर्मनिरपेक्षता जनमतको माग थिएन

❖ कुनै उल्लेख्य आन्दोलन भएको थिएन

## स्तब्धता

❖ घोषणाले ८० प्रतिशतभन्दा बढी जनसंख्यालाई स्तब्ध बनायो

❖ प्रतिक्रिया आए, संगठित विरोध भएन

❖ एकथरीले आश्चर्य व्यक्त गरे

❖ अर्काथरीले जानताले स्वीकार गरे भनेर आफूखुसी अर्थ लगाए

❖ प्रश्न यथावत रह्यो, कसरी भयो नेपाल धर्मनिरपेक्ष ?

❖ के नेपालको चरित्र धर्मनिरपेक्ष नै हो ?

❖ आखिर हो के धर्मनिरपेक्ष भनेको ?

### षडयन्त्रको गन्ध

- ❖ युरोपीयन मुलुकका नियोगहरूद्वारा धर्मनिरपेक्षताको प्रशंसा र बखान
- ❖ विशेष गरेर इशाई मिसनरीमा उत्साह
- ❖ धर्मान्तरणमा तीब्रता,
- ❖ प्रश्न गर्न थालिएको छ, के यही हो धर्मनिरपेक्षता ?
- ❖ आर्थिक रूपमा विपन्न, सामाजिक विभेदका शिकार, निरक्षर र सोझासिधा मानिसलाई लक्ष्य
- ❖ टोलटोलमा भाडाका घरमा चर्च
- ❖ बिना कुनै अनुमति घर घरका ढोका ढोकामा गएर नेपालका परम्परागत आस्थालाई शैतान भन्ने दुस्साहस
- ❖ हिन्दु, बौद्ध र किराँत आस्थाका प्रतीक र केन्द्रविरूद्ध खुलेआम अपशब्द
- ❖ हालै बेलायती राजदूतद्वारा धर्मान्तरणलाई खुलेआम समर्थन

### सुरक्षा सरोकारका विषय

- ❖ धर्मनिरपेक्षता भनिएसँगै दक्षिण सिमान्त क्षेत्रमा मदरसाको संख्यामा ह्वात्तै वृद्धि, उत्तरोत्तर वृद्धि हुने क्रम जारी
- ❖ परापूर्वदेखि मुसलमान बस्ती रहेका र आसपासका क्षेत्रमा स्थानीय भाषा, हिन्दी, नेपाली नबुझ्ने शंकास्पद नयाँ अनुहारहरू
- ❖ धेरैजसो बंगलादेशी मुसलमान, सीमापारका भारतीय मुसलमान
- ❖ कतिपय पाकिस्तानी,
- ❖ अन्य केही अझ शंकास्पद,
- ❖ यस आवरणमा नेपालको दक्षिणी सीमाक्षेत्र इस्लामी जेहादीहरूको आश्रयस्थल त बनिरहेको छैन ?

### धर्मनिरपेक्षताको भ्रमजाल

- ❖ एकल जातीय पहिचान, त्यहीं इशाई प्रचार अभियान तथा धर्मान्तरणबीच अन्तरसम्बन्ध
- ❖ जातीय आन्दोलनहरूलाई युरोपियन मुलुकहरूको अनुदान, नियोगहरूद्वारा धर्मान्तरणलाई प्रोत्साहन गरिने खालका मन्तव्य, वक्तव्य, कार्य
- ❖ नेपालको सम्पूर्ण बेथितिका पछाडि हिन्दु उपासना पद्धति, बौद्ध जीवन शैली र किराँत परम्पराको दोष भएझैं गरेर प्रचार
- ❖ त्यही प्रचारको भाषालाई नेपालका कतिपय राजनीतिक दलहरूले आफ्नो मूलमन्त्र बनाएका

**ऋणात्मक विषय, कुप्रथा छ्यानीछ्यानी प्रचार, असललाई खराब बनाएर प्रस्तुत**

- ❖ जातिप्रथा, अस्पृश्यता
- ❖ नारीमाथि दुर्व्यवहार, बालविवाह, गोमा ब्राह्मणीको कथा
- ❖ असललाई समेत खराब बनाएर प्रचार
- ❖ जस्तै नाग, काग, गाई, ढुंगा, माटो, नद नदी, पर्वत पहाड, समुद्रको पूजन

**एकताकोसूत्र**

हिन्दु, बौद्ध, किराँतबीचको अन्तरसम्बन्ध

- ❖ नेपाललाई परापूर्वदेखिको हिन्दु, बौद्ध, किरातबीचको अन्तरसम्बन्धले बचाएर, जोगाएर र जोडेर राखेको छ
- ❖ देशभर विस्तारित यहाँको बहुसख्यक हिन्दु समाजले नेपाललाई जोड्ने प्रमुख तत्वका रूपमा काम गरेको छ
- ❖ पूर्वलाई पश्चिमसँग र दक्षिणलाई उत्तरसँग यही हिन्दु समाजले जोडेको छ
- ❖ बौद्ध र किराँत समुदायसँग समरसतापूर्वक सांस्कृतिक आबद्धता कायम राख्ने यही हिन्दु समाज हो
- ❖ नेपालका विभिन्न जातजातिको स्वधर्म संस्कृतिसँग सहज अन्तर्क्रियाद्वारा स्थानीय सभ्यताको विकास र जगेर्ना गर्नमा पनि यही हिन्दु समाजले अहम् भूमिका निर्वाह गरिआएको छ
- ❖ हिन्दु समाज आफैं केन्द्रीकृत छैन, पन्थ स्वतन्त्रता यसको विशेषता हो, त्यसैले यो नेपालमा संघीयताको उत्प्रेरक पनि हो

**हिन्दु समाजको विशेषता : विविधताको व्यवस्थापन**

- ❖ वैष्णव, शैव र शाक्तहरू आआफ्ना बिम्बहरू आदान प्रदान गरेर बसेका
- ❖ द्वैत, अद्वैत, द्वैताद्वैतका आआफ्नै तर्क भए पनि परस्परमा समरसता कायम
- ❖ चातुर्वर्णवादी र वर्ण विरोधीबीच सामञ्जस्य र समन्वय
- ❖ ईश्वरवादी र अनिश्वरवादी दुबैबीच शास्त्रार्थ र तर्क वितर्कका बावजुद सहिष्णुता
- ❖ वैदिक, अवैदिकका बीच जतिसुकै शास्त्रीय विमति भए पनि परस्पर सहयोग
- ❖ वैकल्पिक र पृथक धार निर्माण गर्न गठित आर्य समाज र श्रीकृष्ण प्रणामीजस्ता सम्प्रदाय क्रमशः मूलधारमै आबद्ध

- ❖ बौद्ध र किराँतलाई आफू सरह मान्ने र तदनुरूप व्यवहार गर्ने, पारस्परिक सद्भाव
- ❖ नेपालका विभिन्न जातीय संस्कृति सापेक्ष हिन्दु जीवन पद्धतिको पुनः संरचना
- ❖ परापूर्वदेखि पहाडी र मधेसका भूभागमा बसेका मुसलमानहरूप्रति सौहार्द्रता

**मातृशक्तिको पूजन, नारीशक्तिको महिमा**

- ❖ कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा (श्रीमद्भगवद्गीता १०।३४॥)

  १. केही अपवादबाहेक प्रथम नारी

  २. देवी देवता, पहिला देवी अनि देवता

  ३. राधा कृष्ण, पहिला राधा अनि श्रीकृष्ण

  ४. सीता राम, पहिला सीता अनि राम
- ❖ नारी स्वतन्त्रता

स्वयंवर प्रथा,

प्रेमको सम्मान ( शिव-सतीदेवी, शिव-पार्वती, श्रीकृष्ण-रूक्मिणी, उषा-अनिरूद्ध)

**द्रष्टव्यः बालविवाह, नारीमाथि नियन्त्रण मुगलकालीन दुष्प्रभाव**

**पर्यावरणीय चेतना**

- ❖ प्रकृति र मानव अभिन्न
- ❖ पर्वत, नद नदी, वनस्पति, जलचर, थलचर ....पशुपंक्षीप्रति आदरभाव र तिनको संरक्षण
- ❖ प्राकृतिक सम्पदा अतिक्रमणलाई निरूत्साहित गरिएको
- ❖ पर्यावरणीय सन्तुलनको सार्वकालिक चेत

**जनस्वास्थ्य**

**मनस्वास्थ्य**

**शिक्षा-दीक्षा**

- ❖ योग (नियमित व्यायाम आसन, प्राणायाम, ध्यान)
- ❖ आयुर्वेद
- ❖ साक्षरता र शिक्षा (गुरूकुलीय परम्परा)
- ❖ अनुशासित जीवनशैली

**समग्र जीवन दर्शन**

❖ धर्म, अर्थ, काम, मोक्ष
❖ आश्रम ( ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ, संन्यास )
❖ ईश्वर / आत्मसाक्षात्कारका विविध किसिमका मार्ग
❖ प्रकृतिमैत्री जीवन
❖ समाज व्यवस्थापनका उपाय
❖ सृष्टि निरन्तरतामा आस्था

**आन्तरिक सुधारको आवश्यकता**

**आस्थाका केन्द्र : विशेष गरेर मठ मन्दिर**

❖ मन्दिर व्यवस्थापन :
❖ पण्डा, पुजारी, पुरोहितको श्रद्धालुहरूप्रति अमैत्रीपूर्ण व्यवहार (दक्षिणा र भेटीमुखी)
❖ यिनीहरूलाई लोकमैत्री हुने प्रशिक्षण आवश्यक

जसरी राज्यको दुर्व्यवहारबाट विद्रोही जन्मिन्छन्,
त्यसरी नै मन्दिरमा दुर्व्यवहार हुँदा धर्मान्तरण हुन्छ ॥

**सामाजिक जागरुकता, तत्परता**

❖ बाबा व्यापार र अनाचार
❖ छूवाछूत प्रथा
❖ हिन्दु, बौद्ध, किराँतविरूद्ध दुष्प्रचार

आन्तरिक सुधारका कार्यक्रम
राज्यको नीति निर्माण तहमा संवेदनशीलता

**संविधानमा के लेखिन्छ अब**

❖ सापेक्ष
❖ निरपेक्ष

उत्तम विकल्प
मौन
(हिन्दु, बौद्ध, किराँत नेपालका देशज आस्था भएको मान्यता आआफ्नो आस्थाको स्वतन्त्रता धर्मान्तरणमा निषेधात्मक व्यवस्था)

# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक

## संविधानमा धर्म

### विषयक

### अन्तरक्रियात्मक कार्यक्रम

२३ पौष, २०७१, बुधबार

आयोजक

**नेपाल-भारत सहयोग मञ्च**

काठमाडौं । नेपाल



# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक






# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक





# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक





# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक





# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक





# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक





# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक





# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक





# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक





# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक





# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक





# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक





# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक





# संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक





## संविधानमा धर्म विषयक अन्तरक्रियात्मक कार्यक्रमको एक झलक



